annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक १०२, पृष्ठ ८ | काठमाडौं, सोमबार २५ साउन २०८३ | श्रावण कृष्णपक्ष द्वादशी नेपाल संवत् ११४६ | MONDAY, AUGUST 10, 2026 | मूल्य : रु. १०

## इजरायली प्रधानमन्त्री नेतन्याहुद्वारा गाजा योजना अस्वीकार



**जेरुसेलम** (एजेन्सी): इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले गाजा योजना अस्वीकार गरेका छन्। जसकारण अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँगको उनको सम्बन्ध चिसिने सम्भावना बढेको छ। 'इजरायलले १५-बुँदे दस्तावेज अस्वीकार गर्छ', नेतन्याहुले मन्त्रीपरिषद बैठकमा भने, हमासलाई वास्तविक रूपमा नि:शस्त्र नगरेसम्म इजरायलले आफ्नो कुनै पनि सेना फिर्ता गर्ने छैन, र इजरायली सेना तथा नागरिकहरू विरुद्धका खतराहरूलाई रोक्ने अभियान जारी राख्नेछ।' तर, यो योजनालाई हमासले जुलाईको अन्त्यतिर स्वीकार गरेको थियो। गाजा योजनाअनुसार हमासले नवगठित प्यालेस्टिनी शासन निकायलाई हतियार बुझाउने बताएको थियो।

योजनाअनुसार इजरायलले नि:शस्त्रीकरणसँगै सेना फिर्ता सुरु गर्ने उल्लेख छ, जसको समयरेखालाई इजरायलले कडा विरोध गरेको थियो। अमेरिकी राष्ट्रपति ट्रम्पले गाजा सम्झौतालाई शान्तिका लागि महत्त्वपूर्ण उपलब्धि भनेका थिए। तर, नेतन्याहुले राष्ट्रपति ट्रम्पले सारेको उक्त योजनालाई अस्वीकार गर्ने बताएका हुन्। कुनै समय उनले राष्ट्रपति ट्रम्पलाई 'ह्वाइट हाउसमा इजरायलका 'सबैभन्दा सहयोगी मित्र' भनेर वर्णन गरेका थिए। शान्ति प्रस्तावबारे बोल्ने क्रममा नेतान्याहुले इजरायलले यसबारे अमेरिकासँग आपत्ति जनाइरहेको र सम्झौतालाई चुनौती दिन तयार रहने बताएका छन्। 'त्यहाँ उनीहरूका विचारहरू छन्, केही हामीलाई स्वीकार्य छन् र केही छैनन्।

हामी यस्ता विषयमा आफ्नो अडान राख्न जान्दछौं,' उनले भने। यता हमासले नयाँ नेता खलिल अल-हय्या चयन गरेको केही दिनपछि गाजा योजनालाई समर्थन गरेको घोषणा गरेको थियो। त्यसपछि हमासले नेतन्याहुलाई योजना स्वीकार गर्न दबाब दिन आग्रह गरेको छ।

'हामी मध्यस्थकर्ता र अमेरिकी प्रतिनिधिबाट नेतन्याहु र उनको सरकारलाई मार्गचित्र पालना गर्न र आन्तरिक राजनीतिक तथा चुनावी कारणले प्रक्रियामा बाधा नपुर्‍याउन दबाब दिनेमा अपेक्षा गर्छौं,' हमासको राजनीतिक ब्युरोका सदस्य बासेम नाइमले एएफपीसँग भने। हमासले एक विज्ञप्तिमा योजनाप्रति अझै प्रतिबद्ध रहेको बताएको छ। अमेरिकी राष्ट्रपति ट्रम्पले फेब्रुअरीको अन्त्यतिर नेतन्याहुसँग मिलेर इरानविरुद्ध युद्ध सुरु गरेका थिए। तर, जब यसले उनको लोकप्रियता घटाउन थाल्यो र तेलको मूल्य बढायो, तब ट्रम्पले युद्धविराम र त्यसपछिको समाधान खोज्दा दुई पक्षबीच मतभेद देखिएको थियो।

विश्लेषण

## डाक्टरमाथि बारम्बार आक्रमण किन ?




विस्तृत पृष्ठ २

डाक्टर किन कुटिन्छन् ? यो प्रश्नको उत्तर केवल 'आफन्त आवेगमा आएर' वा 'डाक्टरले गल्ती गरे' भन्ने दुई वाक्यमा सकिँदैन। किनभने प्रत्येक घटनापछि केही दिन सामाजिक सञ्जालमा बहस गर्छौं, आन्दोलन गर्छौं, विज्ञप्ति निकाल्छौं, सेवा बन्द गर्छौं। सम्झौता हुन्छ र फेरि केही समयपछि अर्को घटना दोहोरिन्छ। तर, समस्या यथावत् रहन्छ। त्यसैले यस विषयलाई अब भावनाले होइन, प्रमाणले, आरोपले होइन, विश्लेषणले र पक्षधरतालाई होइन, सत्यलाई आधार बनाएर हेर्न आवश्यक छ।

**डा. बालकृष्ण साह**

## कांग्रेस संस्थापन पक्ष महाधिवेशनको तीव्र तयारीमा

**राधा खनाल** | *काठमाडौं*

सर्वोच्च अदालतले विशेष महाधिवेशनसम्बन्धी यसअघि फैसलामा पुनरावलोकनको आदेश दिए पनि संस्थापन पक्षले पूर्वनिर्धारित मितिमै महाधिवेशनका लागि तयारी तीव्र पारेको छ। केन्द्रीय कार्यसमितिको आइतबारको बैठकमा सभापति गगन थापाले पार्टीको महाधिवेशन असोज १६ गते नै हुने र तयारी कार्य नरोकिने बताए। पार्टीको असन्तुष्ट पक्ष अदालत पुगेकाले अदालतमा पार्टीले प्रतिवाद गर्ने उनले बताए।

'हिजो विशेष महाधिवेशनको हलमा जे कुरा सत्य थियो, निर्वाचन आयोगमा जे सत्य थियो र अस्तिसम्म अदालतमा जे कुरा सत्य ठहरिएको थियो, त्यो अहिले पनि सत्य नै हुन्छ,' सभापति थापाले भने। आफूलाई तर्साएर वा दबाब दिएर विधानविपरीत निर्णय गराउन नसकिने उनले स्पष्ट गरे। 'तर्साएर चाहिँ म तर्सिन्नँ, दबाएर पनि म दब्दिनँ र फकाएर पनि फकिन्नँ,' थापाले भने, 'मलाई विधान थाहा छ, विधानको सीमा थाहा छ। विधानको सीमाभित्र म बस्छु।'

थापाले कांग्रेसको १५औं महाधिवेशन पूर्वनिर्धारित कार्यतालिकाअनुसार हुने भन्दै थापाले क्रियाशील सदस्यता अद्यावधिकका क्रममा छुटेका नेता तथा कार्यकर्तालाई पनि समेटिने बताए। क्रियाशील सदस्यतामा कुनै कैफियत रहेको भए त्यसबारे छानबिन गर्न सबैलाई विश्वास हुने समिति बनाउन सकिने उनले बताए। 'नयाँ पुस्ताका धेरै साथीहरू क्रियाशील सदस्यता लिएर पार्टीमा आएको' भन्दै थापाले उनीहरूलाई स्वागत गर्नुपर्ने बताए। 'क्रियाशील सदस्यता नलिएका पुराना समर्थक तथा शुभेच्छुकलाई पनि पार्टीमा जोड्नुपर्छ,' उनले भने।

सभापति थापाले विशेष महाधिवेशनमा सहभागी भएका र नभएका दुवै पक्षलाई समान रूपमा समेटेर अघि बढ्न आफूहरू तयार रहेको बताए। 'यो पार्टी विशेष महाधिवेशनमा भाग लिने साथीहरूको जति हो, भाग नलिने साथीहरूको पनि त्यति नै हो,' उनले भने, 'सबैको हक बराबर छ।' वरिष्ठ नेताहरूको योगदानको सम्मान गर्दै १५औं महाधिवेशनलाई निष्पक्ष बनाउने हाम्रो जिम्मेवारी हो। कांग्रेस चार पुस्ताको पार्टी हो सबै पुस्तालाई जोडेर अघि बढ्नुपर्छ। रुख ठूलो हुँदै जाँदा पातहरू फेरिन्छन्, तर रूखको जरा जस्ताको तस्तै रहन्छ।'

सभापति थापाले सातवटै प्रदेशमा कांग्रेस, नेकपा एमाले र नेकपा मिलेर संयुक्त सरकार बनाउने प्रस्ताव कांग्रेसले अस्वीकार गरेको बताए। कांग्रेस संघीय सरकारमा प्रमुख प्रतिपक्षको भूमिकामा रहेकाले सरकारलाई प्रश्न गर्ने र खबरदारी गर्ने जिम्मेवारी आफ्नो पार्टीको भएको भन्दै थापाले भने, 'यो सरकारलाई ठीक ठाउँमा ल्याउने जिम्मेवारी हाम्रो हो। किनभने संसद्मा प्रमुख प्रतिपक्षको भूमिकामा कांग्रेस छ।' राष्ट्रिय संकटका बेला कांग्रेस चुप लागेर बस्न नहुने भन्दै उनले पार्टीको न्यायिक, कानुनी र राजनीतिक लडाइँसँगै संगठन निर्माणलाई अघि बढाउने थापाले बताए।



'तर्साएरचाहिँ म तर्सिन्नँ, दबाएर पनि म दब्दिनँ र फकाएर पनि फकिन्न। मलाई विधान थाहा छ, विधानको सीमा थाहा छ। विधानको सीमाभित्र म बस्छु।'

**गगन थापा**, सभापति, नेपाली कांग्रेस

**मन्त्रीमा छोटे राजा शैली**

कांग्रेस सभापति थापाले सरकारका मन्त्रीहरूमा 'छोटे राजा'को शैली देखिन थालेको बताए। मन्त्री र सत्तापक्षका सांसदबाट आउने धम्कीपूर्ण अभिव्यक्ति तथा सरकारका गतिविधिले शासकीय शैलीमाथि प्रश्न उठेको उनले बताए। केन्द्रीय कार्यसमिति बैठकमा सभापति थापाले सरकारलाई विधि, संविधान र शक्ति पृथकीकरणको सीमाभित्र राख्न कांग्रेसले खबरदारी गर्नुपर्ने बताए।

थापाले भने, 'मन्त्रीले खुट्टा भाँचिदिन्छु भन्ने, प्रत्येक दिन सांसदले हप्काएको देख्न पाउँछौं। यो सरकार बरालिएको छ। यसलाई खबरदारी गरेर ठीक ठाउँमा ल्याउने काम हाम्रो हो।'

प्रधानमन्त्रीले सरकारलाई 'एक्सप्रेस गाडी' भनेको प्रसंग उल्लेख गर्दै थापाले गति बढाउन पाइए पनि संविधान र कानुनको सीमाभन्दा बाहिर जान नपाइने बताए। सरकारले कार्यपालिका, न्यायपालिका, संवैधानिक निकाय र संसद्को सीमालाई सम्मान गर्नुपर्ने भन्दै अगाडि भने, 'एक पटक भए संयोग हुन्छ, दुई पटक भए संयोग भन्न सकिन्छ। तर, पटक-पटक त्यही भएमा शासकीय शैलीमा प्रश्न उठ्छ। नेपाल अहिले शासकीय अराजकताबाट आक्रान्त भएको छ।'

सरकारले २०४६ सालपछिका नेताहरूको सम्पत्ति छानबिन गर्ने निर्णय गरे पनि आफ्नै मन्त्रीहरूको सम्पत्ति छानबिनसम्बन्धी प्रतिवेदन सार्वजनिक नगरेको भन्दै उनले प्रश्न गरे।

थापाले सरकार सामाजिक सञ्जालको लाइकको पछाडि दौडिरहेको टिप्पणी पनि गर्दै भने, 'सरकार गठन भएको पहिलो १०० दिनलाई कांग्रेसले हनिमुन पिरियडका रूपमा हेरेर सहयोग गरेको तर सरकारको गति ठीक नभएपछि प्रश्न उठाएको हो।'

थापाले २३ र २४ भदौ २०८२ को घटनाको प्रसंग जोड्दै कांग्रेसको गति र मतिमाथि यसअघि नै पटक-पटक प्रश्न उठ्दै आएको र २१ फागुन २०८२ को निर्वाचनमा मतदाताले कांग्रेसप्रति असन्तुष्टि ब्यालेटमार्फत व्यक्त गरिसकेको उल्लेख गर्दै भने, 'भदौ २३ र २४ को घटनाअघि सम्भावित जोखिमबारे पार्टी नेतृत्वलाई जानकारी गराइसकेका छौं। भदौ २०, २१ र २२ गते म विश्वप्रकाश शर्मा दाइलगायतका नेताहरूसँग छलफलमा रहेको र सामाजिक सञ्जाल बन्द नगर्न तथा थप गल्ती नगर्न आग्रह गरेका थियौं।' 'भदौ २४ गते मेरो घरमा आगजनी भएको थियो र परिवारसहित आफन्तको आश्रयमा बस्नु परेको थियो।'

## रंगुनले उजाडेको सिमलखेत



**शिवराज भट्ट** | *डडेलधुरा*

डडेलधुराको परशुराम-६ सिमलखेतका गोरे थापा हाल घरबारविहीन भएका छन्। रंगुन नदीले उनको १५ रोपनी जग्गा बगर बनाई दिएपछि उनी घरबारविहीन भएका हुन्। उनी अहिले सोही वडाको बैजनाथ सामुदायिक वन छेउको सडक किनारमा अस्थायी बसोबास गरिरहेका छन्। गोरे थापाका बुवा कालुसिंह थापा ४ छोरासहित २०३६ सालमा सिमलखेत झरेका हुन्। अछामको हाल साँफेबगर नगरपालिका-६ पाटलकोटबाट कालुसिंह सिमलखेत झरेका हुन्। वर्षको ३ महिना पनि खाने अन्न उब्जनी नहुने भएपछि कालुसिंह परिवारसहित डडेलधुराको भित्री मधेस क्षेत्रमा बसाई सरेका हुन्। २०६४ सालमा आएको बाढीले रंगुन नदी छेउको १५ रोपनी लालपुर्जावाला जग्गा बगर बनाई दिएपछि उनी अहिले घरबारविहीन भएका हुन्।

» बाँकी पृष्ठ ६

## ब्रोड पिकमा बिलाए निम्स दाइ, म्याग्दीमा फैलिँदै 'निम्सपुर्जाई'

**नितु घले** | *काठमाडौं*

जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण र हिमाल संरक्षणका क्षेत्रमा सचेतना जगाइरहेका विश्वविख्यात आरोही निर्मल पुर्जाको नाममा वनस्पतिको नाम राखिएको थियो, 'निम्सपुर्जाई'।

वनस्पतिविज्ञ तथा अनुसन्धानकर्ता भक्तबहादुर रास्कोटी र रीता आलेले तिउरी जातको वनस्पति म्याग्दी जिल्लामा भेटाएका थिए। त्यसपछि उनीहरूले पुर्जाको सम्मानस्वरूप उक्त वनस्पतिको नाम 'निम्सपुर्जाई' राखेका थिए। तर, पाकिस्तानको ब्रोड पिक हिमाल आरोहणका क्रममा हिमपहिरोमा परी पुर्जाको निधन भएपछि वनस्पतिविज्ञ रास्कोटीले पर्यावरणका क्षेत्रमा नराम्ररी क्षति पुगेको बताएका छन्।

हिमाल संरक्षण र वातावरणकाक्षेत्रमा पुर्जाले गरेका साना-साना अभियान पनि प्रभावकारी र अर्थपूर्ण हुने प्रतिक्रिया दिए। रास्कोटीका अनुसार अनुसन्धानका क्रममा पत्ता लागेका नयाँ तथ्यहरूको नामकरण गर्दा कसैलाई समर्पण गर्न सकिन्छ। कतिपयले प्रख्यात व्यक्तिहरूको नाम राख्छन्, कसैले योगदानको आधारमा नामकरण गर्छन्। 'पुर्जा हिमालको






पर्यावरण संरक्षण गर्ने एउटा डेडिकेटेड आरोही हुनुहुन्थ्यो। उहाँले जलवायु परिवर्तनका बारेमा सचेतना जगाउने कार्यक्रमहरू गर्नुभएको छ,' रास्कोटीले भने, 'विश्वव्यापी रूपमा जलवायु परिवर्तन न्यूनीकरणका लागि उहाँका काम प्रभावकारी छन्। त्यसैले उहाँको सम्मानमा यो नाम राख्न जुरेको थियो।'

ढोरपाटन जाने बाटोमा भेटिएको तिउरी जातको यस प्रजातिको वैज्ञानिक नाम इम्प्याटियन्स निम्सपुर्जाई हो। यो प्रजाति सन् २०२२ मा अनुसन्धानका क्रममा रास्कोटीले भेटाएका थिए।

वनस्पतिविज्ञ कमल मादेनले सन् १७४८ देखि नै यसरी कसैको सम्मानमा वनस्पतिको नामकरण गर्ने चलन विश्वमा सुरु भएको बताए। नेपालमा पनि थुप्रै वैज्ञानिक, अनुसन्धानकर्ताहरूको नाममा वनस्पतिको नाम दिइएको छ। नाम राख्दा वनस्पतिको वैज्ञानिक नाम र प्रजाति दुईवटा जोडेर नाम राखिन्छ। वनस्पतिविज्ञ रास्कोटी र आलेको अनुसन्धानले म्याग्दी जिल्लाको २८०० देखि २९०० मिटर उचाइमा तिउरी फूलअन्तर्गत एउटा प्रजाति फेला पारेको मादेनले बताए।

» बाँकी पृष्ठ ६

# डाक्टरमाथि आक्रमण : व्यक्तिगत कमजोरी कि प्रणालीगत संकट ?

डा. बालकृष्ण साह

**विश्लेषण**

जीवन बचाउने अस्पताल नै स्वास्थ्यकर्मीका लागि जोखिमपूर्ण बन्दै गएका छन्। पछिल्लो समय बिरामीको उपचारका क्रममा उत्पन्न असन्तोषदेखि सामान्य विवादसम्मका निहुँमा चिकित्सक र नर्समाथि ज्यानै लिने गरी आक्रमण र अस्पताल तोडफोडका घटना शृंखलाबद्ध रूपमा बढेका छन्। साउन महिनाभित्रै घटेका तीन प्रतिनिधि घटनाले मुलुकको स्वास्थ्य क्षेत्र कति असुरक्षित छ भन्ने डरलाग्दो चित्र प्रस्तुत गरेको छ।

साउन ८ गते राति नारायणी अस्पतालमा मुटुको समस्या (म्यासिव मायोकार्डियल इन्फ्राक्सन) आएका बिमारीको उपचारका क्रममा मृत्यु भएपछि आक्रोशित आफन्तको समूहले ड्युटीमा रहेका डा. प्रमोद राममाथि निर्घात कुटपिट गरे। उत्तेजित भीडले अस्पतालका भौतिक संरचनामा समेत व्यापक तोडफोड गर्‍यो। घाइते चिकित्सकको न्याय र अस्पतालको सुरक्षाको माग गर्दै नेपाल चिकित्सक संघले देशभर आकस्मिक बाहेकका सेवा ठप्प पारी आन्दोलन घोषणा गर्‍यो। साउन १३ गते सरकार र संघबीच सुरक्षाको ग्यारेन्टीसहित पाँचबुँदे सहमति भएपछि मात्रै आन्दोलन फिर्ता भएको थियो।

तर, सोही साउन १३ गते वीरगन्जको घटनाको मसी नसुक्दै भक्तपुर अस्पतालमा अर्को हिंसात्मक घटना दोहोरियो। ८२ वर्षीय बिरामीलाई आईसीयूमा पुन: भर्ना गर्ने विषयमा उत्पन्न विवादपछि बिरामीका आफन्तले आईसीयू र आकस्मिक कक्षमा तोडफोड गरे। सोही क्रममा उत्तेजित समूहले ड्युटीमा खटिएका स्वास्थ्यकर्मीमाथि उपचारमा प्रयोग हुने 'कैंची' प्रहार गर्दा स्वास्थ्यकर्मीको हातमा गम्भीर चोट लाग्यो। प्रहरीले घटनामा संलग्नलाई नियन्त्रणमा लिएर 'स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी कसुर' मा अनुसन्धान अघि बढाएको छ।

यो घटना सामान्य हुन नपाउँदै ३ दिन अगाडि (साउन २२ गते) विकट कालीकोटको पलाँता अस्पतालमा भने घटना झनै अचम्मको बन्यो। उपचार नपाएको होइन, अस्पताल परिसरमा मोबाइल गेम खेल्न नदिएको सामान्य निहुँमा मेडिकल अधिकृत डा. अली हैदर रैन र स्टाफ नर्स शान्ता गिरीमाथि कुटपिट गरे। उक्त समूहले सोही राति पुन: अस्पतालमा छिरेर फार्मेसी, ओपीडी कक्षका साथै डाक्टरहरूको आवासगृह (क्वार्टर) मा समेत व्यापक तोडफोड र आक्रमण गर्‍यो, जसले गर्दा स्वास्थ्यकर्मीहरू रातभर ज्यान जोगाउन भाग्नुपर्ने स्थिति सिर्जना भयो।

एकजना चिकित्सक रातभर आकस्मिक कक्षमा बिरामीको उपचारमा व्यस्त हुन्छन्। बिहानको उज्यालोसँगै एउटा बिरामीको मृत्यु हुन्छ। केही मिनेटमै अस्पताल परिसर तनावग्रस्त बन्छ। आफन्तको रुवाबासी आक्रोशमा बदलिन्छ। सामाजिक सञ्जालमा 'डाक्टरको लापरबाही' भन्ने आरोप फैलिन्छ। केहीबेरमै चिकित्सक कुटिन्छन्, अस्पताल तोडफोड हुन्छ, सेवा बन्द हुन्छ। र, अर्को गम्भीर बिरामी उपचार नपाएर अर्को अस्पतालतिर भौंतारिन्छ।

पछिल्ला वर्षहरूमा नेपालका विभिन्न अस्पतालमा यस्ता घटना बारम्बार दोहोरिएका छन्। चिकित्सकमाथि हातपात, धम्की, घेराउ, अभद्र व्यवहार र अस्पताल तोडफोडका घटनाले स्वास्थ्य क्षेत्रलाई गम्भीर असुरक्षातर्फ धकेलेका छन्। नेपाल चिकित्सक संघले पछिल्ला १० महिनामा करिब ९० जना चिकित्सक कुटिएको दाबी गरेको छ। संख्या विवादको विषय हुन सक्छ, तर समस्या वास्तविक छ भन्नेमा विवाद छैन।

यहीं एउटा कठिन प्रश्न उठ्छ, डाक्टर किन कुटिन्छ ? यो प्रश्नको उत्तर केवल 'आफन्त आवेगमा आए' वा 'डाक्टरले गल्ती गरे' भन्ने दुई वाक्यमा सकिँदैन। यदि त्यसरी हेर्ने हो भने हामी प्रत्येक घटनापछि केही दिन सामाजिक सञ्जालमा बहस गर्छौं, आन्दोलन गर्छौं, विज्ञप्ति निकाल्छौं, सेवा बन्द गर्छौं। सम्झौता हुन्छ र फेरि केही समयपछि अर्को घटना दोहोरिन्छ। समस्या यथावत् रहन्छ। त्यसैले यस विषयलाई भावनाले होइन, प्रमाणले, आरोपले होइन, विश्लेषणले र पक्षधरतालाई होइन, सत्यलाई आधार बनाएर हेर्न आवश्यक छ।

**हिंसा केवल व्यक्तिमाथि होइन, प्रणालीमाथिको संकेत हो**

कुनै पनि सार्वजनिक संस्थाभित्र बारम्बार एउटै प्रकारको हिंसा दोहोरिन्छ भने समस्या व्यक्तिभन्दा ठूलो हुन्छ भन्ने समाजशास्त्रको मान्यता छ। त्यो संस्थाको संरचना, शासन, संस्कार र उत्तरदायित्वसँग जोडिएको हुन्छ। नेपालमा चिकित्सकमाथिको हिंसा पनि यस्तै संकेत हो। एउटै अस्पतालमा वर्षौंसम्म हजारौं बिरामी उपचार भएर घर फर्किन्छन्। तर, त्यही अस्पतालमा कुनै एउटा घटनापछि हिंसा हुन्छ भने त्यसलाई केवल चिकित्सकको नैतिकता वा आफन्तको आवेगले मात्र व्याख्या गर्न सकिँदैन। त्यहाँ स्वास्थ्य प्रणाली, अस्पताल व्यवस्थापन, सञ्चार, कानुनी संयन्त्र, सामाजिक मनोविज्ञान र राजनीतिक संस्कृतिको संयुक्त प्रभाव हुन्छ। नेपालमा चिकित्सकमाथिको हिंसा व्यक्तिगत असफलताभन्दा धेरै हदसम्म प्रणालीगत असफलताको परिणाम हो। तर, प्रणालीगत समस्या भन्नु चिकित्सक, अस्पताल वा राज्यमध्ये कसैलाई जिम्मेवारीबाट मुक्त गर्नु होइन। बरु सबै पक्षको जिम्मेवारी पहिचान गर्नु हो।

**नेपालमा समस्या कति गम्भीर छ ?**

नेपालमा कार्यस्थल हिंसाबारे अनुसन्धान अझै सीमित भए पनि उपलब्ध अध्ययनहरूले चिन्ताजनक अवस्था देखाएका छन्। नेपाल हेल्थ रिसर्च काउन्सिलमा प्रकासित डा. वर्ष मानन्धरका टिम र डा. विपल्भ अधिकारीका टिमले गरेका छुट्टाछुट्टै अध्ययनहरूले करिब आधादेखि दुई-तिहाइ चिकित्सकले आफ्नो पेसागत जीवनमा कुनै न कुनै प्रकारको हिंसा अनुभव गरेको उल्लेख गरेका छन्। सबैभन्दा सामान्य हिंसा मौखिक दुर्व्यवहार हो।

त्यसपछि धम्की, धकेलाधकेल, शारीरिक आक्रमण र अस्पताल तोडफोडका घटनाहरू छन्। अधिकांश घटनामा आक्रमणकारी बिरामीका आफन्तहरू देखिएका छन्। र, धेरैजसो घटना आकस्मिक कक्ष, आईसीयू (सघन उपचार कक्ष), प्रसूति कक्ष, शल्यचिकित्सा कक्ष तथा गम्भीर अवस्थाका बिरामीको उपचार हुने विभागमा केन्द्रित हुन्छन्। अर्थात् 'जति बढी जोखिमयुक्त सेवा, त्यति बढी हिंसाको सम्भावना' रहन्छ। यसले चिकित्सकको व्यक्तिगत चरित्रभन्दा पनि उपचारको प्रकृतिसँग सम्बन्धित जोखिमलाई देखाउँछ।

**विश्वमा पनि यस्तै समस्या छ ?**

विश्व स्वास्थ्य संगठनले स्वास्थ्यकर्मीमाथिको हिंसालाई विश्वव्यापी सार्वजनिक स्वास्थ्य चुनौती मानेको छ। अधिकांश देशहरूमा चिकित्सक, नर्स र अन्य स्वास्थ्यकर्मीले मौखिक तथा शारीरिक हिंसा भोग्ने गरेका छन्। अधिकांश विकसित मुलुकमा हिंसा भए तुरुन्तै प्रहरी, अस्पताल प्रशासन र कानुनी प्रक्रियामा सक्रिय हुन्छन्। घटनाको अनुसन्धान हुन्छ, दोषीमाथि कडा कारबाही हुन्छ, र त्यस अवधिमा पनि स्वास्थ्य सेवा निरन्तर चलिरहन्छ।

नेपालमा भने अधिकांश घटनामा पहिले भीड जम्मा हुन्छ, चिकित्सकमाथि हातपात हुन्छ, अस्पताल घेरिन्छ र सेवा बन्द हुन्छ। चिकित्सक तथा स्वास्थ्यकर्मीहरू आन्दोलनमा उत्रन्छन्। अनि मात्र कानुनी प्रक्रिया सुरु हुन्छ। अर्थात कानुनभन्दा भीड प्रभावकारी छ र दण्डहीनताको संस्कृति बलियो छ।

**चिकित्सक नै किन लक्ष्य बन्छन् ?**

बिरामीको मृत्यु हुँदामात्र होइन। गम्भीर बिमारीले बेड नपाउँदा, आईसीयूमा बेड खाली नहुँदा, ब्लड बैंकमा रगत उपलब्ध नहुँदा, फार्मेसीमा औषधि नपाउँदा, सिटीस्क्यान बिग्रिँदा वा कुनै परीक्षण गर्न नपाउँदा र एम्बुलेन्स ढिलो पुगे पनि चिकित्सकमाथि दुर्व्यवहार तथा कुटपिटका घटना हुन्छन्। तर, यी सबै समस्याको प्रत्यक्ष कारण चिकित्सक होइनन्।

बिरामीको परिवारले यी सबै प्रणालीगत कमजोरीलाई छुट्याएर हेर्न सक्दैनन्। अर्थात् स्वास्थ्य प्रणालीको असफलताको प्रतिनिधि अनुहार चिकित्सक बन्छ। यसलाई समाजशास्त्रमा दृश्य (भिजिवल) जवाफदेहिताको समस्या भनिन्छ। त्यसैले चिकित्सकमाथिको हिंसालाई केवल 'व्यक्तिगत विवाद' भनेर बुझ्नु गलत हुन्छ।

कुनै पुल भत्कियो भने इन्जिनियरलाई निर्माणस्थलमै कुटिएको समाचार विरलै सुनिन्छ। एउटा मुद्दा हारियो भने वकिलमाथि अदालत परिसरमै भीडले आक्रमण गरेको प्राय: देखिँदैन। विद्यार्थी अनुत्तीर्ण हुँदा शिक्षकमाथि विद्यालयमै संगठित हमला सामान्य घटना होइन। तर, बिरामीको मृत्यु वा उपचारमा जटिलता आयो भने चिकित्सकमाथि हातपात, अस्पताल तोडफोड वा घेराउको घटना नेपालमा बारम्बार दोहोरिरहेको छ।

त्यसैले चिकित्सक तथा स्वास्थ्यकर्मीहरू माथिको आक्रमणको उत्तर केवल स्वास्थ्य क्षेत्रभित्र खोजेर पुग्दैन। यसको उत्तर समाजशास्त्र, मनोविज्ञान र राज्यको संरचनामा पनि खोज्नुपर्छ। चिकित्सक दु:खको अन्तिम साक्षी हुन्छ। मानिसहरूले आफ्नो जीवनको सबैभन्दा कठिन क्षण अस्पतालमा बिताउँछन्। त्यहाँ आशा र निराशा, जीवन र मृत्यु, सफलता र असफलता, सबै केही केही घण्टामै बदलिन सक्छ। जब मृत्यु हुन्छ, शोकले तर्कलाई कमजोर बनाउँछ।

मनोविज्ञानले यसलाई 'सर्च फर ब्लेम' अर्थात् दोषी खोज्ने स्वाभाविक मानवीय प्रवृत्ति भन्छ। त्यसबेला सबैभन्दा नजिक उभिएको व्यक्ति चिकित्सक हुन्छ। र, दोष चिकित्सकलाई लगाउँछन्।

उपचारको समयमा चिकित्सक राज्यको अनुहार बन्छ। बिरामीले औषधि नपाउनु, आईसीयूमा बेड नपाउनु, रगत अभाव हुनु, उपकरण बिग्रिनु, जनशक्ति कम हुनु जस्ता समस्याहरू राज्य र स्वास्थ्य प्रणालीका हुन्। तर, ती समस्याहरूको सामना गर्ने व्यक्ति चिकित्सक हुन्छ। यसरी चिकित्सकले आफ्नै निर्णयको मात्र होइन, सम्पूर्ण प्रणालीको असफलताको भार पनि बोकेको हुन्छ। त्यस्तै धेरै पेसामा गल्तीको असर महिनौं वा वर्षौंपछि देखिन्छ। तर, चिकित्सामा परिणाम तत्काल देखिन्छ। बिरामी बाँच्यो वा बाँचेन। यही तत्काल देखिने परिणामले भावनात्मक प्रतिक्रिया पनि तत्काल उत्पन्न गर्छ।

चिकित्सासम्बन्धी निर्णयहरू जटिल हुन्छन्। परिवारले उपचारको सबै वैज्ञानिक पक्ष बुझ्न सक्दैन। जहाँ जानकारी कम हुन्छ, त्यहाँ शंका बढ्छ। जहाँ शंका बढ्छ, त्यहाँ अफवाह फैलिन सजिलो हुन्छ। र मृत्युसँग मानवीय संवेदना जोडिन्छ। अनि सामाजिक सञ्जालमा मृत्युको एउटा भिडियोले अनुसन्धानभन्दा छिटो फैसला सुनाइदिन्छ। घटना भएको केही मिनेटमै 'लापरबाही', 'हत्यारा', 'ठगी' जस्ता शब्दहरू फैलिन्छन्। यसले भीडलाई भावनात्मक रूपमा उक्साउँछ। र यसले चिकित्सकमाथिको हिंसा बढाएको देखिन्छ।

नेपाली समाजमा चिकित्सकलाई कहिले 'भगवान्' भन्छन्, कहिले 'व्यापारी' बनाइदिन्छन्। यी दुवै अतिवादी दृष्टिकोण हुन्। चिकित्सक न त चमत्कार गर्न सक्ने देवता हुन्, न प्रत्येक असफल परिणामका दोषी हुन्। उनीहरू पनि सीमित स्रोत, सीमित ज्ञान र अनिश्चित जैविक प्रक्रियाबीच निर्णय गर्ने मानिस नै हुन्। जब समाजले चिकित्सालाई विज्ञानभन्दा चमत्कारका रूपमा बुझ्छ, तब असफलतापछि आक्रोश बढ्छ।

र, सबैभन्दा महत्त्वपूर्ण सत्य स्वास्थ्य सेवा केवल औषधि, शल्यक्रिया वा प्रविधिमा आधारित हुँदैन। यसको आधार विश्वास हो। बिरामीले आफ्नो शरीर चिकित्सकलाई किन सुम्पिन्छ ? किनभने उसले विश्वास गर्छ। चिकित्सकले पनि बिरामीको हितमा निर्णय गर्छन्, किनभने उनीहरू पेसागत नैतिकतामा विश्वास गर्छन्। जब यही विश्वास कमजोर हुन थाल्छ, तब प्रत्येक जटिलता शंकाको विषय बन्छ, प्रत्येक मृत्यु आरोपको विषय बन्छ, र प्रत्येक चिकित्सक सम्भावित दोषीको रूपमा हेरिन थाल्छ।

त्यसैले चिकित्सकमाथिको हिंसाको सबैभन्दा ठूलो क्षति एउटा व्यक्तिको चोट होइन। यसले समाज र स्वास्थ्य प्रणालीबीचको विश्वासलाई घाइते बनाउँछ।

**समस्या कहाँ छ ?**

चिकित्सक तथा स्वास्थ्यकर्मीमाथिको हिंसालाई बुझ्न 'स्वीस् चिज मोडेल' सिद्धान्त उपयोगी हुन्छ। बिरामी सुरक्षाको क्षेत्रमा प्रसिद्ध यो सिद्धान्तले भन्छ कि कुनै पनि दुर्घटना वा संकट एउटै गल्तीले होइन, धेरै तहका कमजोरीहरू एकै ठाउँमा मिल्दा हुन्छ। प्रत्येक तहमा केही 'प्वाल' हुन्छन्। ती प्वालहरू एउटै रेखामा पर्दा दुर्घटना हुन्छ।

नेपालमा चिकित्सकमाथिको हिंसा पनि यही ढाँचामा विकसित भएको देखिन्छ। बिरामीको मृत्यु वा जटिलता अन्तिम घटना मात्र हो, त्यसअघिदेखि धेरै तहमा समस्या जम्मा भइरहेका हुन्छन्।

**के कानुनको अभाव हो कि कार्यान्वयनको कमजोरी ?**

हरेक हिंसात्मक घटनापछि एउटै प्रश्न उठ्छ, 'कडा कानुन बनाउनुपर्छ।' तर अर्को प्रश्न पनि त्यत्तिकै महत्त्वपूर्ण छ, भएका कानुनको कार्यान्वयन कत्तिको प्रभावकारी छ ? नेपालमा स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन लागु छ। यस ऐनको उद्देश्य स्वास्थ्य सेवालाई नियमित, भरपर्दो, मर्यादित र प्रभावकारी बनाउन तथा स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थाको सुरक्षा सुनिश्चित गर्नु हो। यसका लागि स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी नियमावली, २०६९ समेत जारी गरिएको छ। पछि २०७८ मा पहिलो संशोधन अध्यादेशमार्फत स्वास्थ्यकर्मीमाथिको हिंसाविरुद्धका व्यवस्थालाई थप सुदृढ बनाउने प्रयास गरिएको थियो।

यसैले नेपालको समस्या कानुनको अभाव होइन, कानुनको प्रभावकारी कार्यान्वयनको अभाव हो। हरेक चर्चित घटनापछि चिकित्सक संगठनले आन्दोलन गर्छ, सरकार वार्तामा बस्छ, दोषीमाथि कारबाहीको प्रतिबद्धता व्यक्त हुन्छ। तर, केही समयपछि फेरि उस्तै घटना दोहोरिन्छ। यसले एउटा गम्भीर प्रश्न उठाउँछ, यदि कानुन छ भने हिंसा किन रोकिएन ?

यसका केही प्रमुख कारण देखिन्छन्। पहिलो, घटनापछि तुरुन्त र निष्पक्ष अनुसन्धान तथा अभियोजन हुन नसक्नु। दोस्रो, राजनीतिक वा स्थानीय दबाबका कारण कानुनी प्रक्रिया कमजोर हुनु। तेस्रो, कतिपय अस्पताल स्वयंले घटनालाई औपचारिक रूपमा कानुनी प्रक्रियामा लैजान हिच्किचाउनु। चौथो, स्वास्थ्य संस्था, प्रहरी, सरकारी वकिल र अदालतबीच प्रभावकारी समन्वयको अभाव। पाँचौं, प्रत्येक घटनाको निष्पक्ष मेडिकल समिक्षा र फौजदारी अनुसन्धानलाई समानान्तर रूपमा सञ्चालन गर्ने संस्थागत संयन्त्र नहुनु। यसले दण्डहीनताको मनोविज्ञान विकास गर्छ। समाजले 'आक्रमण गरे पनि केही हुँदैन' भन्ने सन्देश पाउँछ। र हिंसा पुन: दोहोरिन्छ।

हो, कानुनले स्वास्थ्यकर्मीलाई सुरक्षा दिन्छ भने त्यही कानुनी राज्यले बिरामीलाई पनि न्याय दिनुपर्छ। यदि वास्तविक चिकित्सकीय लापरबाही भएको छ भने त्यसको निष्पक्ष अनुसन्धान, विशेषज्ञ मूल्यांकन र कानुनी कारबाही पनि उत्तिकै आवश्यक छ। न निर्दोष चिकित्सकलाई भीडको न्याय स्वीकार्य हुन सक्छ, न वास्तविक लापरबाहीलाई पेशागत संरक्षण गरिनुपर्छ। सभ्य समाजको आधार भनेकै हिंसालाई शून्य सहनशीलता, तर सत्यको निष्पक्ष अनुसन्धान हुनु हो।

**हिंसाको सबैभन्दा ठूलो मूल्य कसले तिर्छ ?**

समान्यतया: 'डाक्टर कुटियो, पीडित डाक्टर भयो' जस्तो धेरैलाई लाग्ला। तर, यसको असर त्यतिमै सीमित हुँदैन। तर, हरेक घटनापछि उपचार सेवा बन्द हुन्छ। स्वास्थ्यकर्मीहरू त्रासमा काम गर्न बाध्य हुन्छन्। अनि जटिल बिरामी हेर्न चिकित्सकहरू हिच्किचाउन थाल्छन्।

यस्ता घटनाहरूले चिकित्सकको निर्णय प्रक्रियामा पनि परिवर्तन आउँछ। चिकित्सकहरू आवश्यकभन्दा धेरै परीक्षण लेख्न बाध्य हुन्छन्। जोखिमयुक्त बिरामीलाई उपचार गर्ने भन्दा तुरुन्त रेफर गर्नु सुरक्षित ठान्ने हुन्छ। जटिल शल्यक्रिया गर्न नचाहने तथा गम्भीर बिरामीको जिम्मेवारी लिन डराउने हुन्छ। यसलाई 'डिफेन्स मेडिसिन' भनिन्छ। यसले उपचारको लागत बढाउँछ, स्वास्थ्य प्रणालीको दक्षता घटाउँछ र अन्तत: बिरामीलाई नै अतिरिक्त आर्थिक तथा स्वास्थ्य भार पर्छ। अहिले असुरक्षित कार्यस्थल (अस्पताल) का कारण पनि नेपाली चिकित्सकहरू विदेश जान बाध्य भएका छन्।

**अन्तर्राष्ट्रिय अनुभव- विश्वले के सिक्यो ?**

चिकित्सकमाथिको हिंसा नेपालमा मात्र सीमित समस्या होइन। विश्व स्वास्थ्य संगठन (डब्लूएचओ), अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ), अन्तराष्ट्रिय नर्सिङ काउन्सिल (आईसीएन) तथा पब्लिक सर्भिस इन्टरनेसनल (पीएसआई) ले स्वास्थ्यकर्मीहरूमाथिको हिंसालाई विश्वव्यापी सार्वजनिक स्वास्थ्य चुनौतीका रूपमा स्वीकार गरेका छन्। डब्लूएचओका अनुसार स्वास्थ्यकर्मीहरू अन्य धेरै पेसाकर्मीको तुलनामा कार्यस्थल हिंसाको उच्च जोखिममा हुन्छन्। विशेषगरी आकस्मिक कक्ष, मानसिक स्वास्थ्य सेवा, प्रसूति सेवा, सघन उपचार कक्ष तथा एम्बुलेन्स सेवामा कार्यरत स्वास्थ्यकर्मीहरू बढी जोखिममा छन्।

बेलायतको नेसनल हेल्थ सिर्भस (एनएचएस) ले स्वास्थ्यकर्मीमाथिको हिंसाविरुद्ध 'जिरो टोलेरेन्स' निति लागू गरेको छ। बिरामी वा आफन्तबाट हुने शारीरिक आक्रमण, धम्की, जातीय वा लैंगिक दुर्व्यवहार र कार्य अवरोधलाई सामान्य व्यवहारका रूपमा स्वीकार गरिँदैन। अष्ट्रेलियाका धेरै अस्पतालले चिकित्सक र नर्सका लागि 'डि-इस्केल्यासन' तालिम अनिवार्य गरेका छन्। सम्भावित हिंसात्मक अवस्थालाई कसरी शान्त बनाउने, कसरी सुरक्षित रूपमा संवाद गर्ने, र कसरी टोलीगत रूपमा प्रतिक्रिया दिने भन्ने तालिम नियमित रूपमा दिइन्छ। यसका साथै त्यहाका धेरै अस्पतालमा आकस्मिक साइरन, सुरक्षित परामर्श कक्ष, र उच्च जोखिम भएका बिरामीका लागि विशेष सुरक्षा प्रोटोकल छन्।

भारतका केही राज्यहरूले चिकित्सकमाथिको हिंसाविरुद्ध विशेष कानुन बनाएका छन्। अमेरिकामा विशेषगरी आकस्मिक कक्ष र मानसिक स्वास्थ्य सेवामा कार्यरत स्वास्थ्यकर्मीहरू कार्यस्थल हिंसाको उच्च जोखिममा छन्। धेरै अस्पतालले हिंसाको जोखिम मूल्यांकन, कर्मचारी प्रशिक्षण, सुरक्षा प्रविधि र घटना प्रतिवेदन प्रणालीलाई संस्थागत गरेका छन्।



फाइल फोटो

## समाधान कसरी गर्ने ?

नेपालको आफ्नै र अन्तर्राष्ट्रिय अनुभवबाट सिकेर सामाजिक, आर्थिक र प्रशासनिक सन्दर्भअनुसार बहुआयामिक रणनीति विकास गर्न आवश्यक छ। सरकारले चिकित्सक तथा स्वास्थ्यकर्मी माथिको हिंसामा शून्य सहनशीलताको नीति अपनाउने, कानुनको छिटो र निष्पक्ष कार्यान्वयन गर्ने, प्रत्येक प्रदेशमा स्वतन्त्र चिकित्सकिय घटना छानविन समिति (मेडिकल इन्सिडेन्ट रिभिउ कमिटी) गठन गर्ने, स्वास्थ्य क्षेत्रमा सुरक्षा मापदण्ड अनिवार्य गर्ने र स्वास्थ्य क्षेत्रमा लगानी तथा जनशक्ति वृद्धि तत्काल गर्नुपर्छ।

त्यस्तै, हरेक अस्पतालले अनिवार्य रूपमा बिमारी सहयाता वा परामर्श कक्ष स्थापना गर्ने, बिमारीका गुनासो सुन्ने प्रणाली, आपतकालीन सञ्चार, सीसीटीभी तथा सुरक्ष प्रणाली र जोखिम कक्ष (आकास्मिक, शल्यकक्ष, आईसीयू आदि) मा विशेष सुरक्षा प्रणाली कायम गर्नुपर्छ। हरेक चिकित्सकले बिमारी र उनका आफन्तसँग सम्यमित व्यवहार, पूर्ण परामर्श, चिकित्सकीय कागजात तथा मञ्जुरीनामालाई प्राथमिकतामा राख्नुपर्छ। बिरामीसँग सहानुभूतिपूर्ण व्यवहारलाई संस्थागत गर्नुपर्छ।

सरकार, अस्पताल र चिकित्सक वा स्वास्थ्यकर्मीहरू मात्र होइन समाजमा पनि परिवर्तन आवश्यक छ। समाजमा स्वास्थ्य साक्षरता अभियान चलाउनुपर्छ। मिडियाबाट बिना कुनै अनुसन्धान नै दोषी घोषणा गर्ने अभ्यासलाई रोक्नुपर्छ। राजनीतिक दलले अस्पताललाई अनावश्यक दबाब दिने थलो नबनाउने प्रतिबद्धता गर्नुपर्छ। नागरिकले विवादको समाधान कानुनी प्रक्रियाबाट खोज्ने संस्कारको विकास गर्नुपर्छ। चिकित्सक र बिरामीबीच विश्वास पुनर्निर्माण गर्ने राष्ट्रिय अभियान अगाडि बढाउनुपर्छ।

चिकित्सकमाथिको हिंसाको एउटै कारण छैन। यो स्वास्थ्य प्रणाली, सामाजिक मनोविज्ञान, कमजोर सञ्चार, दण्डहीनता, राजनीतिक संस्कार, अस्पताल व्यवस्थापन र कहिलेकाहीँ चिकित्सकीय व्यवहारका कमजोरीहरूको संयुक्त परिणाम हो। त्यसैले समाधान पनि एउटै कानुन, एउटा आन्दोलन वा एउटा विज्ञप्तिबाट सम्भव छैन।

अनि डाक्टर र बिरामीको सुरक्षा एकअर्काका प्रतिस्पर्धी होइनन्। सुरक्षित चिकित्सकले मात्र सुरक्षित बिरामीको उपचार गर्न सक्छ। यदि चिकित्सक डराएर उपचार गर्छ भने त्यसको मूल्य बिरामीले तिर्नुपर्छ। चिकित्सकमाथिको हिंसा अन्त्य गर्नु चिकित्सकको मात्र एजेन्डा होइन। यो स्वास्थ्य प्रणाली सुधारको एजेन्डा हो। यो सभ्य समाज निर्माणको एजेन्डा हो।

यसैले प्रश्न केवल 'डाक्टर किन कुटिन्छ ?' होइन। प्रश्न, किन हाम्रो समाज दु:ख, शोक र असफलताको समाधान कानुनी प्रक्रिया र संवादबाट होइन, प्रत्यक्ष हिंसाबाट खोज्न थालिरहेको छ ? हुनुपर्छ। यदि यसको उत्तर खोजिएन भने आज चिकित्सक कुटिन्छन्, भोलि शिक्षक, इन्जिनियर, न्यायाधीश वा अन्य सार्वजनिक सेवाका पेसाकर्मी पनि असुरक्षित बन्न सक्छन्। सभ्य समाजको पहिचान अपराधको अभावले होइन, विवाद समाधान गर्ने सभ्य संस्कृतिले हुन्छ।

अस्पतालमा मुक्का चल्ने समाज अन्तत: न्यायालयमा पनि तर्कभन्दा आवेगलाई ठूलो ठान्न थाल्छ। त्यसैले चिकित्सकमाथिको हिंसा रोक्नु भनेको एउटा पेशाको रक्षा मात्र होइन। लोकतान्त्रिक, कानुनी र सभ्य समाजको रक्षा गर्नु पनि हो।

---

**१ स्वास्थ्य प्रणालीको संरचनागत असफलता**

नेपालको स्वास्थ्य प्रणालीमा चिकित्सक सबैभन्दा देखिने पात्र हुन्, तर निर्णय गर्ने सबैभन्दा शक्तिशाली व्यक्ति होइनन्। सरकारी अस्पतालमा एउटै चिकित्सकले दिनमा १५०-२०० बिरामीसम्म हेर्नुपर्ने अवस्था छ। जनशक्ति कम हुनु, आईसीयूमा बेड नहुनु, उपकरण बिग्रिनु, औषधि समयमा नै उपलब्ध गराउन नसक्नु, रगत नपाइनु, रेफरल ढिलो हुनु जस्ता समस्याहरू संरचनागत समस्या हुन्। तर, बिरामीका आफन्तले यस प्रणालीको असफलतालाई डाक्टरमाथिको आक्रोशमा रूपान्तरित गर्छन्।

**२ अपेक्षा र वास्तविकताबीचको दूरी**

पछिल्लो दुई दशकमा चिकित्सा प्रविधिमा अत्यन्त धेरै प्रगति भएका छन्। 'सबै रोग निको हुन्छ' भन्ने धारणा बलियो भएको छ। 'अस्पताल पुगियो भने बिरामी बच्छन नै।' भन्ने विश्वास छ। तर उत्कृष्ट उपचार हुँदाहुँदै पनि जटिलता आउन सक्छ, मृत्यु हुन सक्छ, वा अपेक्षित परिणाम नआउन सक्छ।

**३ सञ्चार : उपचारको सबैभन्दा उपेक्षित औषधि**

चिकित्सकीय विवादको कारण सधैं उपचारको गुणस्तर मात्र हुँदैन। बिरामी वा उनका परिवारले चिकित्सकविरुद्ध असन्तुष्टि व्यक्त गर्नु वा कानुनी उजुरी गर्नुका कारणमध्ये अपर्याप्त वा असंवेदनशील सञ्चार पनि हो। चिकित्सकले बिरामीको कुरा ध्यानपूर्वक नसुन्नु, हतारमा संवाद गर्नु, जोखिम र अनिश्चितताबारे स्पष्ट जानकारी नदिनु तथा सहानुभूतिपूर्ण व्यवहारको कमीले अविश्वास बढाउने देखिएको छ।

**४ विश्वासको संकट**

निजी स्वास्थ्य सेवाको विस्तारसँगै समाजमा 'धेरै पैसा तिरियो भने राम्रो परिणाम आउनैपर्छ' भन्ने धारणा बलियो भएको छ। चिकित्सा सेवा बजारको सामान्य वस्तु होइन। अस्पतालले सेवा दिन्छ। तर, परिणाम भने बिरामीको अवस्था, रोगको प्रकृति, समय, जैविक प्रतिक्रिया र उपचारको सीमाले पनि निर्धारण गर्दछ।

**५ सामाजिक सञ्जाल र 'तत्काल न्याय'**

कुनै घटना भएको केही मिनेटमै सामाजिक सञ्जालमा पुग्छ। घटनाको पूर्ण विवरण आउनुअघि नै 'लापरबाही', 'हत्या', 'ठगी' जस्ता शब्द प्रयोग हुन थाल्छन्। यसले अनुसन्धानको ठाउँमा भावनालाई स्थापित गर्छ।

**६ राजनीतिक संरक्षण र दण्डहीनता**

कुनै अस्पतालमा हिंसा भएपछि दोषीलाई तुरुन्त कानुनी कारबाही हुँदैन। यसले समाजमा एउटा गलत सन्देश जान्छ। 'हिंसा प्रभावकारी दबाबको माध्यम हो' भन्ने आमबुझाइ भएको छ। कतिपय घटनामा स्थानीय राजनीतिक प्रभाव, भीडको दबाब वा अनौपचारिक सम्झौताले कानुनी प्रक्रिया कमजोर बनाउँछ।

**७ अस्पताल व्यवस्थापनको मौनता**

धेरै अस्पतालमा संकट आउँदा चिकित्सक एक्लै अगाडि हुन्छन्। यस अवस्थामा अस्पताल व्यवस्थापन अगाडि बढ्नुपर्ने हो। मृतकका परिवारसँग नियमित संवाद, जोखिमको स्पष्ट जानकारी, गुनासो व्यवस्थापन, सुरक्षा समन्वय, संकट व्यवस्थापन जस्ता भूमिकामा अस्पताल प्रशासन वा व्यवस्थापकले नेतृत्व गर्नुपर्ने हो। तर, त्यसो हुन सक्दैन।

**८ चिकित्सकभित्रका आत्मसुधारका क्षेत्र**

कतिपय अवस्थामा बिमारीको मेडिकल प्रोफाइलको राम्रो अभिलेख नराख्नु, मञ्जुरीनामा प्रक्रियालाई औपचारिकतामा सीमित गर्नु, असंवेदनशील भाषा प्रयोग गर्नु, समयमै रेफर नगर्नु, वरिष्ठसँग परामर्शमा ढिलाइ गर्नु, जस्ता कमजोरीले विवादलाई गम्भीर बनाउन सक्छ।

# सुस्तावासी नै सुस्ताका रक्षाकवच



**जे पाण्डे** | *पश्चिम नवलपरासी*

पश्चिम नवलपरासीको सुस्ता गाउँपालिका-५ थारुटोल नेपाली भूमि हो। नारायणी नदीमा उर्लेर आएको बाढीबाट गाउँबस्ती जोगाउन स्थानीय बासिन्दा अस्थायी तटबन्ध निर्माण गर्दै थिए। सरकारले संरक्षण गर्ला भन्ने आशा र विश्वास नै नभएपछि स्थानीय आफैं तटबन्ध बनाउन जुटेका थिए। धेरै लामो र ठूलो तटबन्ध पनि थिएन। १ सय ३२ मिटर त्यो पनि माटोको।

सरकारले त बेवास्ता गरेको थियो नै छिमेकी भारतीय सशस्त्र सीमा बल (एसएसबी)ले समेत डुबानको जोखिममा परेका नेपालीको पीडा बुझेन। सादा पोसाक र हतियारसहित नेपाली बस्तीमा प्रवेश गरेका करिब ५ दर्जन भारतीय सुरक्षाकर्मीले तटबन्ध भत्काउन थाले।

एसएसबीले तटबन्ध भत्काउन थालेपछि साउन १७ गते स्थानीयले प्रतिकार गरे। घरेलु लाठी र बाँसका भाटासहित विरोधमा उत्रन बाध्य सुस्तावासीको आक्रोशलाई नियन्त्रण गर्न आफ्नै सशस्त्र प्रहरी बल अगाडि आइपुग्यो। सामान्य हस्तक्षेपपछि स्थिति नियन्त्रणमा लिएको थियो। पछिल्लो यो झडप र तनावको अवस्थाबाट अहिले सुस्ताको आक्रोश सुस्ताएको छ। मनभित्रको आगो भने निभेको छैन।

यो पछिल्लो विवादपछि सरकारले कूटनीतिक च्यानलमार्फत भारत सरकारको ध्यानाकर्षण गराएको दाबी गरे पनि समस्याको दीर्घकालीन समाधान खोज्नेतिर अपेक्षा र आवश्यकता अनुरूप चासो नदिएको सुस्तावासीको गुनासो छ। किनकि नारायणी नदीको बाढी र सीमापारिका सुरक्षाकर्मीबाट हुँदै आएको असुरक्षा जस्ताको तस्तै छ। दुई तिरबाटै बासिन्दा असुरक्षित र आतंकित छन्। सीमा क्षेत्रमा सशस्त्र प्रहरीको उपस्थिति बढाइएको छ। 'अहिले हामी आफ्नै भूमि काटेर तटबन्ध बनाउन बाध्य छौं। नदीमा जाली भर्ने काम भइरहेको छ। दिनभर तटबन्ध बनाउँछौं। राति नारायणीले बगाएर लैजान्छ,' सुस्ता बचाउ अभियानका कार्यवाहक अध्यक्ष आदम खाँले भने, 'यो कस्तो विडम्बना हो ? आफ्नै भूमि जोगाउनुपर्ने हामी नै आफ्नै जमिन काटेर अस्थायी संरचना बनाउन बाध्य छौं।' एसएसबीसँगको प्रतिकारका क्रममा करिब दुई सय जना नेपालीविरुद्ध भारतीय पक्षले आफ्नो देशमा मुद्दा चलाएको उनले बताए। 'नेपाली नागरिकमाथि यति गम्भीर ज्यादती हुँदा पनि सरकार मौन छ,' खाँले भने, 'मेरो देशको सरकार बोल्दैन। सुस्ताबाट स्थानीय बासिन्दालाई कसरी विस्थापित गर्न सकिन्छ भन्ने उद्देश्यले भारतीय पक्षले निरन्तर नयाँ-नयाँ उपाय खोजिरहेको देखिन्छ।'

उनले सुस्ताको समस्याका बारेमा भाषणबाजीबाहेक सरकार र राजनीतिक नेताहरूको दोहोरो भूमिका देख्छन्। 'कांग्रेस, एमाले, माओवादी, राप्रपादेखि अहिले रास्वपाका प्रधानमन्त्री बालेन्द्र शाहसम्मलाई देख्यौं। सुस्ताको समस्या समाधान गर्ने सवालमा कसैले पनि जनताको अपेक्षाअनुसार काम गर्न सकेनन्। त्यसैले अहिलेका राजनीतिक नेतृत्वबाट पनि सुस्तावासी आशावादी छैनन्' खाँले भने। सुस्तावासीहरू आश्वासन होइन, आफ्नो भूमि र नागरिकको सुरक्षाको सुनिश्चितता चाहन्छन्। सुस्ताको समस्या कुनै दल, नेता वा सरकारको राजनीतिक एजेन्डा होइन। यो नेपाली भूमि र नेपाली नागरिकको अस्तित्वसँग जोडिएको विषय हो। सरकार अझै पनि मौन बस्ने हो भने भोलि सुस्तामा नेपाली भएर बाँच्ने अधिकारसमेत संकटमा पर्न सक्छ' आदमले भने।

एसएसबीले बिहारको वाल्मीकिनगर थानामा नेपाली नागरिकविरुद्ध मुद्दा (एफआईआर) दर्ता गरेको छ। घटनाको समयमा खिचिएका भिडियो, फोटो र सामाजिक सञ्जालका क्लिपहरू संकलन गरेर ढुंगामुढा गर्ने र प्रहरीको काममा बाधा पुऱ्याउने नेपाली नागरिकको पहिचान गर्ने काम भारतीय सुरक्षाकर्मीले गरिरहेका छन्।

## दूतावासको चासो, कूटनीतिक पहल भएन

पछिल्लो घटनालगत्तै नयाँ दिल्लीस्थित नेपाली दूतावासले भारतको विदेश मन्त्रालयसँग उक्त घटनाबारे आधिकारिक रूपमा आपत्ति र गम्भीर चासो व्यक्त गरिसकेको छ। नेपाली भूमिमा पसेर स्थानीयले बाढी रोक्न बनाएको अस्थायी तटबन्ध भत्काएकोमा नेपालले विरोध जनाएको हो। परराष्ट्र मन्त्रालयले सुस्ताको सीमा क्षेत्र विवादित भएको र सन् २०१४ को सहमतिअनुसार परराष्ट्र सचिवस्तरीय संयन्त्र र 'बाउन्ड्री वर्किङ ग्रुप' मार्फत मात्र समस्या सुल्झाउनुपर्ने अडान राख्दै आएको छ।



> विवादपछि परराष्ट्र मन्त्रालयले भन्यो भने सहयोग गर्ने हो। यो विवादपछि कतैबाट कुनै निर्देशन वा कुनै प्रक्रिया अघि बढाएको जानकारी आएको छैन।
>
> **दयानन्द जोशी**, सूचना अधिकारी, नापी विभाग

प्रतिनिधिसभासँगै राष्ट्रियसभाका बैठकभित्र र बाहिर पनि चर्को बिरोध र बहस हुन थालेको छ। विभिन्न राजनीतिक दलका सांसदहरूले यस विषयलाई गम्भीरतापूर्वक उठाइरहेका छन्। सांसदहरूले नेपाली नागरिकलाई आफ्नै भूमिमा सुरक्षा दिन नसकेको भन्दै सरकारको आलोचना गरेका छन्।

सुस्ता बचाउ अभियान र स्थानीय बासिन्दाहरूले काठमाडौंको माइतीघरमा समेत प्रदर्शन गर्दै सुस्तामा 'नेपाली सेना'को स्थायी सुरक्षा पोस्ट स्थापना गर्न र भारतीय ज्यादती रोक्न माग गरेको पनि धेरै भयो।

तनाव थप बढ्न नदिन सीमा क्षेत्रका स्थानीय अधिकारीहरूबीच छलफल सुरु गरेका छन्। पश्चिम नवलपरासीका प्रमुख जिल्ला अधिकारी दीपकराज नेपालले भने, 'डीएम लेवलमा कुरा भएको छैन। तर सशस्त्र प्रहरी बल र भारतीय एसएसबी तहमा बैठक तथा छलफल भएको छ। अहिले सेनासहित सबै सुरक्षा निकाय परिचालन गरेर काम भइरहेको छ।'

जिल्ला तहबाट सुरक्षा अवस्थाका बारेमा जानकारी प्राप्त गरेको गृह मन्त्रालयका अधिकारीले परराष्ट्र मन्त्रालयको भारत हेर्ने डेक्सलाई समस्याको समाधान खोज्न कस्तो प्रयास गर्नुपर्ने हो ? गर्न भनेको स्रोतले बताएको छ। सुस्ताको पछिल्लो अवस्थाको जानकारी प्राप्त गरेको परराष्ट्र मन्त्रालय अन्तरगर्तको भारत हेर्ने डेक्समार्फत दिल्ली नेपाली दूतावासलाई खबर गरेको बताइएको छ। यी सबै प्रयासप्रति स्थानीयवासी सन्तुष्ट देखिँदैनन्। न त भइरहेको प्रयासबाट कुनै फलदायी परिणाम निस्कन सक्ने विश्वास नै गरेका छन्। किनकि यो समस्या सुरु भएको १ सय ८१ वर्ष भयो। तर एउटै उपाय सीमांकन हुन सकेको छैन।

खासगरी सरकार अर्थात् राज्यको पहिलो दायित्व देशको सार्वभौमिकता, सीमा र नागरिकको सुरक्षा गर्नु हो। तर नेपालका केही संवेदनशील सीमा क्षेत्रमा राज्यको उपस्थिति र प्रभावकारी व्यवस्थापन कमजोर देखिँदै आएको छ। नवलपरासीको सुस्ता र पश्चिमको कालापानी क्षेत्र यसका ज्वलन्त उदाहरण हुन्।

राज्यको कमजोर उपस्थिति र सीमा व्यवस्थापनमा देखिएको ढिलाइका कारण सुस्ताका स्थानीय बासिन्दा नेपाली भूमिमा भारतीय सशस्त्र सीमा बलको प्रवेश रोक्न ज्यानको बाजी लगाएर विरोधमा उत्रनुपर्ने अवस्था सिर्जना भएको देखियो। यस्तो बढ्दो तनाव समयमै व्यवस्थापन गर्न नसकिए स्थानीय सुरक्षा, नेपाल-भारत सम्बन्ध र सीमावर्ती जनजीवनमा गम्भीर असर पर्न सक्छ।

सीमा विवाद समाधान गर्नु सरकारको जिम्मेवारी हो। यस्ता विषय कूटनीतिक तथा प्राविधिक माध्यमबाट समाधान गर्नुपर्छ। सीमा निर्धारण र नक्सांकन, सीमा स्तम्भको निर्माण तथा मर्मत, तथ्यको प्रमाणीकरण र संयुक्त सीमा संयन्त्रमार्फत नियमित छलफललाई प्रभावकारी बनाउन आवश्यक छ।

तर राजतन्त्रदेखि गणतन्त्रसम्मका विभिन्न सरकारले सुस्ता, कालापानी, लिम्पियाधुरा र लिपुलेकजस्ता संवेदनशील सीमा क्षेत्रका समस्या समाधान गर्न ठोस पहल गर्न नसकेको देखिन्छ। समस्या समाधानतर्फ निर्णायक कदम चाल्नुको सट्टा पटक-पटक विषयलाई टार्दै जाने प्रवृत्तिले नेपालको भूमि मात्र होइन, सीमावर्ती नागरिकसमेत असुरक्षित बन्दै गएको अवस्था देखिन्छ।

सीमा विवाद राजनीतिक र कूटनीतिक रूपमा संवेदनशील विषय भएकाले यसको समाधान प्रक्रिया स्वाभाविक रूपमा जटिल र समय लाग्ने हुन सक्छ। नेपाल र भारतबीच विभिन्न तहमा कूटनीतिक संवाद तथा प्राविधिक संयन्त्रमार्फत छलफल हुँदै आए पनि केही संवेदनशील क्षेत्रका विषयमा अझै अन्तिम सहमति हुन सकेको छैन।

विशेषगरी विवादित क्षेत्रको सीमा नक्सांकन, तथ्य प्रमाणीकरण र सीमा व्यवस्थापनका लागि आवश्यक प्राविधिक कामलाई प्रभावकारी रूपमा अघि बढाउनुपर्ने आवश्यकता छ। तर विवादित क्षेत्रमा प्राविधिक टोली परिचालन र आवश्यक अध्ययन-अनुगमनलाई प्राथमिकता दिन सरकार हिचकिचाउँदै आएको आरोप लाग्दै आएको छ। यसले समस्या समाधान गर्नुको सट्टा थप जटिल बनाउने जोखिम बढाएको छ।

हुन त सीमा विवाद समाधानमा नेपालले एकतर्फी रूपमा निर्णय गर्न सक्दैन। अन्तर्राष्ट्रिय सीमा निर्धारण र सीमांकन नेपाल र भारत दुवै पक्षको सहमति र स्थापित संयन्त्रअनुसार अघि बढ्ने प्रक्रिया हो। त्यसैले भारतसँग निरन्तर, परिणाममुखी र तथ्यमा आधारित कूटनीतिक वार्ता आवश्यक छ।

त्यसैगरी, सीमामा सुरक्षा व्यवस्थापन गर्दा दुवै देशबीचको जनस्तरको सम्बन्धमा नकारात्मक असर नपर्ने गरी संवेदनशीलता अपनाउनु आवश्यक छ। सीमावर्ती क्षेत्रमा सुरक्षा निकायको गतिविधि बढाउँदा स्थानीय नागरिकमा त्रास र तनाव सिर्जना हुने अवस्था आउन नदिन दुवै पक्ष जिम्मेवार बन्नुपर्छ।

सीमा केवल नक्सामा कोरिएको रेखा होइन, यो देशको सार्वभौमिकता, सुरक्षा र सीमावर्ती नागरिकको अस्तित्वसँग जोडिएको विषय हो। त्यसैले सुस्ता, कालापानी, लिम्पियाधुरा र लिपुलेकजस्ता संवेदनशील सीमाक्षेत्रका समस्यालाई तत्कालीन राजनीतिक स्वार्थभन्दा माथि उठेर दीर्घकालीन राष्ट्रिय नीतिका रूपमा समाधानतर्फ अघि बढाउनु राज्यको अपरिहार्य दायित्व पनि हो।

जुलाई ३ मा गृह मन्त्रालयले नवलपरासी पश्चिमको जिल्ला प्रशासन कार्यालयलाई थप सुरक्षाकर्मी परिचालन गर्न तथा स्थानीय बासिन्दाले उठाएका चासो सम्बोधन गर्न निर्देशन दिएको थियो। त्यसपछि सुस्तामा तैनाथ सशस्त्र प्रहरी बल (एपीएफ) को युनिटलाई थप सुदृढ गर्दै सुरक्षाकर्मीको संख्या दोब्बर तुल्याइएको छ। सुरक्षा उपस्थितले पनि स्थानीयहरूमा भारतीय पक्षको हेपाह प्रबृत्ति प्रतिको आक्रोश मत्थर भएको छैन।

## मुख्यमन्त्री भन्छन्, 'स्थानीयवासी नै रक्षाकवच'

सुस्तावासीले भारतीय एसएसबीलाई नेपाली भूमिमा पस्न नदिन र निर्माणाधीन तटबन्ध भत्काउन नदिन भएको तनाव र विवादको एक साता पछि लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्य सुस्ता पुगेका छन्। स्थलगत अनुगमनपछि उनले अन्नपूर्ण दैनिकसँग कुरा गर्दै भने, 'नेपाली भूमिको संरक्षणमा सुस्तावासी रक्षाकवच भएर उभिएको पाइयो।'

नेपालको भूमि संरक्षण गर्न सुस्तावासीले रक्षाकवचको भूमिका खेल्दै पुऱ्याएको योगदानको प्रशंसा गरे पनि गरे। त्यहाँ भैरहेको नदी कटान र त्यसबाट उत्पन्न हुन सक्ने जोखिमबाट जोगाउन प्रदेश सरकारले बजेटको अभाव हुन नदिने बचन दिएर मुख्यमन्त्री फर्किएका छन्। 'नदी कटान नियन्त्रण हाम्रो प्राथमिकतामा छ। बजेटका कारण कटना नियन्त्रण भएन भन्ने गुनासो आउन दिने छैनौं' आचार्यले भने। प्रदेश सरकारले आवश्यक स्रोतको व्यवस्थापन गर्दै तत्कालन विपद् व्यवस्थापन कोषबाटसमेत रकम उपलब्ध गराउने प्रतिबद्धता जनाएका छन्।

बढ्दो कटानका कारण बस्ती, खेतीयोग्य जमिन तथा सीमा क्षेत्रमा पर्न सक्ने जोखिमलाई गम्भीरतापूर्वक लिन सुरक्षा निकाय र स्थानीय प्रशासनलाई निर्देशन पनि दिए। उनले भने, 'तीनवटै सुरक्षा निकायसँग समन्वय गरी सुरक्षा प्रबन्ध पनि मिलाइनेछ।'

मुख्यमन्त्री समक्ष स्थानीयहरूले नदी कटान बढ्दै जाँदा सीमावर्ती बस्ती तथा नेपाली भूमिमा जोखिम बढेको जानकारी त गराएका थिए नै दीर्घकालीन रूपमा नदी कटान नियन्त्रणका लागि तटबन्ध निर्माण, नदीको बहाव व्यवस्थापन तथा आवश्यक संरचना निर्माण सरकारको ध्यानाकर्षण गराउन चुकेनन। मुख्यमन्त्रीले सुस्ता समस्या र विवादको दीर्घकालीन समाधान खोज्ने दायित्व केन्द्रीय सरकारको भएकाले प्रधामन्त्रीले नै चासो दिनुपर्ने बताए।

# सुधार केन्द्रमा १ को मृत्यु, ५ जना पक्राउ

**भक्तपुर** (अन्नपूर्ण) : भक्तपुरको सूर्यविनायक नगरपालिका-१, सिरुटार बिरुवास्थित उत्साहित सुधार केन्द्रमा उपचाररत एक पुरुषको मृत्यु भएको छ। सुधार केन्द्रमा रहेका सोही वडा बस्ने वर्ष ४१ को उमेश खड्गीको आइतबार बिहान मृत्यु भएको हो।




प्रारम्भिक विवरणअनुसार सुधार केन्द्रमा उपचारका लागि राखिएका खड्गीको बिहान करिब ४ बजेतिर मृत्यु भएको बताइएको छ। उनको मृत्युको कारण भने तत्काल खुल्न सकेको छैन।

घटनापछि मृतकका आफन्त तथा स्थानीयले सुधार केन्द्रमा रहेका व्यक्तिमाथि कुटपिट भएको हुन सक्ने आशंका गर्दै छानबिनको माग गरेका छन्। घटनालाई लिएर सुधार केन्द्र परिसरमा दिनभर तनाव बढेको थियो। सयौंको संख्यामा रहेका पीडितले सुधारगृहमा तोडफोडसमेत गर्न खोजेका थिए। तर, त्यहाँ अझै धेरै बिरामी रहेको भनेपछि थप क्षति हुन जोगाउन भन्ने सन्देशपछि तोडफोड रोकिएको थियो। साथै सयौं प्रहरी दिनभर सुरक्षामा खटिएका थिए।

जिल्ला प्रहरी परिसर भक्तपुरले घटनाका सम्बन्धमा अनुसन्धान अघि बढाएको जनाएको छ। घटनामा संलग्न रहेको आशंकामा प्रहरीले ५ जनालाई नियन्त्रणमा लिएको जनाइएको छ। प्रहरीले मृतकको शव परीक्षणका लागि पठाउने तथा पोस्टमार्टम रिपोर्ट र घटनास्थलमा संकलन गरिएको प्रमाणका आधारमा मृत्युको वास्तविक कारण पत्ता लगाउने प्रक्रिया अघि बढाएको जनाएको छ। घटनामा सुधार केन्द्रका सञ्चालक तथा कर्मचारीको भूमिका, मृतकको स्वास्थ्य अवस्था र मृत्यु हुनुअघिको घटनाक्रमबारे समेत प्रहरीले अनुसन्धान गरिरहेको जनाइएको छ। तर, प्रहरीले यो समाचार तयार पार्दासम्म कुनै आधिकारिक धारणा सार्वजनिक गरेको छैन। सुधार केन्द्रमा उपचारका लागि राखिएका व्यक्तिको मृत्यु भएपछि मृतकका आफन्तले घटनाको निष्पक्ष छानबिन गरी दोषी देखिए कानुनी कारबाही गर्न माग गरेका छन्। उनीहरूले आइतबार रातिसम्म पनि जिल्ला प्रशासन कार्यालय अगाडि बसेर धर्ना दिइरहेका थिए। यसअघि पनि उनीहरू आइतबार बिहानै प्रशासनमा घटनाबारे जानकारी र दोषीमाथि कारबाही गर्न माग गर्दै प्रशासन पुगेका थिए।

मृतककी श्रीमती भगवती शाहीले सुधार केन्द्रमा रहेका बिरामीहरूले आफ्नो पतिको हत्या भएको देखिएको जनाएका छन्। आफूहरूलाई प्राप्त सीसीटीभी फुटेजमा सुधार केन्द्रमा रहेका अन्य बिरामीहरूले कुटपिट गरेको देखिएको उनले जनाए। यसकारण दोषीमाथि कारबाही गर्न उनले माग गरिन्। उनका अनुसार पतिलाई पछिल्लो बिहीबार मात्रै सुधार केन्द्रमा छोडिएको थियो। मृतक पतिको स्वास्थ्य अवस्था सामान्य रहेको र अचानक अस्पताल पुगेको र मृत्यु भएको खवर आइतबार बिहानै आफूलाई केन्द्रका कर्मचारीहरू घरमै आएर जानकारी दिन आएको उनले जनाइन्।

घटनाको विस्तृत विवरण तथा मृत्युको वास्तविक कारण भने प्रहरी अनुसन्धान र पोस्टमार्टम रिपोर्टपछि थप स्पष्ट हुने बताइएको छ। मृतकको शव मध्यपुर थिमि अस्पताल मध्यपुर थिमिबाट केएमसी अस्पताल दुवाकोट भक्तपुरमा पोस्टमार्तमका लागि पठाइएको छ।

**एन आई सी एशिया बैंक लिमिटेड**
NIC ASIA
एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड कार्यालय: का.म.पा., वडा नं. २८, कमलादी, प्रज्ञा मार्ग
फोन नं.: +९७७-१-५९७१२९७/९८, फ्याक्स: +९७७-१-५१११११८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, केन्द्रिय असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

**धितोमा रहेको चल अचल सम्पत्ति लिलाम विक्री बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना**

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको ऋणकर्जा बैकसँगको सम्झौताको शर्त बमोजिम नतिर्नु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा तथा ऋणकर्जा चुक्ता गर्नको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा व्याज नतिर्नु नबुझाउनु भई ऋणीले बैकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋण कर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, केन्द्रिय असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आब्हान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितो मा रहेको तपसिल वमोजिमको चल अचल सम्पत्ति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी तथा जमानत दिनु हुने ब्यक्ति तथा सम्बन्धित सबैलाइ यसै सूचनाद्वारा अवगत गराईन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको विवरण |
|---|---|
| १ | **ऋणी फर्म : जय माता दी ईट्टा उद्योग, प्रोप्राईटर तथा जमानीकर्ता: राकेश कुमार पाण्डेय**<br>**दर्ता नं.:** घरेलु तथा साना उद्योग कार्यालय, कलैया, बारामा प्रा.फ.नं.घ.उ.वि. ७१६०/४२७/०७५/७६, **दर्ता मिति:** २०७५/०९/२५, **ठेगाना:** जिल्ला बारा, फेटा गा.पा. वडा नं. ५ |
| | **धितोको विवरण** |
| | **१)** अच्युतानन्द पाण्डेको नाति, वृज किशोर पाण्डेको छोरा, बारा जिल्ला, रघुनाथपुर गा.वि.स. वडा. नं. ८ स्थायी ठेगाना भई हाल बारा जिल्ला, फेटा गा.पा. वडा नं. ५ बस्ने **राकेश कुमार पाण्डे**को नाममा भूमिसुधार तथा मालपोत कार्यालय कलैया, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, रघुनाथपुर गा.वि.स. वडा. नं. ९ (हाल फेटा गा.पा. वडा नं. ५) स्थित कित्ता नं. ११७४ को क्षेत्रफल ०-४-३-४ (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>**२) जय माता दी ईट्टा उद्योग**को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । |
| २ | **ऋणी फर्म : सुजन निर्माण सेवा, प्रोप्राईटर तथा जमानीकर्ता: जानुका कार्की**<br>दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय मोरङ विराटनगरमा, प्रा.फ.न.घ.मो. ४०४२/०५३/५४, दर्ता मिति: २०५३/१२/२०, ठेगाना: जिल्ला मोरङ, हरैंचा गा.वि.स. वडा नं. ३ |
| | **धितोको विवरण** |
| | **१)** विष्णु बहादुर कार्कीकी छोरी, यज्ञ बहादुर कार्कीकी पत्नि मोरङ जिल्ला अमरदह गा.वि.स वडा नं. १ बस्ने **जानुका कार्की**को नाममा मालपोत कार्यालय बेलवारी, मोरङको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला, अमरदह गा.वि.स. वडा नं. १ख स्थित कित्ता नं. १०१० र ११२१ को क्षेत्रफल क्रमश : ०-१-८-० र ०-०-७-० (विगाहा)को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>**२) सुजन निर्माण सेवा** को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । |
| | **२) ऋणी : यज्ञ बहादुर कार्की**<br>**स्थायी ठेगाना** : मोरङ जिल्ला अमरदह गा.वि.स. वडा नं. १, हालको ठेगाना : मोरङ जिल्ला, विराटनगर म.न.पा. बडा नं ३, **बाबु** : डम्बर बहादुर कार्की, **बाजे** : दल बहादुर कार्की |
| | **धितोको विवरण** |
| | विष्णु बहादुर कार्कीकी छोरी, यज्ञ बहादुर कार्कीकी पत्नि मोरङ जिल्ला अमरदह गा.वि.स वडा नं. १ बस्ने **जानुका कार्की**को नाममा भुमिसुधार तथा मालपोत कार्यालय विराटनगर, मोरङको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला, कन्चनवारी गा.वि.स. वडा नं. ३ख स्थित कित्ता नं. ४८४२ को क्षेत्रफल ०-०-१०-० (विगाहा) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । |
| ३ | **ऋणी : बिक्रम राय अमात**<br>स्थायी ठेगाना :मोरङ जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं.०६, हालको ठेगाना :मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं.०५, बाबु : विजय राय अमात, बाजे : खुशी लाल राय अमात |
| | **धितोको विवरण** |
| | विश्व नाथ राय अमातको नाती, खुशी लाल राय अमातको छोरा मोरङ जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं ०६ बस्ने **विजय राय अमातको** नाममा मालपोत कार्यालय विराटनगर, मोरङको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला, बखरी गा.वि.स. वडा नं. ७ ख स्थित कित्ता न.२९६७ को क्षेत्रफल ०-०-१६ (बिगाहा ) को घरजग्गा तथा सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । |
| ४ | **१) ऋणी फर्म : सरु फेशन हाउस, प्रोप्राईटर तथा जमानीकर्ता: सरस्वती गुरुङ्ग**<br>दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय रुपन्देहीमा फाइल नं.१९८२, प्राइभेट फर्म दर्ता १५५९-८-/२०८०/८१, दर्ता मिति: २०८०/०५/१७, ठेगाना: जिल्ला रुपन्देही, देवदह न. पा. वडा नं. १ |
| | **२) ऋणी : सरस्वती गुरुङ्ग**<br>स्थायी ठेगाना : सुर्खेत जिल्ला विरेन्द्रनगर न. पा. वडा नं. ५, हालको ठेगाना : रुपन्देही जिल्ला, देवदह न. पा. वडा नं. १, बाबु : राम बहादुर गुरुङ्ग, ससुरा : भक्त बहादुर पून, पति : राम बहादुर पून |
| | **धितोको विवरण** |
| | **१)** राम बहादुर गुरुङ्गकी छोरी, भक्त बहादुर पूनकी बुहारी, राम बहादुर पूनकी पत्नि, सुर्खेत जिल्ला विरेन्द्रनगर न. पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, देवदह न. पा. वडा नं. १ बस्ने **सरस्वती गुरुङ्ग**को नाममा भुमि सुधार तथा मालपोत कार्यालय परासी, नवलपरासी (ब. सु. प.) को लगतमा दर्ता कायम रहेको, नवलपरासी जिल्ला, जमुर्वाड गा.वि.स. वडा नं. ९/ख, (हाल नवलपरासी (ब. सु. प.) जिल्ला, सरावल गा.पा. वडा नं. २ स्थित कित्ता नं. १५४२ को क्षेत्रफल ०-५-१८-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>**२) सरु फेशन हाउस**को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । |

नोट: ऋणी तथा प्रोप्राइटर/संचालक बाहेक सूचनामा उल्लेखित अन्य ब्यक्तिका नाम ऋणी तथा प्रोप्राइटर/संचालकको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय, केन्द्रिय असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ। शिलबन्दी बोलपत्रबाट उक्त सम्पत्ति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पत्तिको स्वामित्व बैकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय, केन्द्रिय असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट (सोमबार देखी बिहिबार सम्म) दिनको ३:०० बजे (शुक्रबार) दिनको १:०० बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, केन्द्रिय असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि GoogleMap

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रकियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आँफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम विक्री भएमा वा बैंक आँफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आँफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आँफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पत्तिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

सम्पादकीय

# प्राज्ञिक गरिमामाथि सरकारी प्रहार

राजनीतिमा जब आदर्शका ठूला कुरा गर्नेहरू व्यवहारको कसीमा घोटिन्छन्, तब उनीहरूको सक्कली अनुहार उदांगो हुन्छ। भर्खरै सरकारको नेतृत्वमा पुगेका र सुशासनको चर्को नारा दिने नयाँ दलका मन्त्रीले तीनवटै प्रज्ञा-प्रतिष्ठानको नियुक्ति र शपथग्रहणमा जे-जस्तो हर्कत देखाए, त्यसले उनीहरूको 'मेरिटोक्रेसी' (योग्यता प्रणाली) को दाबीलाई नराम्रोसँग गिज्याएको छ। मन्त्री पद सम्हाल्नासाथ तेह्रबुँदे आदर्शको फेहरिस्त सार्वजनिक गर्दै 'आफन्त र चिनेजानेकालाई नियुक्ति नमाग्न' उर्दी जारी गर्ने तिनै मन्त्री, आज फोनका भरमा आफ्ना 'भाइभारदार'लाई प्राज्ञिक संस्थाको तालाचाबी सुम्पिएका छन्।

यस प्रकरणमा सबैभन्दा गम्भीर त्रुटि त कानुनको ठाडो उल्लंघनबाट सुरु भएको छ। 'नेपाल प्रज्ञा प्रतिष्ठान ऐन, २०६४' को परिच्छेद ६ को विविध अन्तर्गत दफा ३१ मा स्पष्ट लेखिएको छ, 'आफ्नो कार्यभार सम्हाल्नुअघि कुलपतिले प्रधानमन्त्रीसमक्ष र उपकुलपति, सचिव र सभाका सदस्यले कुलपतिसमक्ष शपथ लिनुपर्नेछ'। यस सन्दर्भमा कानुनले प्रधानमन्त्रीलाई मात्र चिनेको यो विशिष्ट प्राज्ञिक थलोमा विभागीय मन्त्री आफैं अघि सरेर शपथ गराउनु भनेको विधिको शासनमाथिको नांगो अतिक्रमण हो। के मन्त्रीलाई देशको कानुन पढ्ने फुर्सद मिलेन ? या 'हामी जे गर्छौं, त्यही कानुन हो' भन्ने अहंकारले उनीहरूलाई आँखै नदेख्ने बनायो ? मन्त्रीले त सिफारिस मात्र गर्ने हो, नियुक्ति र शपथ प्रधानमन्त्रीको क्षेत्राधिकार हो भन्ने सामान्य कानुनी साक्षरतासमेत नभएकाहरूबाट सुशासनको कस्तो अपेक्षा गर्ने ? हुन त यसमा प्रधानमन्त्रीले पनि त अन्देखा गर्न मिल्दैनथियो, हैन र ?

नियुक्तिको प्रक्रिया त झनै उदेकलाग्दो र पाखण्डीपूर्ण देखिन्छ। 'राजनीतिक नियुक्ति गर्दैनौं' भन्दै मिडियाबाजी गर्ने, लोकसेवाको जस्तै अनलाइन फारम खुलाएर सयौं योग्य र पाका स्रष्टाहरूलाई आवेदन भर्न लगाउने, तर अन्त्यमा ती फारमलाई रद्दीको टोकरीमा फालेर खल्तीका मान्छेलाई फोन गर्दै पद बाँड्ने कार्य 'मेरिट'को नाममा गरिएको स्वाभिमान स्रष्टाहरूको घोर अपमान हो। प्राज्ञिक क्षेत्रका हस्ती र विज्ञहरूले राज्यको आह्वानलाई सम्मान गर्दै फारम भरे, तर सिफारिस समितिलाई नै पत्तो नदिई तजबिजी अधिकारको दुरुपयोग गरियो। त्यसमाथि, समावेशिताको प्रश्न उठाउने सीमान्तकृत स्रष्टाहरूलाई उल्टै 'बढ्ता नबोल्न' चेतावनी दिँदै हप्काउने प्रवृत्तिले नयाँ नेतृत्वको असहिष्णुता र अभिमानलाई छर्लंग पारेको छ। रास्वपा सरकारले सार्वजनिक जवाफदेहिताको सामान्य औपचारिकतासमेत पूरा गर्न नसक्नु र यसबारे कुनै औपचारिक स्पष्टीकरणसम्म दिन नसक्नुले उनीहरूको नियतमाथिको खोटलाई प्रमाणित गर्छ।

प्रज्ञा-प्रतिष्ठानहरू देशको भाषा, कला, साहित्य र संस्कृतिका मन्दिर हुन्। यिनको आफ्नै विशिष्ट गरिमा र स्वायत्तता छ। अझ अघिल्लो सरकारले नियुक्त गरेका पदाधिकारीलाई कार्यकाल नसकिँदै हटाएर नयाँ नियुक्तिमा जे-जस्तो तमासा देखाइयो, त्यसले यी संस्थाहरूलाई सस्तो राजनीतिक भर्तीकेन्द्रमा झारेको छ। नयाँ शक्तिको दाबी गर्दै सत्तामा पुगेकाहरूले पुरानाको भन्दा पनि भद्दा शैली देखाउनु लोकतन्त्र र विधिको शासनमाथिकै निर्मम प्रहार हो। कानुनको धज्जी उडाएर र योग्यताको नाटक रचेर गरिएको यो नियुक्तिले प्राज्ञिक क्षेत्रलाई मात्र होइन, स्वयं मन्त्री र सरकारको नैतिकतालाई नै कठघरामा उभ्याएको छ। नीतिनिर्माता र सरकारको नेतृत्वले बेलैमा बुझ्नु जरुरी छ कि भ्रामक नारा र मिडिया ट्रायलले केही दिन ताली त पाइएला, तर कानुन मिच्ने र योग्यतालाई कुल्चिने हर्कतलाई इतिहासले कहिल्यै क्षमा गर्ने छैन।

# राजनीतिमा नयाँ पुस्ताको खबरदारी

**समृद्ध नेपाल निर्माण गर्ने जिम्मेवारी कुनै एक नेता, दल वा सरकारको मात्र होइन; यो सम्पूर्ण नागरिकको साझा दायित्व हो।**



मीनबहादुर मल्ल

अग्रमत




नेपालको राजनीतिक इतिहास परिवर्तन, संघर्ष, त्याग र जनआन्दोलनहरूको इतिहास हो। राणाशासनदेखि प्रजातन्त्र, पञ्चायत, बहुदलीय व्यवस्था, जनयुद्ध, दोस्रो जनआन्दोलन हुँदै संघीय लोकतान्त्रिक गणतन्त्रसम्म आइपुग्दा नेपाली जनताले अनेकौं राजनीतिक परिवर्तन देखेका छन्। तर, यति धेरै राजनीतिक परिवर्तनका बाबजुद पनि जनताले अपेक्षा गरेको सुशासन, पारदर्शिता, उत्तरदायित्व र समृद्धि अझै पूर्ण रूपमा अनुभूति गर्न पाएका छैनन्। यही यथार्थका बीच आजको नयाँ पुस्ता राजनीतिलाई नयाँ दृष्टिकोणबाट हेर्न थालेको छ। उनीहरू राजनीतिक दल, नेता र राज्यका प्रत्येक गतिविधिलाई नजिकबाट नियालिरहेका छन्। यो परिवर्तन लोकतन्त्रका लागि सकारात्मक संकेत हो।

केही दशकअघि राजनीति सीमित व्यक्तिहरूको विषय मानिन्थ्यो। आम नागरिक विशेषगरी युवा 'राजनीति भनेको नेताको काम हो' भन्ने सोच राख्थे। तर, अहिले परिस्थिति बदलिएको छ। सूचना प्रविधिको विकास, सामाजिक सञ्जालको व्यापक पहुँच, शिक्षाको विस्तार र विश्वव्यापी अनुभवले नेपाली युवाको सोचमा ठूलो परिवर्तन ल्याएको छ। आजको युवा केवल चुनावका बेला मत हाल्ने नागरिकमात्र होइन, नीति, योजना, बजेट, विकास, सुशासन र सार्वजनिक उत्तरदायित्वबारे प्रश्न गर्ने सचेत नागरिक बनेको छ।

नयाँ पुस्ताले राजनीतिलाई अन्ध समर्थन वा अन्ध विरोधको दृष्टिले हेर्दैन। उनीहरू व्यक्तिभन्दा नीति, भाषणभन्दा परिणाम र नाराभन्दा कार्यसम्पादनलाई महत्त्व दिन्छन्। यही कारणले सरकारका निर्णय, सार्वजनिक खर्च, विकास आयोजनाको प्रभावकारिता, भ्रष्टाचार, नियुक्ति प्रक्रिया र सेवा प्रवाहका विषयमा उनीहरूको चासो बढेको छ। लोकतन्त्रमा नागरिकको यही सक्रियता नै राज्यलाई उत्तरदायी बनाउने सबैभन्दा बलियो आधार हो।

नेपालमा युवाहरूको संख्या ठूलो छ। उनीहरू देशको श्रमशक्ति, सिर्जनशीलता र भविष्यका नेतृत्वकर्ता हुन्। तर विडम्बना, निर्णय गर्ने अधिकांश स्थानमा अझै पनि युवाको सहभागिता सीमित छ। राजनीतिक दलहरूले युवालाई भाषणमा प्राथमिकता दिए पनि व्यवहारमा नेतृत्व हस्तान्तरण गर्न हिच्किचाउने प्रवृत्ति अझै देखिन्छ। परिणामस्वरूप धेरै सक्षम, शिक्षित र ऊर्जाशील युवाले राजनीतिबाट दूरी बनाउन खोजेका छन्। यो अवस्था लोकतन्त्रका लागि सुखद संकेत होइन। युवा राजनीतिबाट विमुख हुनु समाधान होइन। राजनीति समाज परिवर्तनको सबैभन्दा प्रभावकारी माध्यम हो। असल मानिसले राजनीति छोड्दै जाने र स्वार्थ समूहले कब्जा गर्दै जाने हो भने त्यसको असर अन्ततः सम्पूर्ण समाजले भोग्नुपर्छ।

त्यसैले राजनीतिलाई सफा, पारदर्शी र जनउत्तरदायी बनाउन नयाँ पुस्ताको सक्रिय सहभागिता अपरिहार्य छ। आज सामाजिक सञ्जालले नागरिकलाई अभिव्यक्तिको ठूलो माध्यम दिएको छ। कुनै सार्वजनिक निर्णय, अनियमितता वा कमजोरी केही क्षणमै सार्वजनिक बहसको विषय बन्न सक्छ। यसले सरकार र सार्वजनिक निकायलाई बढी जिम्मेवार बन्न दबाब दिएको छ। तर सामाजिक सञ्जालको प्रयोग गर्दा तथ्यभन्दा अफवाह, आलोचनाभन्दा गाली र बहसभन्दा आरोपलाई प्राथमिकता दिनु लोकतान्त्रिक संस्कृतिका लागि हानिकारक हुन्छ। खबरदारी तथ्यमा आधारित, सभ्य र जिम्मेवार हुनुपर्छ। सत्य र प्रमाणमा आधारित आलोचनाले मात्र सकारात्मक सुधार सम्भव हुन्छ।

लोकतन्त्रमा खबरदारीको अर्थ सरकारको विरोध गर्नुमात्र होइन। सरकार वा कुनै संस्थाले राम्रो काम गरे त्यसको खुलेर प्रशंसा गर्नु र कमजोरी देखिँदा सुधारका लागि प्रश्न उठाउनु दुवै लोकतान्त्रिक संस्कृतिका अभिन्न पक्ष हुन्। नागरिकको मौनताभन्दा उनीहरूको रचनात्मक सहभागिता राज्यका लागि बढी उपयोगी हुन्छ। जहाँ नागरिक सचेत हुन्छन्, त्यहाँ सार्वजनिक संस्थाहरू पनि बढी जिम्मेवार बन्न बाध्य हुन्छन्। नेपालमा विकासका धेरै योजना समयमै सम्पन्न नहुने, लागत बढ्ने, गुणस्तरमा प्रश्न उठ्ने र सार्वजनिक सेवा प्रभावकारी नहुने गुनासो वर्षौंदेखि दोहोरिँदै आएको छ। यस्ता समस्याको समाधान केवल सरकार परिवर्तन गरेर सम्भव हुँदैन। नीति कार्यान्वयन, पारदर्शिता, संस्थागत सुधार र नागरिक निगरानी एकसाथ बलियो हुन आवश्यक छ। यसमा नयाँ पुस्ताको भूमिका अत्यन्त महत्त्वपूर्ण हुन्छ।

> जब राजनीति सेवामुखी बन्छ, नेतृत्व जवाफदेही बन्छ र नागरिक सचेत तथा सक्रिय बन्छन्, तबमात्र लोकतन्त्रको वास्तविक उद्देश्य पूरा हुन्छ।

राजनीतिक दलहरूले पनि समयको माग बुझ्नुपर्छ। आजका युवा केवल आश्वासन सुन्न चाहँदैनन्। उनीहरू रोजगारी, गुणस्तरीय शिक्षा, सहज स्वास्थ्य सेवा, उद्यमशीलताको वातावरण, प्रविधिमैत्री प्रशासन, भ्रष्टाचारमुक्त शासन र समान अवसर चाहन्छन्। यी विषयमा स्पष्ट नीति र प्रभावकारी कार्यान्वयन गर्ने नेतृत्वप्रति नै उनीहरूको विश्वास बढ्नेछ। केवल चुनावी घोषणापत्रले अब जनविश्वास जित्न सक्दैन। आज ठूलो संख्यामा नेपाली युवा वैदेशिक रोजगारीका लागि विदेश जान बाध्य छन्। यसलाई केवल आर्थिक विषयका रूपमा हेर्न मिल्दैन। देशभित्र अवसरको अभाव, नीति कार्यान्वयनको कमजोरी र भविष्यप्रतिको अनिश्चितताले पनि युवालाई विदेश धकेलिरहेको छ। यदि देशभित्र उत्पादन, उद्योग, कृषि, पर्यटन, सूचना प्रविधि र उद्यमशीलताको वातावरण सिर्जना गर्न सकियो भने यही युवा शक्ति नेपालको समृद्धिको प्रमुख आधार बन्न सक्छ।

नयाँ पुस्ताले पनि आफ्नो जिम्मेवारी बिर्सनु हुँदैन। केवल सामाजिक सञ्जालमा टिप्पणी गरेर वा असन्तुष्टि व्यक्त गरेरमात्र परिवर्तन सम्भव हुँदैन। मतदानमा सहभागिता, स्थानीय तहका सार्वजनिक सुनुवाइमा उपस्थिति, नीति निर्माणबारे छलफल, स्वयंसेवा, सामाजिक अभियान र सकारात्मक नागरिक भूमिकामार्फत पनि परिवर्तन सम्भव हुन्छ। लोकतन्त्र अधिकारसँगै जिम्मेवारीको पनि व्यवस्था हो। आज आवश्यक कुरा पुस्ताबीचको द्वन्द्व होइन, पुस्ताबीचको सहकार्य हो। अनुभव र ऊर्जाको संयोजनले मात्र बलियो लोकतन्त्र निर्माण गर्न सकिन्छ। पुरानो पुस्ताको अनुभव र नयाँ पुस्ताको सिर्जनशील सोचलाई जोड्न सके नेपालले धेरै चुनौती पार गर्न सक्छ। नेतृत्व हस्तान्तरणलाई प्रतिस्पर्धाको रूपमा होइन, लोकतान्त्रिक निरन्तरताको रूपमा लिनुपर्छ।

राजनीतिलाई केवल सत्ता प्राप्त गर्ने माध्यमका रूपमा होइन, सार्वजनिक सेवाको माध्यमका रूपमा स्थापित गर्न सकेमात्र नागरिकको विश्वास बढ्छ। पद, प्रतिष्ठा र व्यक्तिगत स्वार्थभन्दा माथि उठेर राष्ट्रहितलाई केन्द्रमा राख्ने राजनीतिक संस्कृतिको विकास आजको आवश्यकता हो। नागरिकले पनि व्यक्तिपूजा होइन, नीति र कार्यसम्पादनको मूल्यांकन गर्ने संस्कार विकास गर्नुपर्छ। नेपालको लोकतन्त्र अहिले महत्त्वपूर्ण मोडमा उभिएको छ। यसलाई सुदृढ बनाउने कि कमजोर बनाउने भन्ने कुरा केवल राजनीतिक नेतृत्वले होइन, सचेत नागरिकले पनि निर्धारण गर्नेछन्। नयाँ पुस्ताको चासो, प्रश्न, सहभागिता र खबरदारीलाई नकारात्मक रूपमा होइन, लोकतन्त्रलाई परिपक्व बनाउने अवसरका रूपमा लिनुपर्छ। प्रश्न गर्ने नागरिक लोकतन्त्रका शत्रु होइनन्, उनीहरू लोकतन्त्रका संरक्षक हुन्।

अन्ततः, समृद्ध नेपाल निर्माण गर्ने जिम्मेवारी कुनै एक नेता, दल वा सरकारको मात्र होइन; यो सम्पूर्ण नागरिकको साझा दायित्व हो। जब राजनीति सेवामुखी बन्छ, नेतृत्व जवाफदेही बन्छ र नागरिक सचेत तथा सक्रिय बन्छन्, तब मात्र लोकतन्त्रको वास्तविक उद्देश्य पूरा हुन्छ। नयाँ पुस्ताको खबरदारीलाई सम्मान गर्दै उनीहरूको ऊर्जा, क्षमता र सिर्जनशीलतालाई राष्ट्र निर्माणमा उपयोग गर्न सकियो भने नेपालको लोकतन्त्र अझ बलियो, उत्तरदायी र भविष्यप्रति आशावादी बन्नेछ। यही नै आजको समयको सबैभन्दा ठूलो आवश्यकता हो।

# भत्किएको संघीय सपना



विक्रम कार्की

देशमा प्रजातन्त्र आएपछि पनि अपेक्षित विकास हुन सकेन। गरिबी निवारणले पनि उचित गति लिन सकेन। यो देखेर नेपाल विज्ञ टोनी हागनले पुस्तक 'विकास र विकेन्द्रीकरण'मा लेखे, 'प्रजातन्त्र खराब भएर यस्तो भएको होइन। शक्तिको मदले मातेका अधिनायकहरू यसको मुख्य कारण हुन्। उनीहरूले उदार समाज र अर्थतन्त्रमाथि दोहन गरे।' उनले सोमालिया, अफगानिस्तान र सुडानको हिंसाको उदाहरण दिएका छन्। समाजमा इमानदारी, न्याय र समानताजस्ता नैतिक मूल्य हुनुपर्छ। यी मूल्यहरू व्यवहारमा स्वतन्त्र रूपमा लागू हुनुपर्छ। तर यी कुरा केवल कानुन र नियममा सीमित भए।

यसैले गरिबी र असमानता विस्तार भएको उनको बुझाइ छ। कानुन र नियमले मात्र कहिल्यै विकास हुँदैन। यसरी उनले आफ्नो 'विनियमन' शब्दलाई प्रस्ट पारेका छन्। नेपालमा स्थानीय स्वायत्त शासन ऐन २०५५ निर्माण भयो। त्यसपछि नियमावली २०५६ पनि बन्यो। यसपछि केही मात्रामा विकेन्द्रीकरणको सिद्धान्त लागू गरियो। विकासमा सामाजिक परिचालनमार्फत जनसहभागिता वृद्धि गर्ने काम भयो। तर विदेशी सहायताको भरमा मात्र परियोजना अगाडि बढे। पुराना दलहरूमा व्यक्तिमुखी प्रवृत्ति हाबी भयो। राज्यका निकायमा तीव्र दलीयकरण र दोहन बढ्यो। हरेक क्षेत्रमा भ्रष्टाचार मौलायो। यसकारण विकेन्द्रीकरणसहितको विकासले मूर्तरूप लिन पाएन। जसका कारण मानिसमा असन्तोष र आक्रोशको तापक्रम बढिरह्यो।

तसर्थ, नेपालमा विकास र समृद्धिका लागि बहस सुरु भयो। राज्य पुनर्संरचनाको यो बहस सन् ६० को दशकदेखि चल्यो। मुलुकको विसंगत राजनीतिक गतिविधि र राजाको महत्त्वाकांक्षा बढ्दै गयो। सँगसँगै माओवादी आन्दोलनको गति पनि अगाडि बढ्यो। जनआन्दोलन र भूराजनीतिक चासोबीच रणनीतिक खेल चल्यो। बाह्रबुँदे सम्झौताको जगमा २०६२/६३ को आन्दोलन भयो। यसले लोकतान्त्रिक गणतन्त्रमात्र स्थापना गरेन। मधेस आन्दोलनको बलमा राज्य पुनर्संरचनाको नारा पनि लाग्यो। यही गुलियो नारासहित नेपालमा संघीयताको बीजारोपण भयो।

नेपाल संघीय शासनमा जाने निश्चित भयो। तब नेताहरूको युरोप भ्रमण तीव्र भयो। उनीहरू स्विट्जरल्यान्ड, जर्मनीलगायत उन्नत लोकतान्त्रिक मुलुक पुगे। सुशासन, क्षेत्रीय सन्तुलन र समृद्धिका लागि गोष्ठीहरू भए। यस्ता गोष्ठीतारे होटेलदेखि ग्रामीण भेगसम्म विस्तार भए। नेपाल स्विट्जरल्यान्ड र सिंगापुरजस्तै हुने सपना देखाइयो। आशामा बाँचेका नागरिकहरू पनि यही अभियानमा लागे। २०७२ सालमा संविधान जारी भयो। त्यसपछि २०७४ सालमा स्थानीय सरकार सञ्चालन ऐन आयो। त्यही वर्ष प्रशासनिक संघीयता कार्यान्वयनको प्रयास भयो। यसका लागि कर्मचारी समायोजन प्रक्रिया अघि बढाइयो।

पिरामिड आकारमा हुनुपर्ने कर्मचारी संरचना उल्टो बनाइयो। यो संघीयताको मर्म र सिद्धान्तविपरीत थियो। निजामती कर्मचारी समायोजन गर्दा एक तह बढुवा गरियो। तर अन्य कर्मचारीलाई समान तहमा मात्र राखियो। तत्कालीन केपी शर्मा ओली नेतृत्वको सरकारले असमानताको नीति र व्यवहार प्रस्ट रूपमा प्रदर्शन गऱ्यो। कर्मचारीसम्बन्धी ऐन र नियम समयमै जारी गरेन। यसले गर्दा सरुवा र बढुवाको व्यवस्थापन अस्तव्यस्त बन्यो। शक्ति र सत्ताको आडमा मात्र सरुवा हुन थाल्यो। यस्तै गलत प्रणाली राज्यमा स्थापित गरियो।

संघमा कर्मचारी दरबन्दी थप्ने काम भने निरन्तर भयो। तर कानुनले अधिकार सम्पन्न बनाएको स्थानीय तह रित्तै रह्यो। त्यहाँ पर्याप्त जनशक्ति पठाउने काम अत्यन्त सुस्त भयो। राजनीतिक नेतृत्व र उच्च कर्मचारीको नियतले यस्तो भयो। स्थानीय तहमा राजनीतिक आडमा करारमा कर्मचारी भर्ना गरिए। यसैलाई रोजगारी सिर्जनाको झुटो भाष्य खडा गरियो। यसले राज्यमा चालु खर्चको ठूलो भार थुपाऱ्यो। अन्ततः यसले प्रशासनिक संघीयतालाई नै भद्दा बनायो। संघीय शिक्षा ऐन र नियमावली अझै बनेनन्। अभावका कारण स्थानीय तहमा शिक्षासम्बन्धी मनोमानी निर्णय भए। हुकुमी शासनको भरमा विद्यालय सञ्चालन हुन थाले। शिक्षकहरूलाई मानसिक तनावमा काम गर्ने वातावरण बनाइयो।

संविधानले दिएको एकल अधिकारलाई स्पष्ट पारिएन। नागरिकहरूका जायज गुनासोलाई पनि सम्बोधन गरिएन। अनुसूची-८ मा स्थानीय तहको एकल अधिकार तोकिएको छ। त्यसमा व्यवसाय कर उठाउने अधिकार स्पष्ट उल्लेख छ। अर्कोतिर, अनुसूची-६ मा प्रदेशको एकल अधिकार पनि छ। त्यहाँ प्रदेशभित्रको व्यापारसम्बन्धी अधिकार राखिएको छ। यही टेकेर प्रदेश सरकारले व्यापार ऐन बनाई कर लियो। यसरी दोहोरो करको मारमा पर्दा नागरिकमा जनाक्रोश बढेको छ। २०७४ मा पहिलो प्रदेश निर्वाचन सम्पन्न भयो। त्यसपछि केही नेताको पहुँच र स्वार्थ हाबी भयो। संघीयताको सिद्धान्तविपरीत प्रदेश राजधानी बेपायक स्थानमा तोकिए। भागबन्डा सहज बनाउन संविधानको छिद्र प्रयोग गरियो। प्रदेश मन्त्रिपरिषद् संघकै हाराहारीमा जम्बो बनाइयो।

बजेट आउनु एक महिनाअघि नै जनप्रतिनिधि राजधानी धाउन थाले। नजिकका कार्यकर्ताले बिनालागत इस्टिमेट विकास आयोजना टिपाउन थाले। यस्तो गलत अभ्यास नै राजनीतिक संस्कारको रूपमा विकास भयो। जनताको नजरमा प्रदेश सरकार बिचौलियाको रूपमा स्थापित हुन खोज्यो। नेतृत्व आफैंले यस्तो भाष्य र मानक निर्माण गरिदियो। विकेन्द्रीकरण र असल शासन सिक्न नेताहरू स्विट्जरल्यान्ड भ्रमण गर्थे। तिनै नेताको रकम स्विस बैंकमा जम्मा भएको समाचार आयो। 'ट्याक्स हेभेन' मानिने बैंकमा पैसा पुग्दा नागरिक चकित परे।

संघीयताको मर्मविपरीत प्रदेश सरकारमा केन्द्रीय नेताको हस्तक्षेप रह्यो। स्वार्थ र गुट व्यवस्थापनका लागि प्रदेश सरकार बारम्बार फेरिए। यद्यपि, उनीहरूले राजनीतिक स्थिरता र विकासको नारा भने लगाइरहे। २०७४ मा प्रदेश सरकार स्थापना भएको थियो। त्यसयता सरकार परिवर्तनको तथ्यांक अत्यन्त निराशाजनक देखिन्छ। यी विकृतिकै कारण पुराना दलहरूले जनमत गुमाउँदै गए। शीर्ष नेताहरूकै कारण दोस्रो कार्यकालको प्रदेश सरकार पनि फेरियो। यसले प्रदेशमा राजनीतिक अस्थिरतालाई थप संस्थागत बनाएको छ।

२०७२ को संविधानपछि नेपालमा संघीय शासन प्रणाली लागू भयो। प्रदेश सरकारको मुख्य उद्देश्य शासनमा स्थिरता ल्याउनु थियो। क्षेत्रीय सन्तुलन कायम गर्दै नागरिकको नजिक सेवा पुऱ्याउनु थियो। विकासलाई विकेन्द्रीकरण गर्दै समावेशी शासन सुनिश्चित गर्नु अर्को लक्ष्य थियो। तर पुराना दलका नेताहरूकै कारण कार्यान्वयनमा चरम विकृति देखियो। प्रदेश संरचनाले महत्त्वपूर्ण र गम्भीर चुनौतीहरू सामना गर्नु पऱ्यो। तसर्थ, नेपालमा प्रदेश र स्थानीय निर्वाचन सन्निकट आइरहेको छ। यस अवस्थामा प्रदेश संरचना सुधारसम्बन्धी नयाँ बहस थालनी भएको छ।

विद्यमान विकृति र विसंगतिबाट नागरिक वाक्कदिक्क भइसकेका छन्। रास्वपाले स्पष्ट नीति र दृष्टिकोणका साथ उसले खर्च कटौतीसहितको सुधारिएको प्रदेश संरचनाको वकालत गरेको छ। तीन सरकारबीचको भूमिका, अधिकार र जिम्मेवारी स्पष्ट पार्ने उसको नीति छ। साथै, दोहोरोपन हटाउने र निर्वाचन प्रणाली सुधार गर्ने योजना छ। राजनीति भनेको सही नीति र प्रणालीको व्यवस्थापन पनि हो। मुलुकको हितका लागि राजनीतिक दलहरूको सहमतिमा संविधान संशोधन गर्नुपर्छ। रास्वपाले आफ्नो नीति र घोषणापत्रमै यो कुरा उल्लेख गरेको छ। अब प्रदेश संरचना सुधारमा जानु नै सबैको हितमा हुनेछ।

# वाह रे अंग्रेजी !



यमुना पराजुली अधिकारी

**प्रसंग १** : केही समय अगाडि चर्चित लोकगायिका अञ्जली अधिकारी अन्तर्वार्तामा भक्कानिएर रोइरहेको भिडियो सामाजिक सञ्जालमा भाइरल भइरहेको थियो। उनी किन त्यसरी रोइन् ? कारण रहेछ- उनले अंग्रेजी बोल्न नजान्दा सञ्जालहरूमा गरिएको 'ट्रोल'। भन्दै थिइन्, 'मलाई अंग्रेजी राम्रो नआउला तर नेपाली बोल्न त आउँछ नि! म नेपाली नागरिक हुँ। नेपाली बोल्न आएन भने त्यो बेला गिल्ला गर्न सुहाउँछ। हाम्रो मानसिकता कस्तो ?' सेलिब्रेटीहरूले कनिकुथी भए पनि अंग्रेजी बोल्नैपर्ने, त्यो पनि आफ्नै देशमा ? अनि नेपालीबाटै ट्रोलको सिकार हुनुपर्ने ? गज्जब छ बा!

**प्रसंग २** : लामो समय अमेरिका बसेर फर्केकी चर्चित नायिका करिश्मा मानन्धर कार्यक्रममा जबरजस्ती अंग्रेजी बोल्न खोज्दा बोल्नै नसकेको भिडियो सञ्जालहरूमा छताछुल्ल थियो। सकिनसकी भए पनि उनी त्यो वाक्यलाई पूरा गरेरै छोड्ने कोसिसमा थिइन्। नेपालको काठमाडौंमा भएको उक्त कार्यक्रममा नेपाली नबुझ्ने सायदै थिए। तैपनि खै के थियो कुन्नी, त्यो अंग्रेजीमा लडखडाउँदै भए पनि उनले ती अंग्रेजी लाइन सकेरै छाडिन्। सायद ती लाइन उनले घरमा कण्ठ पारेर आएकी थिइन्। नर्भस भएकी त पक्कै होइन। त्यो भिडियो पूरै हेरेपछि लाग्यो- 'वाह रे अंग्रेजी ! तेरो सान अलग।'

**प्रसंग ३** : केही समय अगाडि एक साथी छोराछोरीसहित अमेरिकाबाट नेपाल आइन्। उनकै अपार्टमेन्टमा गएँ। अमेरिका जानुअघि पनि उनका छोराछोरीलाई भेटेकी थिएँ। उनीहरू राम्रोसँग बोल्ने भइसकेका थिए। केही वर्ष पछाडि आएका उनीहरू खुसी होलान् भनेर मेरा चित्र पुस्तकहरू बोकेर गएकी थिएँ। तर, ती पुस्तक पढ्नु त के उनीहरूले नेपाली बोल्नसमेत बिर्सिसकेछन्। छक्क लाग्यो र भनें, 'उतै जन्मिहुर्की गरेको भए त एउटा कुरा। के गरेको यस्तो ? नेपाली बोल्न त सिकाउनु पर्दैन ! घरमा नेपाली बोल्दैनौ र ?' उनले लापरबाहीपूर्ण जवाफ दिइन्, 'नेपाली बोलेर के गर्नु त्यहाँ ? हामी बूढाबूढी नेपाली बोले पनि उनीहरूको अगाडि त अंग्रेजी नै बोल्छौं।' छोराछोरीले अंग्रेजी मात्र बोलेकोमा उनी गमक्क देखिन्थिन्। अमेरिकामा बस्ने साथीहरूको उदाहरण पनि दिएँ- छोराछोरीले नेपाली भाषा बिर्सेलान् कि भनेर नेपाली किताबहरू मगाएर पढाउने, घरमा नेपालीमात्र बोल्ने गर्छन्।

**प्रसंग ४** : अमेरिकामै एकजना सर हुनुहुन्छ। तीन वर्षअघि मेसेन्जरमा म्यासेज बज्यो, 'म्याडम नमस्ते!' म्यासेजहरू आइरहेकै हुन्छन्। पहिला म्यासेज गर्ने मान्छेको प्रोफाइल चेक नगरी रिप्लाई दिन्नँ। प्रोफाइलमा नेपाली पुस्तकहरू पढेर निर्मम प्रकारका समीक्षा गरिएको पोस्ट टन्नै थिए। पुस्तक पढिसकेर मन राख्न 'राम्रो छ!' भनेका पोस्टहरू धेरै देखिन्छन्। तर, आफूलाई जे लाग्छ त्यो भन्न एकदम कमले मात्र सक्छन्। जसले राम्रो-नराम्रो दुवै भन्न सक्छ, उसले पूरै किताब पढेको पनि हुन्छ। उहाँको शैली खुब मन पऱ्यो। 'कल गर्न मिल्छ ?' भनेर अनुमति माग्नुभयो। बोल्नुभयो। कारण रहेछ- 'उहाँकी सानी छोरी रहिछिन्। कक्षा ६ मा पढ्ने। उहाँलाई पीर रहेछ कि कतै मेरी छोरीले यो बिरानो मुलुकमा आएर नेपाली भाषा त बिर्सने होइन ?

यसैले उहाँ आफू पनि सकेसम्म नेपाली पुस्तक पढ्ने र छोरीलाई पनि भेटेसम्म बालसाहित्यका पुस्तक पढाउनु हुँदोरहेछ। मेरा बाल पुस्तकहरूका पोस्ट फेसबुकमा देखेपछि छोरीका लागि पुस्तक पठाइदिन सम्पर्क गर्नुभएको रहेछ। उहाँको कुरा सुनेर मन ढक्क फुल्यो; कोही भने नेपाली भाषाप्रति यति गर्व र माया गर्ने, कोही भने नेपाली बोल्न नसक्दा गर्व गर्ने! पुस्तकहरू पठाइदिँदै भनें, 'मेरा यी पुस्तकका समीक्षा पनि अरूका जस्तै आउन् है ?' उहाँले हाँस्दै भन्नुभयो, 'लेखक बिगार्ने काम गर्दिनँ। नेपाली लेखकप्रति अति माया छ। चाहिने र हुनेभन्दा बढी प्रशंसा गरेर लेखक बिगारेको देखेको छु। गल्ती औंल्यायो भने लेखकले सच्चिने मौका पाउँछन्।' पछि उहाँको छोरीसँग मैले भिडियो कलमा कुरा गरें। आहा! कति शुद्ध नेपाली बोलेकी। अमेरिकामा जन्मी-हुर्की गरेकी नानीको नेपाली त्यति शुद्ध सुनेर म दंग परें। उहाँहरूको घरमा कोही पनि अंग्रेजी नबोल्ने नियम नै रहेछ। यसैले उनको नेपाली यति शुद्ध भएको रहेछ। अमेरिकामा जन्मेर पनि नेपाली प्रष्ट बोल्न सक्ने बनाएकोमा त्यो परिवार आफूप्रति छुट्टै गर्व गर्दथ्यो।

**प्रसंग ५** : केही दिन अघिमात्र स्कुलमा आफ्ना पुस्तक पढेका बालबालिकासँग स्कुलको निम्तोमा कुराकानी गर्न गएँ। कहिल्यै सोचिनँ कि मेरा नेपाली पुस्तक पढेका नानीबाबुले मसँग कुरा गर्न अंग्रेजीमा प्रश्न बनाएर बसेका छन् भनेर। कुराकानीको सुरुमै उनीहरू भकाभक अंग्रेजीमा कुरा गर्न थाले। तुरुन्त हात उठाएर भनें, 'म नेपाली लेखक, मसँग त नेपालीमा कुरा गर्नुपर्छ।' उनीहरू छक्क परे। कुराकानीमै थाहा भयो, ती बालबालिकाको घरमा नेपाली नै बोलिन्न रे! उनीहरूलाई 'कुन-कुन पुस्तक पढ्नु भएको छ ?' भनेर सोध्दा नेपालीको त नामै लिँदैनन्। ३८ जना समूह रहेको ठाउँमा एकजनाले हात उठाए- 'मैले नेपाली पुस्तक पढेको छु।' कस्तो नरमाइलो लाग्यो। कुराकानी सकेर निस्कँदै गर्दा नेपाली शिक्षक आउनुभयो र भन्नुभयो, 'हेर्नु न म्याम यस्तै छ, नेपाली सिकाउन धेरै गाह्रो छ। ७८ र ६८ भनेको कति हो भनेर सोध्यो भने अहिले धेरै बालबालिकाले भन्न सक्दैनन्।'

मनले भन्यो, 'जबसम्म हामी नेपाली जानेन, अंग्रेजी जान्यो भनेर गर्व गर्न छोड्दैनौं, तबसम्म यस्तै हो।' तर म मुसुक्क हाँसें मात्र।

# नेपालयले ल्यायो २५ वर्षमुनिका ७५ लेखक

**सागर घले** | *काठमाडौं*

पब्लिकेसन नेपालयले २५ वर्षमुनिका ७५ लेखकका विभिन्न तीन विधामा आधारित कथा, कविता र निबन्ध पुस्तकको शनिबार लोकार्पण गरेको छ।

कथा विधामा प्रकाशित पुस्तकमा अजय कार्की, अनिता धिताल, अनुष्का लामिछाने, अमित भट्टराई, आर्या अधिकारी, ईशान ढकाल, उमेश कार्की, कविराज क्षत्री, कृतिशा अमात्य, तेजकुमार राई, दीपक गौतम, दीपिका खतिवडा, नवीन धमला, निश्चल भण्डारी, नीरव, परीक्षा शर्मा, प्रनिका श्रेष्ठ, प्रशान्त वाग्ले 'प्राकृतिक', मुधुसूदन घिमिरे, रोदिनलाल श्रेष्ठ, शिवराज शाही, समर्पण न्यौपाने, समिन गैरे, सुमन पौडेल र सोमनाथ लुइँटेलका कथा संकलित छन्।

यी छानिएका नयाँ कथाकार र आख्यानकार नारायण वाग्लेबीच एक घण्टा खुला वार्तालाप चलेको थियो। 'तपाईंहरूको कथाशैली र शिल्प पढेर म छक्क परेको थिएँ,' छनौटकर्ता नारायण वाग्ले भन्दै थिए, 'आज तपाईंहरूका यति परिपक्व प्रश्न र धारणा सुनेर जेन-जीको आख्यान-आन्दोलन आइपुगेको आभास भयो मलाई।'

यसैगरी कविता विधामा अनिता तिवारी, अनुपा गैरे, आर्य निरौला, उत्सव आचार्य, उषा लिम्बू, कम्मान रावल, गायत्री नेपाल, गौरव न्यौपाने, जोनसन श्रेष्ठ, डोल्मा लामा, तीर्थराज विश्वकर्मा, दुर्गा खतिवडा, नवीनकुमार नेपाली, नारन न्यौपाने, प्रज्वल लोहनी, प्रदीप योङ्हाङ, प्रिशा शशी लेखक, युक्ता सुनुवार, रसिला धमला, श्रव्य आरिया, समृद्ध हमाल, सुजता बस्याल, सुदर्शनप्रकाश खड्का, सुरंगा सेढाईं र स्पन्दन झा छानिएका छन्।

यी कविसँग कवि तथा आख्यानकार श्रवण मुकारुङको अर्को खुला सेसन चलेको थियो। 'तपाईंहरूका कविताले मलाई पुरानो थोत्रो कोटझैं बनायो, यो तपाईंहरूको समय हो' श्रवण मुकारुङ भन्दै थिए, 'नयाँ स्वर सुन्न चाहनेका लागि म तपाईंहरूको कृति सबैलाई सिफारिस गर्छु।'

यसैगरी निबन्ध विधामा अनुकृत लामिछाने, अविरल जाग्री, कञ्चनकुमार बस्नेत, कवीन्द्र जोशी, कृषा दाहाल, जयनी पण्डित, जिज्ञाशा सोनम, धीरजप्रताप मल्ल ठकुरी, नुमा थाम्सुहाङ, परिमलप्रकाश नेपाल, भूमिका थारु, मनस्वी बान्तवा, ममता घिमिरे, महिता श्रेष्ठ, मोहन संग्राम, विक्रम नेपाल, विनोद लामिछाने, विवेक भट्टराई, शून्य नयन, सलिना बाँस्तोला, संयोग बस्याल, संस्कृति रिजाल, सन्जिला खनाल, सागर घले र सापेक्ष छानिएका छन्।

तीन विधाका रचना छनौटका लागि नेपालयले तीन सदस्यीय छनौट समिति बनाएको थियो जस्मा कवि श्रवण मुकारुङ, आख्यानकार नारायण वाग्ले र लेखक भूषिता वशिष्ठले ७५ रचना चयन गरेका हुन्।



युवा लेखकहरूका परिपक्व विचार, धारिला प्रश्न र गहिरा जिज्ञासाले तीनै छनौटकर्ता चकित देखिन्थे। श्रवण मुकारुङले भने, 'आजको दिन नेपाली साहित्यमा एउटा ऐतिहासिक दिन हो, जहाँ बलिया लेखकहरू सिजर्नशील, वैचारिक हस्तक्षेपसहित उदाएका छन्।'

निबन्धकार भूषिता वशिष्ठ यी नयाँ निबन्धकारसित अनलाइनमा जोडिएकी थिइन्। 'तपाईंहरूका रचना पढ्न पाउनु मेरा लागि जति सुरुचिपूर्ण भयो, उति नै शिक्षाप्रद पनि,' भूषिता वशिष्ठ भन्दै थिइन्, 'तपाईंहरूको विषय, शैली, साहित्यिक प्रौढता सुन्दर छ।'

'पल्पसा क्याफे' उपन्यास प्रकाशन गर्दै सुरु भएको हाम्रो यात्रा २० वर्ष पुगेको अवसरमा हामीले नयाँ पुस्ताका लेखक खोजी गरेका हौं,' नेपालयका टिम लिडर किरणकृष्ण श्रेष्ठले भने, 'यी उत्साही युवा लेखकलाई यसरी एकै ठाउँ भेट्न पाउँदा मैले आफूलाई पल्पसा क्याफेपछिको फैलिँदो साहित्यिक वृत्तमा पाइरहेको छु।'

सन् २५ मा '२५ वर्षका २५' शीर्षकमा खुला रचना आह्वान गरिएको थियो। 'संसारभरबाट उत्साहजनक सहभागिता भयो,' आह्वानका परिकल्पनाकार तथा सम्पादक विमल आचार्य भन्दै थिए, 'युवाहरूको बलियो उपस्थितिले साहित्यमा नयाँ सम्भावनाको ढोका खोलेको छ।' युवाहरू पढ्दैनन्, लेख्दैनन् भन्ने भाष्यमाथि सानोतिनो अनुसन्धान सर्वेक्षण नै भएको भन्दै आचार्यले तीन पुस्तकहरूमा 'ककनीको कथा'अन्तर्गत यो आह्वानले उजागर गरेका विभिन्न पाटाहरूमाथि लेखेका छन्।

नेपालयले शनिबार बिहानै ९ बजेदेखि बेलुका ६ बजेसम्म विभिन्न कार्यक्रमसहित नेपालय साहित्य उत्सव आयोजना गरेको थियो। जसअन्तर्गत ऐतिहासिक समाजशास्त्री तथा 'सन्धिकाल' पुस्तकका लेखक लोकरञ्जन पराजुलीले 'नेपालमा पुस्तकालय र पठन परम्परा' शीर्षकमा किनोट स्पिच दिएका थिए। सार्वजनिक पुस्तकालयको आवश्यकता र महत्त्वबारे युवा लेखकहरूबीच उनले सारगर्भित मन्तव्य दिएका थिए।

नेपालयले अघिल्लो वर्ष प्रकाशन गरेका तीन उपन्यास 'जगज्जननी उसकी आमाको नाम होइन'का सर्जक नारायण ढकाल, 'सलह'का सर्जक श्रवण मुकारुङ र 'पैकेलो'का सर्जक ओम रिजालबीच 'आजको आख्यान' शीर्षकमा सिर्जना खड्काको सहजीकरणमा छलफल भएको थियो।

उत्सवको अन्त्यमा नेपथ्य ब्यान्डले सन् २००४ मा गरेको नेपाल यात्राबारेको डकुमेन्ट्री फिल्म देखाइएको थियो। साथै नेपालयले हरेक अंग्रेजी महिनाको तेस्रो शुक्रबार आरशालामा फिल्म क्लबको घोषणा गरेको छ।

# घरबाटै 'ड्रग डिलिङ' धन्दा

## घरभरि सीसीटीभी, सुरक्षाका लागि कुकुर

**अजवी पौड्याल** | *काठमाडौं*

ललितपुरको कुपण्डोलस्थित एउटा तीनतले घर। घरको चारैतिर सीसीटीभी क्यामेरा। सुरक्षाका लागि बाहिर कुकुर। घरभित्र प्रवेश गरेपछि पनि तीनवटा फलामे ढोका। अनि माथिल्लो तलामा छुट्टै कोठा-जहाँबाट लागुऔषधको कारोबार चल्थ्यो।

प्रहरीका अनुसार यही घरलाई 'ड्रग डिलिङ अफिस' बनाएर लागुऔषधको कारोबार गर्दै आएका ललितपुर महानगरपालिका-१ कुपण्डोलका प्रज्ज्वल केसी हाल जिल्ला प्रहरी परिसर ललितपुरको हिरासतमा छन्। केसीलाई प्रहरीले घरबाटै ११० ग्राम ३५० मिलिग्राम खैरो हेरोइनसहित पक्राउ गरेको हो। उनको साथबाट लागुऔषध तौलने डिजिटल तराजु, कारोबारमा प्रयोग भएका पाँचवटा सिमकार्डसहितका पाँचवटा मोबाइल फोनसमेत बरामद भएको नेपाल प्रहरीको लागुऔषध नियन्त्रण ब्युरोले जनाएको छ।

ब्युरोका प्रवक्ता दुर्गाराज रेग्मीका अनुसार केसी लामो समयदेखि लागुऔषध सेवन तथा कारोबारमा संलग्न रहेको खुलेको छ। यसअघि पनि उनी लागुऔषध मुद्दामा पक्राउ परेर कारागार पुगेका थिए।

प्रहरीका अनुसार केसीको कारोबारको सुराक उनका एक साथी पक्राउ परेपछि खुलेको थियो। केही दिनअघि लागुऔषध मुद्दामै पक्राउ परेका ती व्यक्तिमाथि अनुसन्धान गर्ने क्रममा केसीसँगको सम्बन्धबारे प्रहरीलाई जानकारी प्राप्त भएको थियो। त्यसपछि प्रहरीले लागुऔषध सेवनकर्ता तथा कारोबारीको प्रोफाइलिङका क्रममा केसीमाथि पनि निगरानी बढाएको थियो। प्राप्त सूचनालाई पछ्याउँदै जाँदा प्रहरी उनको घरसम्म पुगेको थियो।

प्रहरीका अनुसार केसी केही साथीहरूसँगै घरमा बस्दै आएका थिए। उनको परिवार तथा अभिभावकका विषयमा भने प्रहरीले थप अनुसन्धान गरिरहेको जनाएको छ। प्रहरी अनुसन्धानबाट केसीले लागुऔषध कारोबारका लागि घरको संरचनासमेत योजनाबद्ध रूपमा प्रयोग गरेको देखिएको छ। तीनतले घरको माथिल्लो तलालाई उनले कारोबारका लागि प्रयोग गर्थे। घरको वरिपरि सीसीटीभी क्यामेरा जडान गरिएको थियो। आफ्नै बेडरुमबाट उनले सीसीटीभीमार्फत बाहिर आउने व्यक्तिमाथि निगरानी राख्ने गरेको प्रहरीको भनाइ छ। सुरक्षाका लागि घरमा कुकुरसमेत राखिएको थियो। अपरिचित व्यक्ति प्रवेश गरेलगत्तै थाहा पाउने गरी सुरक्षा व्यवस्था मिलाइएको थियो। त्यति मात्र होइन, उनको कोठासम्म पुग्न तीनवटा फलामे ढोका पार गर्नुपर्ने संरचना बनाइएको थियो। प्रहरीका अनुसार पक्राउ पर्न सक्ने जोखिमलाई ध्यानमा राखेर घरको प्रवेश संरचना नै सुरक्षित बनाइएको देखिन्छ।

केसीको लागुऔषध कारोबारको सम्बन्ध विराटनगरसम्म जोडिएको प्रहरी अनुसन्धानबाट खुलेको छ। प्रहरीका अनुसार उनी केही महिनाअघि मात्रै कारागारबाट छुटेका थिए। विगतमा विराटनगरबाट लागुऔषध ल्याएर काठमाडौंमा बिक्री गर्ने गरेको अनुसन्धानबाट खुलेको छ। २०७९ जेठमा लागुऔषध खैरो हेरोइनसहित उनी ललितपुरबाट पक्राउ परेका थिए।

त्यसपछि नख्खु हुँदै भीमफेदी कारागार पुगेका केसी कारागार बसाईका क्रममा विराटनगरका अन्य लागुऔषध कारोबारीसँग सम्पर्कमा आएका थिए। त्यही सम्पर्कलाई उनले कारागारमुक्त भएपछि कारोबारको आधार बनाएको प्रहरीको प्रारम्भिक निष्कर्ष छ।

प्रहरीका अनुसार केसी २०८२ चैतमा कारागारबाट छुटेका थिए। छुटेलगत्तै उनी पुन: लागुऔषध कारोबारमा सक्रिय भएको देखिएको छ। प्रहरीका अनुसार लागुऔषध मुद्दामा पक्राउ परी कारागारबाट छुटेपछि पुन: कारोबारमा संलग्न हुने व्यक्तिमाथि निगरानी बढाउने क्रममा केसी प्रहरीको 'नोटिस'मा परेका थिए।

प्रहरीले लागुऔषध सेवनकर्ता र कारोबारीको प्रोफाइलिङलाई तीव्र बनाएसँगै केसीको गतिविधिसमेत निगरानीमा परेको थियो। अनुसन्धानका क्रममा उनी आफैं लागुऔषध सेवन गर्ने मात्र नभई आफ्ना साथीहरूलाई समेत लागुऔषधको लतमा पार्ने गतिविधिमा संलग्न रहेको खुलेको प्रहरीको भनाइ छ।

प्रहरीका अनुसार घरको संरचना, सीसीटीभी, कुकुर, फलामे ढोका र सञ्चारका लागि विभिन्न सिमसहितका मोबाइलको प्रयोगले उनले कारोबारलाई सामान्य व्यक्तिगत गतिविधिभन्दा व्यवस्थित र सुरक्षित बनाउने प्रयास गरेको देखिन्छ।


NIC ASIA
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: का.म.पा., वडा नं. २८, कमलादी, प्रज्ञा मार्ग
फोन नं.: +९७७-१-५९७१२९७/९८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
केन्द्रिय असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

## जमानतकर्तालाई ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ९० (नब्बे) दिने सार्वजनिक सूचना

यस बैंकबाट ऋणीले लिएको कर्जाको लागि तहाँ जमानतकर्ताले व्यक्तिगत जमानत दिनु भएकोमा ऋणीले ऋण कर्जाको किस्ता रकम चुक्ता भुक्तान नगर्नु भएकाले विभिन्न मितिको राष्ट्रिय दैनिक पत्रिकामा ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान नभएको, ऋणीले उक्त धितो सुरक्षण स्वरुप रहेको सवारी साधन बैंकलाई समेत नबुझाउनु भएको, उक्त सवारी साधन खोजतलास गर्दा कही कतै फेला नपरेको हुँदा तहाँ जमानतकर्ताले बक्यौता रहेको ऋण कर्जा, साँवा, व्याज, हर्जना व्याज तथा अन्य शुल्क चुक्ता भुक्तान गर्नु/गराउनु हुन सम्बन्धी यो ९०(नब्बे) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ९०(नब्बे) दिन भित्र यस बैंकमा सम्पर्क गरी सम्पूर्ण कर्जा, साँवा, व्याज, हर्जना व्याज तथा अन्य शुल्क चुक्ता भुक्तान गर्नुहोला अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसंग गरेको लिखत, नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम तहाँ जमानतकर्तालाई समेत कालोसुचिमा समावेश गरि बाँकी रहेको कर्जा असुल उपर गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जाय जेथा श्रीसम्पत्तिबाट बाँकी सम्पूर्ण लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको विवरण |
|---|---|
| १ | नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यलय बिराटनगरमा प्रा.फ.र.नं.: २१७८६/०६४ अन्तर्गत मिति २०६४/१०/०६ मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको मोरङ जिल्ला, विराटनगर उ.म.न.पा वडा नं. १४ स्थित **जय वावा फिस सेन्टर** । |
| | **जमानीकर्ताहरु: १) अजय कुमार कहार, स्थायी ठेगाना** : मोरङ जिल्ला, विराटनगर उ.म.न.पा वडा. नं. २२, **हालको ठेगाना** : मोरङ जिल्ला, विराटनगर म.न.पा वडा. नं. १७, **बाबु** : मुनचन कहार, **बाजे** : बिरु कहार **२) श्रवण कहार, स्थायी ठेगाना** : मोरङ जिल्ला, विराटनगर उ.म.न.पा वडा. नं.२२, **हालको ठेगाना** : मोरङ जिल्ला, विराटनगर म.न.पा वडा. नं.१७, **बाबु** : अजय कुमार कहार, **बाजे** : मुनचन कहार **३) पिंकि कुमारी मण्डल, स्थायी ठेगाना** : मोरङ जिल्ला, विराटनगर म.न.पा वडा. नं.१५, **हालको ठेगाना** : मोरङ जिल्ला, विराटनगर म.न.पा वडा. नं. १७, **बाबु** : श्याम देव मण्डल, **ससुरा** : अजय कुमार कहार, **पति** : श्रवण कहार **४) ललिता कहार, स्थायी ठेगाना** : मोरङ जिल्ला, विराटनगर उ.म.न.पा वडा. नं.२२, **हालको ठेगाना** : मोरङ जिल्ला, विराटनगर म.न.पा वडा. नं.१७, **बाबु** : रामनाथ कहार, **ससुरा** : मुनचन कहार, **पति** : अजय कुमार कहार |
| २ | नेपाल सरकार, बाणिज्य तथा आपूर्ति मन्त्रालय, बाणिज्य विभागमा प्रा.फ.र.नं. १००६०२/०६८/०६९, स्थानीय व्यापार अन्तर्गत मिति: २०६८/०८/०६ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३४, नयाँ बानेश्वर स्थित **वि.वन क्रिएशन इन्टरप्राइजेज** । |
| | जमानीकर्ताहरु: १) बिनोद प्रसाद सापकोटा, ठेगाना: मकवानपुर जिल्ला, मकवानपुरगढी गा.वि.स. वडा नं. ८ बाबु: कृष्ण प्रसाद सापकोटा, बाजे: भव नाथ सापकोटा २) राधिका हुमागाई, ठेगाना: मकवानपुर जिल्ला, आमभञ्ज्याङ गा.वि.स. वडा नं. ९ बाबु: हिरामणि हुमागाई, ससुरा: कृष्ण प्रसाद सापकोटा, पति: बिनोद प्रसाद सापकोटा |
| ३ | **रमेश कुमार श्रेष्ठ**<br>स्थायी ठेगाना: दोलखा जिल्ला, चरिकोट गा.पं. वडा नं. १, हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ६, बाबु : रुद्र बहादुर श्रेष्ठ, बाजे : हिरा बहादुर श्रेष्ठ |
| | **जमानीकर्ता: १) गीता श्रेष्ठ,** स्थायी ठेगाना : रामेछाप जिल्ला, कठजोर गा.वि.स. वडा नं. ६, हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ६, बाबु : गुज्ज बहादुर श्रेष्ठ, ससुरा: रुद्र बहादुर श्रेष्ठ, पति : रमेश कुमार श्रेष्ठ |
| ४ | प्रदेश सरकार, प्रदेश नं. २ उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय वीरगंज, पर्सामा उद्योग दर्ता नं.: १३२२३/०७७/०७८ अन्तर्गत मिति २०७८/०३/०७ मा औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ५ तथा औद्योगिक व्यवसाय नियमावली २०७६ को नियम ४ बमोजिम दर्ता भएको पर्सा जिल्ला, विन्दावासीनी गा.पा. वडा नं. २ स्थित **अर्जुन माछा पालन फर्म** । |
| | **जमानीकर्ताहरु: १) प्रमीला देवी,** स्थायी ठेगाना : पर्सा जिल्ला, बिन्दावासिनी गा.वि.स. वडा नं. ३, हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १९, बाबु : राम चन्द्र साह कानु, ससुरा : जोखु सा कानु, पति : अर्जुन सा कानु, **२) अर्जुन सा कानु,** स्थायी ठेगाना : पर्सा जिल्ला, बिन्दावासिनी गा.वि.स. वडा नं. ३, हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १९, बाबु : जोखु सा कानु, बाजे : मोती सा कानु, **३) वृज विहारी साह कानु,** स्थायी ठेगाना : पर्सा जिल्ला, बिन्दावासिनी गा.वि.स. वडा नं. ३, हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १९, बाबु : जोखु सा कानु, बाजे : मोती सा कानु, **४) जोखु सा कानु,** स्थायी ठेगाना : पर्सा जिल्ला, वर्वागोग गा.वि.स. वडा नं. ३, हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १९, बाबु : मोती सा कानु, बाजे : व्रहमदेव साह कानु |

नोट: ऋणी/सञ्चालक/प्रोपाईटर बाहेक सूचनामा उल्लेखित अन्य ब्यक्तिहरुको नाम ऋणी/सञ्चालक/प्रोपाईटरको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।



PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालय : कमलपोखरी, काठमाण्डौ, फोन नं.: ०१- ४५२३४३२/३२/३४/३६
शा.का.: महाबौद्ध काठमाण्डौ, फोन नं. : ०१-४२६८९४०/ ४२१६७०६
शा.का.: सामाखुसी, काठमाण्डौ, फोन नं.: ०१-४९५३२६८
शा.का.: पाल्पारोड बुटवल, रुपन्देही, फोन नं. ०७१-५४१६९४/९५/९६
को

## तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीको धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी ७ (सात) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८३/०४/२५ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी यो ७ (सात) दिने अत्यन्त जरुरी सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

शाखा कार्यालय: महाबौद्ध काठमाण्डौ

**ऋणीको विवरण**

नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग बबरमहल, काठमाडौमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०६७/०८/२१ मा दर्ता नं. ९५२५५/०६७/६८ कायम भई दर्ता भएको काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. २९ स्थित ओल्ड डिकेबी फेशन एक्सपोर्टर प्रोप्राइटर: देव प्रसाद महर्जन

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. आशा मरु महर्जनको नाति, आशा नारायण महर्जनको छोरा, काठमाडौ जिल्ला, का.म.न.पा. वडा नं. २९ स्थित स्थायी ठेगाना भएको देव प्रसाद महर्जन (ना.प्र.प.नं. १५४२/२७३, काठमाडौ)
२. आशा नारायण महर्जनको बुहारी, देव प्रसाद महर्जनको पत्नी, काठमाडौ जिल्ला, का.म.न.पा. वडा नं. २९ स्थित स्थायी ठेगाना भएको रेणु महर्जन (ना.प्र.प.नं. ३४७/०५१/५२, काठमाडौ)
३. आशा नारायण महर्जनको नाति, देव प्रसाद महर्जनको छोरा, काठमाडौ जिल्ला, का.म.न.पा. वडा नं. २९ स्थित स्थायी ठेगाना भएको देन महर्जन (ना.प्र.प.नं. २७१०६०/१२६, काठमाडौ)
४. आशा नारायण महर्जनको नातिनी, देव प्रसाद महर्जनको छोरी, काठमाडौ जिल्ला, का.म.न.पा. वडा नं. २९ स्थित स्थायी ठेगाना भएको रमि महर्जन (ना.प्र.प.नं. २७१०६०/९३५१५, काठमाडौ)

**धितोमा रहेको सम्पत्तिको विवरण**

१. देव प्रसाद महर्जनको नाममा मालपोत कार्यालय डिल्लीबजार, काठमाडौको लगतमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौ जिल्ला, गोंगबु गा.वि.स/न.पा. वडा नं. ७ स्थित कित्ता नं १५५ को क्षेत्रफल २१८.४० (व.मी.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. यस बैंकको हितमा गरिएका मौज्दात (Stock) को हाइफोथिकेसन तथा चल/अचल सम्पति र अमूर्त सम्पति माथिको हक समेत।

शाखा कार्यालय: सामाखुसी, काठमाण्डौ

**ऋणीको विवरण**

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७६/०४/२६ मा दर्ता नं. २२१११३/०७६/०७७ कायम भई दर्ता भएको काठमाडौं जिल्ला, टोखा न.पा. वडा नं. ६ स्थित प्युठान कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. टेम लाल आचार्यको नाति, इश्वरी प्रसाद आचार्यको छोरा, प्युठान जिल्ला, बांगेसाल गा.वि.स/न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको लक्ष्मण आचार्य (ना.प्र.प.नं. २६६३१/०५६/५७, प्युठान)
२. इश्वरी प्रसाद आचायको बुहारी, लक्ष्मण आचार्यको पत्नी, प्युठान जिल्ला, बांगेसाल गा.वि.स/न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको गोमा आचार्य (ना.प्र.प.नं. ८०७०९ गोरखा, प्युठान)

**धितोमा रहेको सम्पतिको विवरण**

गोमा आचार्यको नाममा मालपोत कार्यालय चावहिल, काठमाण्डौको लगतमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौ जिल्ला, कपन गा.वि.स./न.पा. वडा नं. ३ नक्शा सिट नं १०२०९८८०६ स्थित कित्ता नं. ७३ को क्षेत्रफल १८३.०० (व.मी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

शाखा कार्यालय: पाल्पारोड बुटवल, रुपन्देही

**ऋणीको विवरण**

अनन्त उपाध्यायको नाति, टेक लाल शर्माको छोरा, रुपन्देही जिल्ला, पर्रोहा गा.वि.स/न.पा वडा नं. ९ स्थित स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा वडा नं. १४ बस्ने लोक नाथ शर्मा (ना.प्र.प.नं. ३७२०२७/५५१४१, रुपन्देही)

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. टेक लाल शर्माको बुहारी, लोक नाथ शर्माको पत्नी, पाल्पा जिल्ला, सोमादी गा.वि.स/न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा वडा नं. १४, बस्ने जीवा ज्ञवाली (ना.प्र.प.नं. ३९३०६२/११६, पाल्पा)
२. नोमलाल उपाध्यायको नाति, अनन्त उपाध्यायको छोरा, कपिलवस्तु जिल्ला, निगलीहवा गा.वि.स/न.पा. वडा नं. २, स्थित स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा वडा नं. १४ बस्ने टेक लाल शर्मा (ना.प्र.प.नं. १३९६, कपिलवस्तु)

**धितोमा रहेको सम्पतिको विवरण**

टेकलाल शर्माको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगतमा दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला, आ. अमवा गा.वि.स./न.पा. वडा नं ४ स्थित कित्ता नं. १४८३, १४८१ र १४७९ को क्रमश: क्षेत्रफल ०-०-४-०, ०-०-८-० र ०-०-८-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत ।

धितो लिलामी बिक्रीका शर्तहरू :

१. बोलपत्र आवेदन फारम २०८३/०४/२५ गते सोमबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु महाबौद्ध काठमाण्डौ, सामाखुसी, काठमाण्डौ र पाल्पारोड बुटवल, रुपन्देहीबाट प्राप्त गर्न सकिनेछ ।
२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।
३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको Inter Department A/C LRD (००१-९९३१०२००००) मा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको A/C Payee Cheque संलग्न गर्नुपर्नेछ ।
४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।
५. शिलबन्दी बोलपत्र मिति २०८३/०४/३१ गते आइतबार सार्वजनिक बिदा परेकोले मिति २०८३/०५/०१ गते सोमबार कार्यालय समय भित्र शाखा कार्यालयहरु महाबौद्ध, काठमाण्डौ र सामाखुसी, काठमाण्डौको धितोमा रहेको सम्पतिको हकमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौमा तथा अन्य सम्पूर्ण धितोको हकमा सम्बन्धित शाखा कार्यालयमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।
६. शिलबन्दी बोलपत्र मिति २०८३/०५/०२ गते मंगलबार दिउँसो ४:०० बजे शर्त नं. ५ मा उल्लेख भए अनुसारको शिलबन्दी बोलपत्र दर्ता भएको यस बैंकको सम्बन्धित कार्यालयहरुमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगत्तै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पत्ति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पत्ति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।
८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको सम्बन्धित कार्यालयहरुबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
९. धितो सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।
१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौ तथा शाखा कार्यालयहरु महाबौद्ध काठमाण्डौ, सामाखुसी, काठमाण्डौ र पाल्पारोड बुटवल, रुपन्देहीमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

# डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड
## Deprosc Laghubitta Bittiya Sanstha Limited

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था)
केन्द्रीय कार्यालय भरतपुर, चितवन

### कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस लघुवित्त वित्तीय संस्था लिमिटेडबाट तपसिलमा उल्लेखित ऋणीले उपभोग गर्नु भएको ऋण/कर्जा निज ऋणीले यस वित्तीय संस्थासँग गरेको सम्झौता तथा लिखत बमोजिम सो कर्जा रकमको साँवा र ब्याजको रकम नियमित/चुक्ता फछ्र्यौट गर्न पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको बेवास्ता गरी तपाई ऋणी तथा जमानतकर्ताले कर्जा नियमित/चुक्ता फछ्र्यौट नगर्नु भएको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस लघुवित्त वित्तीय संस्था लिमिटेडको सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी कर्जा तिर्न बुझाउन बाँकी रहेको सम्पूर्ण बक्यौता रकम चुक्ता फछ्र्यौट गर्न/गराउनु हुन ऋणी, जमानतकर्ता लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशन, परिपत्र, सूचना अनुसार ऋणी तथा सम्बन्धित पक्षलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाबाट जानकारी गराइनुको साथै बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी तपाईको चल अचल सम्पत्ति बेच बिखन/रोक्का गर्न सक्ने वा उक्त सम्पत्तिबाट लघुवित्त वित्तीय संस्था लिमिटेडको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ ।

**ऋणीको नाम ठेगाना तथा विवरण :** *(सूचना प्रकाशित मिति २०८३/०४/२५ गते सोमवार)*

| क्र.सं. | ऋणीको सदस्यता नं. | ऋणी/ जमानीकर्ताको नाम | ऋणी/ जमानीकर्ता | नागरिकता नं. | जारी जिल्ला | बुवाको नाम | पतिको नाम | ससुरा/बाजेको नाम | ठेगाना | कर्जाको उद्देश्य | शाखा कार्यालय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ०३११३९०२०२ | धन कुमारी वि.क. | ऋणी | १६६ | चितवन | मान सिं | उदय बहादुर वि.क. | मान बहादुर | जगतपुर १, चितवन | कृषि | चनौली, चितवन |
| | ०३११३९०२०२ | बुद्धि राम वि.क. | जमानीकर्ता | ३५-०१-७१-११७८७ | चितवन | उदय बहादुर विश्वकर्मा | | | नारायणी १०, चितवन | कृषि | चनौली, चितवन |
| २ | ०३११५७०१०४ | गिता थापा | ऋणी | ९२२६७ | स्याङ्जा | ज्ञान बहादुर पौडेल क्षेत्री | गणेशमान थापा | प्रेम बहादुर थापा | पुतलीबजार ६, स्याङ्जा | दुध ब्यापार | चनौली, चितवन |
| | ०३११५७०१०४ | होम बहादुर क्षेत्री पौडेल | जमानीकर्ता | ४४५४४ | पर्वत | ज्ञान बहादुर पौडेल क्षेत्री | | | पटिहानी ३, चितवन | दुध ब्यापार | चनौली, चितवन |
| ३ | ०२३१९३०११३ | शुष्मा आले मगर | ऋणी | ४४/३/०५०/२१५ | गोरखा | भान बहादुर अधिकारी | टुक बहादुर आले मगर | ठेग बहादुर आले मगर | आरूपोखरी १, गोरखा | बाख्रापालन | गोरखाबजार, गोरखा |
| | ०२३१९३०११३ | अमृता आले मगर | जमानीकर्ता | ४४-१५-७४-००१०५ | गोरखा | अक बहादुर आले मगर | | | सुलिकोट ६, गोरखा | बाख्रापालन | गोरखाबजार, गोरखा |
| ४ | ०१२१३६०३०३ | फुल्ला भर | ऋणी | ३६१०६९/९५८ | नवलपरासी | जमुना भर | टुवर भर | मिश्री भर | रामग्राम २, नवलपरासी | धान खेती | परासी, नवलपरासी |
| | ०१२१३६०३०३ | छन्नु भर | जमानीकर्ता | ३६१०६९/१०१७ | नवलपरासी | टुवर भर | | | रामग्राम २, नवलपरासी | धान खेती | परासी, नवलपरासी |
| ५ | ०१२०८४०१०५ | संगीता देवी कुर्मी | ऋणी | ३६-०१-६८-००१६५ | नवलपरासी | ललदिश कुर्मी | बैजनाथ कुर्मी | टाँसे कुर्मि | गेरसी ९, नवलपरासी | मलखाद ब्यापार | परासी, नवलपरासी |
| | ०१२०८४०१०५ | बैजनाथ कुर्मी | जमानीकर्ता | १३५४० | नवलपरासी | टाँसे कुर्मि | | | पाल्हीनन्दन ५, नवलपरासी | मलखाद ब्यापार | परासी, नवलपरासी |
| ६ | ०६२१५५०१०३ | कमला खत्री | ऋणी | ५२३०३०/१९६ | दाङ | चित्र बहादुर बस्नेत | चन्द्र बहादुर खत्री | मित्र लाल खत्री | टरिगाउँ ४, दाङ | बाख्रा पालन | पुरन्धारा, दाङ |
| | ०६२१५५०१०३ | पबित्रा खत्री | जमानीकर्ता | ५२-०२-७८-०२८३९ | दाङ | चन्द्र बहादुर खत्री | | | तुल्सीपुर १७, दाङ | बाख्रा पालन | पुरन्धारा, दाङ |
| ७ | ११००६५०२०२ | उर्मिला देवी | ऋणी | ३४-०१-७४-११८२७ | पर्सा | कुनदेव महतो | महेस प्रसाद नुनिया | नगीना महतो नुनिया | बहुदरामाई ५, पर्सा | सेन्ट्रिङ | सिमरवारी, पर्सा |
| ८ | १०८०२६०१०१ | प्रमिला देवी बाँतर | ऋणी | १८-३-०५८/९१५ | महोत्तरी | राम प्रसाद बाँतर | राम पुजन बाँतर | नन्दी बाँतर | सिंग्याही ५, महोत्तरी | माछा ब्यापार | गोरहन्ना, महोत्तरी |
| ९ | १०८०१९०१०३ | निरमला देवी यादव | ऋणी | १८-३-०५४/१४५६ | महोत्तरी | रामचलितर यादव | जय किशोर राय | झरिलाल राय | पशुपतीनगर ९, महोत्तरी | खेतीपाती | गोरहन्ना, महोत्तरी |
| | १०८०१९०१०३ | श्रीपती देवी | जमानीकर्ता | १७-०१-७५-१३२६१ | धनुषा | जय किशोर राय | जय करण यादव | | जनकपुर १४, धनुषा | खेतीपाती | गोरहन्ना, महोत्तरी |
| १० | १०८०२६०१०३ | जानकी देवी बातर | ऋणी | १८-३-०५८/१५३९ | महोत्तरी | देवो बाँतर | महेश सरदार बाँतर | समोधी बाातर | सिंग्याही ५, महोत्तरी | सेन्ट्रिङ | गोरहन्ना, महोत्तरी |
| | १०८०२६०१०३ | महेश सरदार बाँतर | जमानीकर्ता | १८-३-०५८/१४६० | महोत्तरी | समोधी बातर | | | सिंग्याही २, महोत्तरी | सेन्ट्रिङ | गोरहन्ना, महोत्तरी |
| ११ | १०८०१३०३०४ | जानकी देवी | ऋणी | १८३०५५/२३७ | महोत्तरी | भुला सदा | रतन सदा | ननदीया सदा | सोनामाई ४, महोत्तरी | कृषि | गोरहन्ना, महोत्तरी |
| | १०८०१३०३०४ | रतन सदा | जमानीकर्ता | १८३०५५/९६ | महोत्तरी | ननदीया सदा | | | सोनामाई ४, महोत्तरी | कृषि | गोरहन्ना, महोत्तरी |
| १२ | १०८०३४०३०६ | परम कला देवी | ऋणी | १८३०४३/५४९ | महोत्तरी | महेन्द्र चौधरी | मनोहर चौधरी | जोगी चौधरी | रामगोपालपुर ५, महोत्तरी | होटेल | गोरहन्ना, महोत्तरी |
| | १०८०३४०३०६ | मनोहर चौधरी | जमानीकर्ता | २०८६५४३९/४३५ | महोत्तरी | जोगी चौधरी | | | रामगोपालपुर ६, महोत्तरी | होटेल | गोरहन्ना, महोत्तरी |
| १३ | १०८०३४०१०२ | पवन देवी | ऋणी | १८-१-०४३/२१० | महोत्तरी | रामचलित्र मण्डल | रामजी मण्डल | सौखिलाल मण्डल | रामगोपालपुर ६, महोत्तरी | खेती | गोरहन्ना, महोत्तरी |
| | १०८०३४०१०२ | रामजी मण्डल | जमानीकर्ता | १८३०४५/१३ | महोत्तरी | सौखिलाल मण्डल | | | गैठाभेटपुर४, महोत्तरी | खेती | गोरहन्ना, महोत्तरी |
| १४ | १०८०३४०१०४ | कौशिल्या देवी | ऋणी | ८०६७२४३८ | महोत्तरी | रामबृक्ष मण्डल | दुखा दाहा | | सहसौला १, महोत्तरी | खेतीपाती | गोरहन्ना, महोत्तरी |
| | १०८०३४०१०४ | दुखा दाहा | जमानीकर्ता | ८०६७०१८७ | महोत्तरी | राम असिस दाहा | | | सहसौला १, महोत्तरी | खेतीपाती | गोरहन्ना, महोत्तरी |
| १५ | १०८०५६०२०१ | सुन्दर देवी | ऋणी | १८३०१२/६०७ | महोत्तरी | सोगारथ यादव | नागेन्द्र यादव | रासो यादव | एकरहिया २, महोत्तरी | खेतीपाती | गोरहन्ना, महोत्तरी |
| | १०८०५६०२०१ | नागेन्द्र यादव | जमानीकर्ता | ३०२०४९७६ | महोत्तरी | रासो यादव | | | एकरहिया २, महोत्तरी | खेतीपाती | गोरहन्ना, महोत्तरी |
| १६ | १०८०४४०३०४ | लिला देवी | ऋणी | १८-३-०५८/१४५३ | महोत्तरी | असलाल बाँतर | बेचन बाँतर | पल्टु बाँतर | सिंग्याही ५, महोत्तरी | गाईपालन | गोरहन्ना, महोत्तरी |
| | १०८०४४०३०४ | बेचन बाँतर | जमानीकर्ता | ८८१९३१४१ | महोत्तरी | पल्टु बाँतर | | | सिंग्याही ५, महोत्तरी | गाईपालन | गोरहन्ना, महोत्तरी |
| १७ | १०८०५००१०८ | चैना देवी | ऋणी | १८३०५५/३८० | महोत्तरी | चैता सदा मुसहर | लखिन्द्र सदा | कुल्दीप मुसहर | सोनामाई ७, महोत्तरी | खेती | गोरहन्ना, महोत्तरी |
| | १०८०५००१०८ | लिलम देवी | जमानीकर्ता | १८३०५५/७३३ | महोत्तरी | रजिन्द्र मुसहर | राम गगन मुसहर | | सोनामाई ७, महोत्तरी | खेती | गोरहन्ना, महोत्तरी |
| १८ | १०८०५००११७ | लिला कुमारी देवी | ऋणी | १८-०१-७१-००४५७ | महोत्तरी | सोमन माझी | हरेराम सदा | राम प्रगास मुसहर | सोनामाई ८, महोत्तरी | खेती | गोरहन्ना, महोत्तरी |
| | १०८०५००११७ | हरेराम सदा | जमानीकर्ता | १८१०५२/२८४ | महोत्तरी | राम प्रगास मुसहर | | | सोनामाई ८, महोत्तरी | खेती | गोरहन्ना, महोत्तरी |
| १९ | १०८०३८०५०२ | जहिरा खातुन | ऋणी | १५२००५/९०५५ | सिराहा | इनुस मियाँ | मो. अन्जार दफाली | रफिक दफाली | लाहान ४, सिराहा | फेन्सी पसल | गोरहन्ना, महोत्तरी |
| | १०८०३८०५०२ | मो. मोक्ताफ दफाली | जमानीकर्ता | १७-०१-७७-०७५९३ | धनुषा | रफिक दफाली | | | जनकपुरधाम १६, धनुषा | फेन्सी पसल | गोरहन्ना, महोत्तरी |
| २० | १०८०३८०६०३ | तेतरी सहनी | ऋणी | १७३१०१/६५४ | धनुषा | निर्धन सहनी | सतो सहनी | कन्ना सहनी | बटेश्वर १, धनुषा | नास्ता पसल | गोरहन्ना, महोत्तरी |
| | १०८०३८०६०३ | सन्तोस साहू | जमानीकर्ता | १७-०१-७५-१०७९१ | धनुषा | सरगुन साहू | | | बटेश्वर ३, धनुषा | नास्ता पसल | गोरहन्ना, महोत्तरी |
| २१ | १०८०६२०३०१ | तेतरी देवी | ऋणी | ७०७३०७६३ | महोत्तरी | जोगिन्दर महतो | दिपेन्द्र कुमार महतो कोईरी | राजाराम महातो कोईरी | पशुपतीनगर २, महोत्तरी | कृषि | गोरहन्ना, महोत्तरी |
| | १०८०६२०३०१ | दिपेन्द्र कुमार महतो कोईरी | जमानीकर्ता | ७०७३०६०८ | महोत्तरी | राजाराम महतो कोईरी | | | पशुपतीनगर २, महोत्तरी | कृषि | गोरहन्ना, महोत्तरी |
| २२ | १०८०६५०१०१ | लालो कुमारी चौधरी | ऋणी | १८३०६३/१४१३ | महोत्तरी | सोनेलाल चौधरी | बाबुलाल चौधरी | जामुन चौधरी | बिजलपुरा ९, महोत्तरी | किराना पसल | गोरहन्ना, महोत्तरी |
| | १०८०६५०१०१ | पवन कुमार चौधरी | जमानीकर्ता | ३९६९६५४७ | धनुषा | महेन्द्र चौधरी | | | जनकपुर ११, धनुषा | किराना पसल | गोरहन्ना, महोत्तरी |
| २३ | १०८०२७०१०१ | ममता कुमारी चौधरी | ऋणी | ८००९३३१७/१७३८ | महोत्तरी | भरत चौधरी | बिजय कुमार चौधरी | विन्देश्वर चौधरी | सहसौला ६, महोत्तरी | कोल्ड स्टोर | गोरहन्ना, महोत्तरी |
| २४ | १०८०१३०१०१ | इन्दु देवी सदा | ऋणी | १८३०५५/४३१ | महोत्तरी | अगनु मुसहर माझी | जय नारायण सदा | बिलास सदा | सोनामाई ४, महोत्तरी | कोल्ड स्टोर | गोरहन्ना, महोत्तरी |
| | १०८०१३०१०१ | अरवीन्द सदा | जमानीकर्ता | १८-२-०५८/३२३ | महोत्तरी | देव नारायण सदा | | | औरही ८, महोत्तरी | कोल्ड स्टोर | गोरहन्ना, महोत्तरी |
| २५ | १०८०२५०३०१ | लालो कुमारी | ऋणी | १४२४२३४८ | महोत्तरी | लजुदरी दास | मन्जु दास | रामेश्वर दास | सोनामाइ ४, महोत्तरी | माछा पसल | गोरहन्ना, महोत्तरी |
| | १०८०२५०३०१ | कोशिला देवी | जमानीकर्ता | १४२४०१८७ | महोत्तरी | रूपचन | रामवरण दास | | औरही ८, महोत्तरी | माछा पसल | गोरहन्ना, महोत्तरी |
| २६ | १०८०२६०६०२ | निर्मला देवी | ऋणी | १८-३-०५८/१०४५ | महोत्तरी | भोलाई सिंह | राम सुरत चौधरी | राम लखन चौधरी | सिंग्याही ५, महोत्तरी | माछा पसल | गोरहन्ना, महोत्तरी |
| २७ | १०८०४००२०४ | विदिया कुमारी सदा | ऋणी | १८-२-०५८/१७४ | महोत्तरी | जदुनी मुसहर | शिव सदा | विन्देश्वर मुसहर | औरही ९, महोत्तरी | खेती | गोरहन्ना, महोत्तरी |
| | १०८०४००२०४ | रजवतीया कुमारी देवी | जमानीकर्ता | १८३०५८/५१ | महोत्तरी | धनी मुसहर | राम दयाल सदा | | सोनामाई ७, महोत्तरी | खेती | गोरहन्ना, महोत्तरी |
| २८ | १०८०४००३०४ | मन्जु कुमारी सदा | ऋणी | १८-०१-७१-०८२६५ | महोत्तरी | लटु सदा | राम उमेद सदा | राम प्रसाद सदा | औरही ९, महोत्तरी | खेती | गोरहन्ना, महोत्तरी |
| | १०८०४००३०४ | राम उमेद सदा | जमानीकर्ता | १८-१-०५५/४७५ | महोत्तरी | राम प्रसाद सदा | | | सोनामाई ८, महोत्तरी | खेती | गोरहन्ना, महोत्तरी |
| २९ | १०८०२५०५०४ | सनीचरी देवी | ऋणी | १८३०५५/६१० | महोत्तरी | रोमकीय मण्डल | जानकी मण्डल | राम गुलाम मण्डल | सोनामाई ६,, महोत्तरी | किराना पसल | गोरहन्ना, महोत्तरी |
| | १०८०२५०५०४ | जटही देवी | जमानीकर्ता | १४२४०६५२ | महोत्तरी | स्वरूप मण्डल | राम गुलाम मण्डल | | औरही ५, महोत्तरी | किराना पसल | गोरहन्ना, महोत्तरी |
| ३० | ००७२२६०१०३ | ज्योती बिश्वकर्मा सुनार | ऋणी | ३५-०१-७२-०७५११ | चितवन | राजु सुनार | अर्जुन बि.क | केशर बहादुर बि.क | कालिका ५, चितवन | चाँदी ब्यापार | टाँडी, चितवन |
| | ००७२२६०१०३ | अर्जुन बि.क | जमानीकर्ता | ३५२०१६/९८ | चितवन | केशर बहादुर बि.क | | | कालिका ५, चितवन | चाँदी ब्यापार | टाँडी, चितवन |
| ३१ | ००७२०००११८ | प्रेमिका चेपाङ | ऋणी | ३५-०१-७५-०७९३६ | चितवन | राम बहादुर प्रजा | राम सिंह चेपाङ | सुवर सिंह प्रजा | कालिका ९, चितवन | कृषि | टाँडी, चितवन |
| ३२ | ००६१६२०२०४ | सजरूल नेसा | ऋणी | ३३३०४४/१४८ | बारा | वजुल देवान | फुलमहमद देवान | अब्दुल वारिस देवान फकिर | बबुआइन ९, बारा | खेती | कलैया, बारा |
| ३३ | ०६३०४२०१०४ | बुकुमाया श्रेष्ठ | ऋणी | ५३४/९५० | ओखलढुङ्गा | | पृथ बहादुर श्रेष्ठ | मान बहादुर श्रेष्ठ | मानेभञ्ज्याङ ४, ओखलढुङ्गा | किराना पसल | सिद्धिचरण, ओखलढुङ्गा |
| | ०६३०४२०१०४ | मेलिना मगर | जमानीकर्ता | १३-०१-७७-०२८१४ | ओखलढुङ्गा | नानी बाबु सिंदाली मगर | | | मानेभञ्ज्याङ ९, ओखलढुङ्गा | किराना पसल | सिद्धिचरण, ओखलढुङ्गा |
| | ०६३०४२०१०४ | नानी बाबु सिदाली मगर | जमानीकर्ता | ५२६६६।३२३ | ओखलढुङ्गा | थाम बहादुर सिदाली मगर | | | माधवपुर ५, ओखलढुङ्गा | किराना पसल | सिद्धिचरण, ओखलढुङ्गा |
| ३४ | ०६३०२६०१०४ | निशा नेपाली परियार | ऋणी | १३१०१४/२३७ | ओखलढुङ्गा | गिरीराज दर्जी | किसान परियार | जुनकेरी दमाई | ओखलढुङ्गा ३, ओखलढुङ्गा | कपडा पसल | सिद्धिचरण, ओखलढुङ्गा |
| | ०६३०२६०१०४ | निर्मला परियार | जमानीकर्ता | १३१००६/२१० | ओखलढुङ्गा | भक्त बहादुर परियार | | | माम्खा ४, ओखलढुङ्गा | कपडा पसल | सिद्धिचरण, ओखलढुङ्गा |
| | ०६३०२६०१०४ | किसान परियार | जमानीकर्ता | ६६१५३/१५६२४ | ओखलढुङ्गा | जुनकेरी दमाई | | | ओखलढुङ्गा ३, ओखलढुङ्गा | कपडा पसल | सिद्धिचरण, ओखलढुङ्गा |
| ३५ | ०७६११३०१०५ | बिन्दु पन्त | ऋणी | ७२/३/०३६/२४ | दार्चुला | हरि दत्त भट्ट | देव दत्त पन्त | धर्मानन्द पन्त | शंकरपुर ३, दार्चुला | कुखुरा पालन | खलंगा, दार्चुला |
| ३६ | ०७६०२३०११२ | पार्वती तिरूवा | ऋणी | ७२-०१-७३-००८३७ | दार्चुला | मोहन राम टमटा | पुस्कर राम तिरूवा | देव राम तिरूवा | अपि १५, दार्चुला | ग्रिल पसल | खलंगा, दार्चुला |
| ३७ | ०७६१११०१०४ | सपिरा टमटा | ऋणी | ७२-०१-७६-०२१७५ | दार्चुला | रामजित टमटा | लाल बहादुर टमटा | श्रीराम टमटा | नौगाड २, दार्चुला | कुखुरा पालन | खलंगा, दार्चुला |
| ३८ | १०७०९२०१०३ | गिता देवी धानुक | ऋणी | ५८९११९७१ | धनुषा | सौखिया सुडी धानुक | शिब सागर मंडल धानुक | उत्तीम मंडल धानुक | मखनाहा ९, धनुषा | कपडा पसल | सबैला, धनुषा |
| | १०७०९२०१०३ | शिब सागर मंडल धानुक | जमानीकर्ता | ५८९१२३११ | धनुषा | उत्तीम मंडल धानुक | | | मखनाहा ९, धनुषा | कपडा पसल | सबैला, धनुषा |
| | १०७०९२०१०३ | भरोसी मण्डल | जमानीकर्ता | १७१०४३/५६९ | धनुषा | शिब सागर मंडल धानुक | | | मखनाहा ९, धनुषा | कपडा पसल | सबैला, धनुषा |
| ३९ | १०७०५९०१०१ | कुलशुम खातुन | ऋणी | ४०७९८४९५ | धनुषा | मोसलीम मिया | महमद मंसुर | सुलतान मिया | झटियाही ६, धनुषा | दुध पसल | सबैला, धनुषा |
| | १०७०५९०१०१ | महमद मंसुर | जमानीकर्ता | ४०७९७८४९ | धनुषा | सुलतान मियाँ | | | झटियाही ६, धनुषा | दुध पसल | सबैला, धनुषा |
| ४० | १०७०७१०११० | लिला कुमारी | ऋणी | १७३०१७/८५ | धनुषा | राम बृक्ष मण्डल | चन्देश्वर मण्डल | जदुनाथ मंडल धानुक | यदुकुहा ६, धनुषा | अण्डा पसल | सबैला, धनुषा |
| | १०७०७१०११० | जित नारायण खत्बे | जमानीकर्ता | १७१०१७/१९ | धनुषा | दिपतीया खत्बे | | | यदुकुहा ७, धनुषा | अण्डा पसल | सबैला, धनुषा |
| ४१ | ०९६०१७०४०१ | नगिना देवी | ऋणी | ४ | महोत्तरी | मदन मिश्र | बिनोद झा | जयनन्दन झा | मनरा सिशवा ४, महोत्तरी | औषधी पसल | सरपल्लोबजार, महोत्तरी |
| ४२ | ०९६०२४०१०२ | फुलो देवी | ऋणी | ४८६ | महोत्तरी | चौधी महतो नुनिया | बिन्देश्वर महतो नुनिया | फेकु महतो नुनिया | बनौटा ८, महोत्तरी | किराना पसल | सरपल्लोबजार, महोत्तरी |
| ४३ | ०९६०३८०२०१ | रिना कुमारी मण्डल | ऋणी | ४९९३१७१२ | महोत्तरी | जय नारायण मण्डल | राज कुमार मण्डल | जोगी मण्डल | जलेश्वर४, महोत्तरी | हार्डवेयर पसल | सरपल्लोबजार, महोत्तरी |
| ४४ | ०९६०४००३०२ | गिता देवी महतो पासी | ऋणी | १८३००१/१८१९ | महोत्तरी | बिन्देश्वर महतो | सुरज महतो | शिवलाल महतो | जलेश्वर४, महोत्तरी | फलफुल ब्यापार | सरपल्लोबजार, महोत्तरी |
| ४५ | ०९६०६२०२०२ | बिणा देवी | ऋणी | १८–०१–७१–०३१४३ | महोत्तरी | राम खेलाउन महतो | राम पुजन महतो | जटाई महतो | सुगाभवानीपट्टी ६, महोत्तरी | कृषि | सरपल्लोबजार, महोत्तरी |
| ४६ | ०९६०६४०१०५ | राज कुमारी देवी | ऋणी | १८३०१२/३३६ | महोत्तरी | राम औतार महतो | राम भजन महतो | झपसी महतो नुनिया | एकरहीया २, महोत्तरी | होटल ब्यापार | सरपल्लोबजार, महोत्तरी |
| ४७ | ०९६०६४०३०५ | अमृता देवी | ऋणी | १८३०१२/६२६ | महोत्तरी | लोटन महतो | दिपलाल महतो नुनिया | बलदेव महतो नुनिया | एकरहीया २, महोत्तरी | बैदशिक रोजगार | सरपल्लोबजार, महोत्तरी |
| ४८ | ०९६०६६०२०१ | मिना देवी | ऋणी | १८३०१२/१५९ | महोत्तरी | रसुल महतो | शुशिल महतो नुनिया | राम बृक्ष महतो नुनिया | एकरहीया २, महोत्तरी | टेम्पु मर्मत | सरपल्लोबजार, महोत्तरी |
| ४९ | ०९६०७४०१०४ | उमा देवी | ऋणी | १८३००२२५४ | महोत्तरी | रजिन्द्र कापर | कृष्णनन्दन कापर | बिल्टु कापर | नैन्ही ८, महोत्तरी | नास्ता पसल | सरपल्लोबजार, महोत्तरी |
| ५० | ०९६०७४०२०२ | सुनिता देवी ठाकुर | ऋणी | १८३००२५२१ | महोत्तरी | तपेशवर ठाकुर | लक्ष्मी ठाकुर | हरिनन्दन ठाकुर | नैन्ही ७, महोत्तरी | सैलुन पसल | सरपल्लोबजार, महोत्तरी |
| ५१ | ०९६०७४०४०५ | कान्ती देवी महतो | ऋणी | १८३००२२०७ | महोत्तरी | महाजन महतो | राजाराम महतो/ राजनारायण महतो | राम बृक्ष महतो | नैन्ही ८, महोत्तरी | दुध ब्यापार | सरपल्लोबजार, महोत्तरी |
| ५२ | ०९६०८३०१०९ | आरती देवी मण्डल | ऋणी | १८–०१–७३–०२५४९ | महोत्तरी | देबेन्द्र मण्डल | सुनिल मण्डल | आश नारायाण मण्डल | जलेश्वर७, महोत्तरी | होटल | सरपल्लोबजार, महोत्तरी |
| ५३ | ०९६०८३०११२ | पलटी देवी | ऋणी | १८३००१/५५७ | महोत्तरी | भौटी मण्डल | परमेश्वर मण्डल | राम अशिष मण्डल | जलेश्वर ७, महोत्तरी | किराना पसल | सरपल्लोबजार, महोत्तरी |
| ५४ | ०९६०८५०१२४ | शान्ती देवी | ऋणी | १८३०३२/३२९ | महोत्तरी | राजदेव सहनी | राम कृपाल सहनी | लक्ष्मी सहनी | सरपल्लो ९, महोत्तरी | माछा पालन | सरपल्लोबजार, महोत्तरी |
| ५५ | ०९६०९७०१०७ | कालो देवी | ऋणी | १८३००४१३१ | महोत्तरी | राम बिलास राउत | शंकर राउत | भगवान दत राउत | एकडारा ४, महोत्तरी | पशु ब्यापार | सरपल्लोबजार, महोत्तरी |
| ५६ | ०९६१२१०१०२ | बिनिता मण्डल | ऋणी | १८-०१-७४-००१४५ | महोत्तरी | जुगे मण्डल | बिजय मण्डल | किरण मण्डल | पिपरा ३, महोत्तरी | पशु ब्यापार | सरपल्लोबजार, महोत्तरी |
| ५७ | ०९६१२१०१०४ | रिणा देवी | ऋणी | १८३०१७/३७५ | महोत्तरी | गदवा मण्डल | राम चन्द्र मण्डल | बिलट मण्डल | पिपरा३,महोत्तरी | पशु ब्यापार | सरपल्लोबजार, महोत्तरी |
| ५८ | ०९६१२१०२०२ | हलिमन खातुन | ऋणी | १८–१–०१७/१६३ | महोत्तरी | मनीफ साफी | फुल बैठा | रहमान बैठा | पिपरा ८, महोत्तरी | पशु ब्यापार | सरपल्लोबजार, महोत्तरी |
| ५९ | ०९६१२१०३०१ | सुलेखा देवी मण्डल | ऋणी | १८३०१७/६५१ | महोत्तरी | राधो मण्डल | नरेश मण्डल | उपेन्द्र मण्डल | पिपरा ८, महोत्तरी | खेतीपाती | सरपल्लोबजार, महोत्तरी |
| ६० | ०९६१२१०४०१ | मनतोरिया देवी | ऋणी | १८३०१७/१५७ | महोत्तरी | महेन्द्र मंडल | भरथ मंडल | बृक्ष मंडल | पिपरा ६, महोत्तरी | पशु ब्यापार | सरपल्लोबजार, महोत्तरी |
| ६१ | ०९६१२१०४०३ | राज कुमारी देवी | ऋणी | १८३०१७/५०७ | महोत्तरी | शिव नारायण कापर | फकिर कमती | भगलु कमती | पिपरा ८, महोत्तरी | फलफुल ब्यापार | सरपल्लोबजार, महोत्तरी |
| ६२ | ०९६१२१०३०६ | सबिता देवी मण्डल | ऋणी | १८–१–०१७/१७३८ | महोत्तरी | सिनेही मंडल | दिनेश मंडल | गोबिन्दर मंडल | पिपरा ८, महोत्तरी | कृषि | सरपल्लोबजार, महोत्तरी |
| ६३ | ०९६१२५०२०६ | राजवती पाण्डेय | ऋणी | ६९९४१५२२ | महोत्तरी | राम चन्द्र पाण्डे | रबिन्द्र कुमार पाण्डे | दुख हरण पाण्डे | फुलहट्टापरीकौल ६, महोत्तरी | किराना पसल | सरपल्लोबजार, महोत्तरी |
| ६४ | ०९६१२७०२०४ | संगिता देवी | ऋणी | १८-१-०१५/१७५७ | महोत्तरी | दिनेश मण्डल | रमेश मण्डल | राम किशुन मंडल | फुलहट्टापरीकौल ९, महोत्तरी | पशु ब्यापार | सरपल्लोबजार, महोत्तरी |
| ६५ | ०९६१३००२०३ | सरिता देवी पासमान | ऋणी | १८३०२६/७५२ | महोत्तरी | सत्य नारायाण पासवान | योगेन्द्र पासवान | पलट पासमान | महोत्तरी ४, महोत्तरी | बैदशिक रोजगार | सरपल्लोबजार, महोत्तरी |
| ६६ | ०९६१३४०१०३ | रूकसाना खातुन | ऋणी | १८-०१-७९-०९५९९ | महोत्तरी | सवजान बैठा | रजौल बैठा धोवी | हकिम बैठा | सोनाम ४, महोत्तरी | पशु ब्यापार | सरपल्लोबजार, महोत्तरी |
| ६७ | १११०३९०१०२ | बसन्ता गिरी कार्की | ऋणी | ३८-०६-७३-०१२१४ | कपिलबस्तु | चेतमान गिरी | कर्णराज कार्की | गणेश बहादुर कार्की | बाणगंगा ८, कपिलबस्तु | फेन्सी पसल | बोडगाउ, कपिलबस्तु |
| | १११०३९०१०२ | मिन बहादुर राना | जमानीकर्ता | ३८-१४०९ | कपिलबस्तु | टेक बहादुर राना | | | मोतिपुर ८, कपिलबस्तु | फेन्सी पसल | बोडगाउ, कपिलबस्तु |
| ६८ | १११०४५०१०३ | रिता थारू | ऋणी | ३८-१-०६८-१६५८७ | कपिलबस्तु | सन्तराम थारू | हेमराज चौधरी थारू | रिषीराम थारू | बाणगंगा १०, कपिलबस्तु | फेन्सी पसल | बोडगाउ, कपिलबस्तु |
| ६९ | १११०४६०१०२ | मोनिका थापा | ऋणी | ३७-०२-७४-००४६९ | कपिलबस्तु | बिजय थापा | अमन थापा | ओम बहादुर थापा | सैनामैना ४, रूपन्देही | कृषि | बोडगाउ, कपिलबस्तु |
| ७० | १११०४७०१०६ | सिता भट्टराई | ऋणी | ४०-०१-७३-००३७५ | अर्घाखाँची | बल बहादुर भाट क्षेत्री | हिरा बहादुर भट्टराई | दिल बहादुर भट्टराई | सिमलपानी ९, अर्घाखाँची | कृषि | बोडगाउ, कपिलबस्तु |
| ७१ | १११०४७०१०१ | पुजा घिमिरे | ऋणी | ३२२०८०/१०२ | रौतहट | इन्द्र कुमार घिमिरे | कमल ठकुरी | बल बहादुर ठकुरी | चन्द्रनिगाहपुर १, रौतहट | कपडा पसल | बोडगाउ, कपिलबस्तु |
| ७२ | १११०४८०१०३ | हिरा थापा | ऋणी | ५०३०४२/४०७ | बाग्लुङ्ग | ओम बहादुर थापा | जितेन्द्र थापा | होशियार सिंह थापा | दगातुनडाँडा ८, बागलुङ | कृषि | बोडगाउ, कपिलबस्तु |
| ७३ | १११०४८०१०६ | कुमारी थापा | ऋणी | ३७२०३७/७७१०३ | रूपन्देही | अम्मर बहादुर ठकुरी | दिनक बहादुर थापा | मन बहादुर थापा | रूद्रपुर ३, रूपन्देही | भैंसी ब्यापार | बोडगाउ, कपिलबस्तु |
| ७४ | १११०८००१०२ | डिला रेश्मी | ऋणी | ४०३०४०/ २०१६ | अर्घाखाँची | रिम बहादुर रेश्मी | ललित कुमार घ म | हर्क बहादुर घर्ति मगर | जुकेबा ९, अर्घाखाँची | व्यवसाय | बोडगाउ, कपिलबस्तु |
| ७५ | १११०८००१०६ | मन्जु गुरूङ्ग | ऋणी | ४०३०३७/१९६७ | अर्घाखाँची | दण्डविर पहराई | बम बहादुर गुरूङ्ग | नर बहादुर गुरूङ्ग | सिमलपानी १, अर्घाखाँची | कुखुरा पालन | बोडगाउ, कपिलबस्तु |
| ७६ | १११०५४०१०९ | शकुन्तला नेटुवा | ऋणी | ३८-१-०७६-०५६३५ | कपिलबस्तु | जालीम | अमेरिका नेटुवा | धर्मराज नेटुवा | शुद्धधोन १, कपिलबस्तु | ब्याण्ड वाजा पसल | बोडगाउ, कपिलबस्तु |
| ७७ | १११०५१०११२ | राज कुमारी थारू | ऋणी | १/१४/६३३३८ | कपिलबस्तु | टेक प्रसाद द. थारू | राम औतार थारू | खोटे थारू | पटना १, कपिलबस्तु | कृषि | बोडगाउ, कपिलबस्तु |
| ७८ | १११०७४०१११ | फुल कुमारी थारू | ऋणी | ३७-०२-७४-००४८७ | रूपन्देही | चिनगुद थारू | जंग बहादुर थारू | सिताराम थारू | सैनामैना १०, रूपन्देही | कृषि | बोडगाउ, कपिलबस्तु |
| ७९ | १११०४६०१०९ | यम कुमारी दर्जी | ऋणी | ३८३००४/२३५ | कपिलबस्तु | रामु दर्जी | बिष्णु बहादुर दर्जी | मान बहादुर दर्जी | पटना ४ कपिलबस्तु | कपडा सिलाई पसल | बोडगाउ, कपिलबस्तु |
| ८० | १२७००५०१०९ | प्रेम कुमारी राई | ऋणी | १९७२/८८८ | धनकुटा | चेत कुमार छारा | | | धनकुटा १, धनकुटा | किराना पसल | दुर्गापुर, मोरङ |
| | १२७००५०१०९ | सुमन छाराहाङ | जमानीकर्ता | ३४९२ | धनकुटा | चेत कुमार छारा | | | धनकुटा १, धनकुटा | किराना पसल | दुर्गापुर, मोरङ |
| ८१ | ०४२००६०१०१ | लक्ष्मी खड्का | ऋणी | २४१०५४/१९४ | सिन्धुपाल्चोक | गणेश बहादुर लोप्चन | रेशम बहादुर खड्का | विल बहादुर खड्का | साँगाचोक ६, सिन्धुपाल्चोक | किराना पसल | कटारी, उदयपुर |
| | ०४२००६०१०१ | रेशम बहादुर खड्का | जमानीकर्ता | ५१९/१७३ | सिन्धुपाल्चोक | विल बहादुर खड्का | | | साँगाचोक ६, सिन्धुपाल्चोक | किराना पसल | कटारी, उदयपुर |
| ८२ | ०४२१२५०१०२ | गोपी कुमारी ठकुरी | ऋणी | ०३०००/५६६६ | सिन्धुली | गोविन्द बहादुर ठकुरी | डाक बहादुर हमाल | नर बहादुर | लदाभिर ५, सिन्धुली | हार्डवेयर पसल | कटारी, उदयपुर |
| | ०४२१२५०१०२ | डाक बहादुर हमाल | जमानीकर्ता | १२०६ | सिन्धुली | नर बहादुर | | | दुधौली ८, सिन्धुली | हार्डवेयर पसल | कटारी, उदयपुर |
| ८३ | ०४२१५३०१०१ | कुन्ता देवी कार्की | ऋणी | ६०४२/३६९ | उदयपुर | सुर्य बहादुर राउत | प्रेम बहादुर कार्की | धन बहादुर कार्की | कटारी ४, उदयपुर | कुखुरा फर्म | कटारी, उदयपुर |
| | ०४२१५३०१०१ | प्रेम बहादुर कार्की | जमानीकर्ता | ६५८३/९८२८ | उदयपुर | धन बहादुर कार्की | | | कटारी ३, उदयपुर | कुखुरा फर्म | कटारी, उदयपुर |
| ८४ | ००५११३०१०३ | अफसाना खातुन | ऋणी | १९-०१-७७-२११५९ | सर्लाही | कासिम मियाँ शेष | मो. नुरैन | इसाक रगेज | चक्रघट्टा ४, सर्लाही | पार्चुन पसल | मलंगवा, सर्लाही |
| ८५ | ००५१६४०३०२ | अनिता देवी | ऋणी | १९३०४६/१८९० | सर्लाही | नरेश दनुवार | दिपेन्द्र राय | | नोकैल्वा ४, सर्लाही | खेती | मलंगवा, सर्लाही |
| ८६ | ००५१३६०१०५ | दिलवा कुमारी देवी | ऋणी | १९३०४६/१२५७ | सर्लाही | राज नारायण राय | नरेश राय | लाल धारी राय | नोकैल्वा ७, सर्लाही | खेती | मलंगवा, सर्लाही |
| ८७ | ००५१२८०१०१ | रन्जु कुमारी देवी | ऋणी | ०४९०४३८५ | महोत्तरी | चुल्हाई झा | लखन चन्द्र झा | नारायण झा | लक्ष्मीनिया ८, महोत्तरी | किराना | मलंगवा, सर्लाही |
| ८८ | ००५०४६०१०३ | समली कुमारी | ऋणी | १९-०१-७१-१०७१९ | सर्लाही | जिमदार महरा | सुरेश महरा चमार | राम स्वरूप चमार | मलंगवा ४, सर्लाही | मूर्तिकला | मलंगवा, सर्लाही |
| ८९ | ००५०४६०४०५ | फुलसन खातुन | ऋणी | १९३०३२/३३६ | सर्लाही | भजुल मंसुर | समिर मियाँ मुकेरी | दिलजान मिया मुकेरी | मुसैली ७, सर्लाही | सेन्ट्रिङ | मलंगवा, सर्लाही |
| ९० | ००५०१९०७०४ | रेखा देबी | ऋणी | १९३०४४/३६१ | सर्लाही | राम बहादुर शाह | जय कुमार साह | योगिन्द्र सा कानु | संग्रामपुर ५, सर्लाही | खेती | मलंगवा, सर्लाही |
| ९१ | ००५०५००४०५ | सकिना खातुन | ऋणी | १९३०३०/७२८ | सर्लाही | हदिस मिया मुकेरी | मो. नसीम मुकेरी | सहमिल मुकेरी | काडेनर ८, सर्लाही | किराना | मलंगवा, सर्लाही |
| ९२ | ००५१०९०२०५ | सुकरतिया चौधरी | ऋणी | ०३५१२१५७ | सर्लाही | बतहु चौधरी थारू | राम चलितर चौधरी | सुबाई चौधरी थारू | बबरगंज ९, सर्लाही | खेती | मलंगवा, सर्लाही |
| ९३ | १६०००२०११० | मोनिका पाण्डेय | ऋणी | ६७-०१-७१-०१३७८ | कैलाली | किसन महत | मोहन राज पाण्डेय | शिब राज पाण्डे | धनगढी ५, कैलाली | किराना पसल | हसनपुर, कैलाली |
| ९४ | १६०००२०१११ | मिरा देवी नगरकोटी महत | ऋणी | २०७७५ | कैलाली | सेर बहादुर नगरकोटी | किशन महत | बिर बहादुर महत | धनगढी ५, कैलाली | खुद्रा ब्यापार | हसनपुर, कैलाली |
| ९५ | १६०००६०१०३ | सरस्वती देवी चन्द | ऋणी | ६७३०२०/७४२ | कैलाली | लाल बहादुर ऐर | दिपक कुमार चन्द | इन्द्र ध्वज चन्द | धनगढी २, कैलाली | फेन्सी पसल | हसनपुर, कैलाली |
| ९६ | ०४६१४००१०४ | कल्पना राम | ऋणी | २१३०३६/१२२ | रामेछाप | बुद्धवीर सार्की | शम्भु कुमार बसेल | डोरे सार्की | सुनारपानी ८, रामेछाप | बाख्रा पालन | मन्थली, रामेछाप |
| | ०४६१४००१०४ | शम्भु कुमार बसेल | जमानीकर्ता | २११०२९/६६६५४/६१५६ | रामेछाप | डोरे सार्की | | | सुनारपानी ८, रामेछाप | बाख्रा पालन | मन्थली, रामेछाप |
| ९७ | ०४६०७४०२०१ | सिर्जना मगर | ऋणी | २१२११०१३/१६४४५ | रामेछाप | मुक्ती बहादुर मगर | दिपक भुजेल | राम बहादुर भुजेल | सुनारपानी ५, रामेछाप | बाख्रा पालन | मन्थली, रामेछाप |
| | ०४६०७४०२०१ | दिपक भुजेल | जमानीकर्ता | २११०२९/१३६८१ | रामेछाप | राम बहादुर भुजेल | | | सुनारपानी ५, रामेछाप | बाख्रा पालन | मन्थली, रामेछाप |


## ब्रोड...

मादेनले भने, 'तिउरीका करिब १२ सय प्रजाति संसारमा पाइन्छन्, जसमध्ये एउटा प्रजातिको नाम उनीहरूले 'निम्सपुर्जाई' राखे। उनीहरूले अनुसन्धान गरेको बेला पुर्जाको नाम अत्यन्त प्रख्यात थियो, त्यसैले उनैको सम्मानमा नाम राखिएको हो।' रास्कोटीले २५ अगस्ट २०११ मा फेला पारेको यस वनस्पतिको नाम निम्सपुर्जाई राखेर 'प्लोज वन' जर्नलमा प्रकाशित गरेका थिए। त्रिभुवन विश्वविद्यालय केन्द्रीय वनस्पति विभागका डा. चित्रबहादुर बानियाँका अनुसार कसैको योगदानको कदर गर्दै वनस्पतिको नामकरण गरिने प्रचलन नेपालमा पहिल्यैदेखि रहेको छ। उनका अनुसार सयौं वैज्ञानिकहरूले आफ्नो अनुसन्धानका क्रममा पत्ता लागेका नयाँ वनस्पतिलाई सम्मान स्वरूप नामकरण गरेका छन्।

वनस्पति विज्ञहरूका लागि अनुसन्धानका क्रममा नयाँ वनस्पति भेट्नु अत्यन्त ठूलो उपलब्धि मानिन्छ। यस्ता उपलब्धिहरूको नाम कसैको सम्मान स्वरूप राख्ने गरिन्छ। नामकरण गर्नका लागि निश्चित सर्त र मान्यताहरू हुन्छन्। बानियाँले भने, 'आफ्नो नाममा नामकरण गर्न मिल्दैन, तर कसैलाई डेडिकेसन गर्न सकिन्छ। जेनेरिक र स्पेसिफिक नाम राख्न मिल्छ।'

### वनस्पतिको नामकरण भएका विज्ञहरू

पुर्जाको जस्तै वनस्पतिको नामकरण गरिएका थुप्रै विज्ञहरू नेपालमा छन्। त्यसमध्येका एक हुन् । वरिष्ठ वनस्पतिविज्ञ तीर्थबहादुर श्रेष्ठ। उनले गरेका अनुसन्धान र योगदानलाई कदर गर्दै उनको नाममा एउटा वनस्पतिको नाम 'जेन्टियाना श्रेष्ठाई' दिइएको छ। नेपालको उच्च हिमाली क्षेत्रका पारिस्थितिक प्रणालीका बारेमा व्यापक अनुसन्धान गरेको कदर स्वरूप उनको नाममा नामकरण गरिएको थियो। त्यसैगरी अर्का वनस्पतिविज्ञ सरोजकुमार कसजुको सम्मानमा एउटा वनस्पतिको नाम 'थन्बेर्जिया कसजुवाना' नाम दिइएको थियो। अर्का प्रोफेसर डा. रामचन्द्र चौधरीले उत्तर-पश्चिम क्षेत्रमा पाइने अल्पाइन वनस्पतिको विषयमा अनुसन्धान गरेबापत उनको नाममा पनि 'सौस्सुरेया रामचौधरीई' नाम दिइएको छ। त्यसैगरी डा. केशराज राजभण्डारीको नाममा पनि वनस्पतिको नामकरण गरिएको छ। उनीहरूलगायत थुप्रै वैज्ञानिकहरूको नाममा वनस्पतिको नाम नामकरण गरिएको छ।

### पुर्जाको हिमाल क्लिनअप क्याम्पेन

संयुक्त राष्ट्रसंघ वातावरण कार्यक्रम (यूएनईपी) का वातावरण दूतसमेत रहेका पुर्जाले हिमाली पर्यावरण जोगाउन कसरी काम गरेका थिए भन्ने विषयमा चर्चा गरिएको छ। सन् २०२१ मा निम्स दाइ फाउन्डेसन स्थापना गरेर हिमाल सफाइ अभियान कार्यक्रम थालेको जनाइएको छ। नेटफ्लिक्समा पुर्जाका बारेमा बनाइएको वृत्तचित्र '१४ पिक्स' मा हिमाली पर्यावरण जोगाउने अभियानमा वकालत गरेको विषय उजागर गरिएको छ।

हिमालमा प्लास्टिक प्रदूषण हुन नदिन र हिमाली पारिस्थितिक प्रणालीलाई यथावत् राख्नुपर्ने उनको चाहना थियो। उनले ६ महिनामा १४ वटा संसारका उच्च हिमाल आरोहण गरेर सन् २०१९ मा नयाँ रेकर्ड बनाएका थिए। तर, सन् २०२१ मा संसारको आठौं अग्लो मनास्लु हिमाल गएर फोहोर संकलन गरेका थिए। आरोहणका क्रममा छाडिएका डोरी, अक्सिजन सिलिन्डर, बोतल तथा क्यानहरू लगायतका फोहोर संकलन गरेका थिए। उनीलगायत उनको टोलीले त्यतिबेला ५ सय किलोभन्दा बढी फोहोर संकलन गरेको यूएनईपीले उल्लेख गरेको छ।

यूएनईपीले पुर्जालाई उद्धृत गर्दै भनेको छ, 'जसले हिमाललाई आफ्नो घर सम्झन्छ, उनीहरू सबैका लागि हिमाल संरक्षण गरेर राख्नुपर्छ।'

कार्डबोर्ड, प्लास्टिक, कागजलगायतका फोहोर सगरमाथा पदयात्रामा धेरै देखिएको थुप्रै पर्यटकहरूले प्रतिक्रिया दिएको र सन् २०१९ को कोभिडको समयमा ६० प्रतिशत फोहोर बढेको पनि बताएको छ। त्यतिबेला स्यानिटाइजरका बोतलहरू सबैभन्दा धेरै थुप्रिएका थिए। सन् २०१९ मा नै पुर्जाले सगरमाथामा अत्यधिक भिडले जाम भएको तस्बिर पोस्ट गरेका थिए। त्यसपछि उनले हिमाली सफाइ अभियान सुरु गरेको बताएको छ।

मनास्लुको सफाइपछि सगरमाथा, केटु, आमादब्लम हिमालको सफाइ गरेका थिए। प्रतिव्यक्तिले कम्तीमा ८ केजी फोहोर छोडेर आउने भएकाले हिमालको सफाइका लागि उचित आरोहणको मापदण्ड चाहिने विषयमा उनले वकालत गर्थे। पुर्जा भन्थे, 'सबैले आफ्नो व्यवहार परिवर्तन गरेर सुन्दर हिमाली पर्यावरण जोगाउनुपर्छ।'

## रंगुनले...

गोरे थापामात्रै होइन, २०३४ सालमा अछामकै चौरपाटी-६ बाट सिमलखेत झरेका दीपकबहादुर साउदको पनि त्यस्तै अवस्था छ। २०३४ सालमा बुवा रामगिरि साउद पनि ४ छोरासहित डडेलधुराको सिमलखेत सरेका थिए। २ भाइ छोराको २० रोपनी खेत रंगुन नदीले बगर बनाई दिएपछि हाल उनका एक भाइ धनगढी सरेका छन् भने २ भाइ सोही स्थानको रामपुर भन्ने स्थानमा कटेरो बनाएर बसेका छन्।

डडेलधुराको भित्री मधेस (मुख्य रूपमा हालको परशुराम नगरपालिका र आलिताल गाउँपालिका) को बस्तीको इतिहास निकै पुरानो भए पनि हालको जस्तो स्थायी बसोबास भने पछिल्ला दुई-तीन सय वर्षमा विस्तार भएको मानिन्छ।

सालका रूखले भित्री मधेस क्षेत्र ढाकिएको थियो। राउटे, राना थारू तथा अन्य आदिवासी समुदायहरू मौसमी रूपमा आवतजावत गर्ने गर्थे। स्थायी बस्ती भने निकै कम थियो। डोटी, बैतडी, अछाम, बझाङ र डडेलधुराका बासिन्दाहरू खेतीयोग्य जमिनको खोजीमा भित्रीमधेस झर्न थाले। नदी किनार र उर्वर फाँटमा बिस्तारै गाउँहरू बस्न थालेको इतिहास छ।

भित्री मधेसका विशाल सालका जंगलबाट काठ संकलन गरी महाकाली नदी हुँदै भारत पुर्‍याइन्थ्यो। स्थानीय इतिहासअनुसार ब्रिटिस कालको भारतमा रेलका लिग (स्लिपर) बनाउन यहाँका सालका काठ प्रयोग भएको उल्लेख छ। जसले गर्दा यस क्षेत्रमा मानिसहरूको आवागमन र बसोबास बढाउन सहयोग गर्‍यो।

उर्वर खेतीयोग्य जमिन उपलब्ध हुनु, महाकाली र रंगुन नदी आसपास पानीको सहज पहुँच हुनु, पहाडको तुलनामा बढी कृषि उत्पादन हुनु र मलेरिया नियन्त्रणपछि त्यहाँ बसोबास भएको पाइन्छ। हाल डडेलधुराको झन्डै आधा जनसंख्या भित्रीमधेस क्षेत्र (परशुराम र आलिताल) मा मात्रै बसोबास गर्छ।

सुरक्षित बसोबास रहेको क्षेत्रमा जलवायु परिवर्तनको असरसँगै बाढी पहिरोको प्रकोप बढन थालेको छ। चुरे पर्वतमालामा हुने अतिवृष्टि, अनावृष्टिका कारण खहरे खोलाहरू बढ्न थाले।

भित्री मधेसको कमलो र बलौटे माटो बगेर रंगुन नदी आसपासमा थिग्रन थाल्यो। ०६४ सालमा आएको रंगुन नदीको बाढीले त्यस आसपासका ३ सय परिवार प्रभावित भए भने ८० परिवारको सर्वस्व गुम्यो। रंगुनको बाढीले विस्थापित भएका केही परिवार त्यतै ऐलानी जग्गामा बसिरहेका छन् भने केही तराई तिरका वनमा बस्दै आएका छन्।

'२०४३ सालपछि हरेक ५/६ वर्षमा अनावृष्टि हुन्छ। बाढी आउँछ। रंगुन खोलाले खेतहरू बगाएर लैजान्छ' स्थानीय गोरे थापाले भने, 'पाँच/वर्षमा बाढी आइहाल्छ।' स्थानीयले बस्नका लागि सोही वडाको रामपुर, लामिगाडा, दमार जस्ता स्थानमा कटेरो बनाए पनि उनीहरू धान खेतीका लागि अझै पनि रंगुन नदीको बगरकै भर पर्ने गरेका छन्। 'हामीले एक्स्काभेटर लगाएर बगर बनेको ठाउँमा फेरि खेत बनाउँछौं, दुई/चार वर्षमा फेरि बाढी आउँछ, त्यसलाई बगर बनाएर जान्छ', स्थानीय कृष्ण भाटले भने।

कृष्ण भाटका हजुरबुवा धरमवीर सार्की दैलेखबाट डडेलधुराकै आलीतालको डोला भन्ने स्थानमा झरेका थिए। डोलाबाट उनको परिवार ०२३ सालमा परशुराम-६ स्थित रंगुन नदी किनारको सिमलखेतमा सरेको हो। '४ भाइको ८ रोपनी जग्गा बगर बनेको छ। घरमा लालपुर्जा छ, त्यसले के गर्नु ? ' कृष्ण भाटले भने। डोजरले खेत सम्याएर पछिल्लो २ वर्षदेखि खेतीपाती लगाउन थालेको उनले बताए। 'कुन वर्षको बाढी आएर बगाएर लैजान्छ, थाहा हुँदैन, धान नकाट्दासम्म चिन्ता भइरहन्छ', कृष्णले भने।

०६४ सालको बाढीले सिमलखेत गाउँ नै बगाएर लगेपछि सरकारले ०७४ सालमा नदीमा तटबन्ध बनाउन सुरु गर्‍यो। स्थानीय भन्छन्, '०७९ सालको बाढीले त्यो तटबन्ध पनि भत्काएर फेरि बगर बनायो।' स्थानीयले पुष्पकमल दाहाल प्रधानमन्त्री भएका बेला बाढी प्रभावित संघर्ष समिति नै बनाएर ११ दिन काठमाडौंमा बसेर सरकारको ध्यानाकर्षण गराएको बताए। 'त्यतिबेला सरकारले त्यहाँका विस्थापितहरूलाई पुनर्स्थापना गर्ने भनेको थियो। हामी पुनर्स्थापना हुने आसमा ११ दिनको बसाइ टुंग्याएर फर्कियौं पनि तर त्यसपछि केही भएन' स्थानीय मानबहादुर सार्कीले भने, 'हाम्रा लागि न स्थानीय सरकार रह्यो, न प्रदेश न संघ सरकार नै।'

# अर्थतन्त्र

सुनचाँदीको भाउ



छापावाल सुन : ३,०१,७००
चाँदी : ४६४५

(प्रतितोला रुपैयाँमा)

विदेशी विनिमय दर

| मुद्रा | एकाइ | खरिद | बिक्री |
|---|---|---|---|
| अमेरिकी डलर | १ | १५२.०४ | १५२.६४ |
| युरो | १ | १७७.२७ | १७७.९६ |
| पाउन्ड स्टर्लिङ | १ | २०४.३६ | २०५.१६ |
| भारतीय रुपैयाँ | १०० | १६० | १६०.१५ |

# १२ कम्पनीका १६ करोड कित्ता लकइन सेयर खुल्दै

**भवनाथ प्याकुरेल** | *काठमाडौं*

धितोपत्र दोस्रो बजारमा विभिन्न कम्पनीका संस्थापक, कर्मचारी तथा सामूहिक लगानी कोष (म्युचुअल फन्ड) का लागि छुट्ट्याइएको सेयरको लकइन अवधि सकिने क्रम सुरु भएको छ। आगामी भदौ मसान्तसम्म मात्रै एक दर्जन कम्पनीका ठूलो परिमाणका सेयर लकइनबाट बाहिर आउने भएकाले दोस्रो बजारमा सम्भावित थप आपूर्तिलाई लिएर लगानीकर्ताको चासो बढेको छ।

साउन र भदौमा १२ कम्पनीका संस्थापक, प्रमोटर, कर्मचारी तथा म्युचुअल फन्ड र अन्य समूहका गरी भदौसम्म १२ कम्पनीका १६ करोड ५ लाख ४४ हजार १ सय ३८ कित्ता सेयर: लक-इन सेयरको लकइन अवधि समाप्त हुँदैछ। लकइन अवधि समाप्त भएपछि सम्बन्धित सेयरधनीले प्रचलित कानुनी तथा नियामकीय व्यवस्थाअनुसार आफ्नो सेयर दोस्रो बजारमा कारोबार गर्न सक्ने भएकाले बजारमा उपलब्ध सेयरको संख्या बढ्नेछ।

नेपाल इन्भेस्टर्स् फोरम पूर्व अध्यक्ष छोटेलाल रौनियारले बजार सकारात्मक र नकारात्मक कसरी लिने भन्ने विषयले बजार तलमाथि जान सक्ने बताए। उनले भने 'लगानीकर्ताका लागि अबसर र चुनौती दुवै हो।'

लकइन अवधि सकिँदै गरेका कम्पनीमा भुजुङ हाइड्रोपावर, रिलायन्स स्पिनिङ मिल्स, सूर्यकुण्ड हाइड्रो इलेक्ट्रिक, होटल फरेस्ट इन, रिज लाइन इनर्जी, सुपर खुदी हाइड्रोपावर, पाल्पा सिमेन्ट इन्डस्ट्रिज, अपर लोहोरे खोला हाइड्रोपावर, मनकामना इन्जिनियरिङ हाइड्रोपावर, भागवती हाइड्रोपावर डेभलपमेन्ट, माण्डु हाइड्रोपावर र रिलायबल नेपाल लाइफ इन्स्योरेन्स रहेका छन्।

यीमध्ये केही कम्पनीमा हाल कारोबारमा रहेको सेयरको तुलनामा लकइनमा रहेको सेयरको मात्रा निकै ठूलो छ। उदाहरणका लागि भुजुङ हाइड्रोपावरमा ९ लाख ३० हजार कित्तामात्रै कारोबारमा रहेको अवस्थामा ८० लाख कित्ता संस्थापक तथा प्रमोटर सेयर र १० लाख ७० हजार कित्ता म्युचुअल फन्ड तथा अन्य समूहको सेयर लकइनमा छ। रिलायन्स स्पिनिङ मिल्समा पनि १० लाख ९८ हजार २ सय कित्ता कारोबारयोग्य सेयरको तुलनामा १ करोड ७० लाख ७३ हजार ४ सय कित्ता संस्थापक तथा प्रमोटर सेयर लकइनमा रहेको छ।

विशेषगरी रिलायबल नेपाल लाइफ इन्स्योरेन्सको संस्थापकतर्फको ठूलो परिमाणको सेयर लकइनबाट बाहिरिँदैछ। कम्पनीको ३ करोड ६३ लाख ७७ हजार ६ सय कित्ता संस्थापक तथा प्रमोटर सेयर लकइनमा रहेको छ। यसबाहेक ७ लाख ७१ हजार ५ सय २० कित्ता म्युचुअल फन्ड तथा अन्य समूहको सेयरसमेत लकइनमा रहेकाले कुल ३ करोड ७१ लाख ४९ हजार १ सय २० कित्ता सेयरको लकइन अवधि समाप्त हुँदैछ।

त्यस्तै, पाल्पा सिमेन्ट इन्डस्ट्रिजमा तीन करोड कित्ता संस्थापक तथा प्रमोटर सेयर, रिलायन्स स्पिनिङ मिल्समा १ करोड ७० लाख ७३ हजार ४ सय कित्ता, होटल फरेस्ट इनमा १ करोड ६० लाख कित्ता, सुपर खुदी हाइड्रोपावरमा १ करोड २४ लाख कित्ता र माण्डु हाइड्रोपावरमा १ करोड २० लाख कित्ता संस्थापक तथा प्रमोटर सेयर लकइनमा रहेको छ।

ठूलो परिमाणमा सेयर लकइनबाट बाहिरिने भएपछि बजारमा बिक्री चाप बढ्ने आशंका लगानीकर्तामा देखिएको छ। विशेषगरी संस्थापक तथा ठूला सेयरधनीले लकइन खुलेलगत्तै सेयर बिक्री गरेमा सम्बन्धित कम्पनीको सेयरमा आपूर्ति बढ्न सक्ने र त्यसले मूल्यमा दबाब सिर्जना गर्न सक्ने अनुमान छ। तर लकइन अवधि सकिनु भनेको सबै सेयर तत्काल बिक्रीमा आउनु होइन। लकइन खुलेपछि सेयर बिक्री गर्ने वा होल्ड गर्ने निर्णय सम्बन्धित सेयरधनीमा निर्भर रहने भएकाले वास्तविक बिक्री चाप कति हुन्छ भन्ने कुरा बजारको माग, कम्पनीको वित्तीय अवस्था र सेयरधनीको रणनीतिमा निर्भर हुनेछ।



- भदौसम्म १२ कम्पनीका १६ करोड ५ लाख ४४ हजार १३८ कित्ता सेयरको लकइन अवधि सकिँदैछ।
- यसमध्ये संस्थापक/प्रमोटरका १५ करोड ९४ लाख ९८ हजार १९४ कित्ता सेयर छन्।
- म्युचुअल फन्ड तथा अन्य समूहका १० लाख ४५ हजार ९४४ कित्ता सेयर लकइनबाट बाहिरिँदैछन्।
- लकइन अवधि सकिएपछि सम्बन्धित सेयरधनीले कानुनी तथा नियामकीय व्यवस्था पूरा गरी दोस्रो बजारमा सेयर कारोबार गर्न सक्नेछन्।
- ठूलो परिमाणमा सेयर खुल्दा बजारमा थप आपूर्ति र सम्भावित बिक्री चाप बढ्ने लगानीकर्ताको चिन्ता छ।
- रिलायबल नेपाल लाइफ इन्स्योरेन्सको सबैभन्दा ठूलो परिमाणमा लकइन सेयर खुल्दैछ कुल ३ करोड ७१ लाख ४९ हजार १२० कित्ता।
- पाल्पा सिमेन्टको ३ करोड, रिलायन्स स्पिनिङ मिल्सको १ करोड ७० लाख ७३ हजार ४००, होटल फरेस्ट इनको १ करोड ६० लाख कित्ता संस्थापक सेयर लकइनमा छ।




# ग्यास अभाव हुँदैन, अनावश्यक सञ्चय नगर्नुहोस् : ग्यास उद्योग संघ




**काठमाडौं** (अन्नपूर्ण) : पछिल्ला केही दिनयता काठमाडौं उपत्यकासहित विभिन्न स्थानमा एलपी ग्यास आपूर्तिसम्बन्धी गुनासो बढेपछि नेपाल एलपी ग्यास उद्योग संघले उपभोक्तालाई अनावश्यक रूपमा ग्यास सञ्चय नगर्न आग्रह गरेको छ।

संघले आइतबार प्रेस विज्ञप्ति जारी गर्दै नेपाल आयल निगमको विशेष पहलमा भारतका विभिन्न रिफाइनरीबाट सहज रूपमा एलपी ग्यासको आयात भइरहेको जनाएको छ। संघका अनुसार पछिल्लो समय एलपी ग्यासको आयात करिब १५ प्रतिशतले वृद्धि भएको छ।

आयात बढिरहे पनि बजारमा ग्यास अभाव हुने आशंकामा उपभोक्ताले आवश्यकताभन्दा बढी ग्यास खरिद गर्ने तथा सिलिन्डर सञ्चय गर्ने प्रवृत्तिले कृत्रिम अभावको अवस्था सिर्जना हुन सक्ने संघको भनाइ छ।

यसबाट वास्तविक रूपमा ग्यास आवश्यक परेका उपभोक्ताले समेत सहज रूपमा ग्यास नपाउने अवस्था आउन सक्ने संघले जनाएको छ। संघले हाल देखिएको ग्यास अभावको समस्या तत्काल समाधान हुने र आगामी दिनमा समेत एलपी ग्यास आपूर्तिमा समस्या नहुने दाबी गरेको छ।

संघले आफ्ना विक्रेतालाई घरायसी प्रयोगकर्ता उपभोक्तालाई प्राथमिकतामा राखेर ग्यास बिक्री-वितरण गर्न आग्रह गरेको छ। साथै बजारको मागअनुसार ग्यास उपलब्ध गराउन हरसम्भव प्रयास भइरहेको जानकारी उपभोक्तालाई गराउन पनि विक्रेतालाई निर्देशन दिएको छ।

संघले आफ्ना सदस्य उद्योग तथा सम्बन्धित निकायसँग निरन्तर समन्वय गरी एलपी ग्यासको नियमित र सहज आपूर्ति सुनिश्चित गर्न प्रतिबद्ध रहेको जनाएको छ। साथै उपभोक्तालाई धैर्य र संयम अपनाई सहयोग गरिदिन अपिल गरेको छ।

# एक तोला सुनको भाउ फेरि ३ लाख नाघ्यो



**काठमाडौं** (अन्नपूर्ण) : नेपाली बजारमा सुनको मूल्य बढेर फेरि तीन लाखमाथि पुगेको छ। नेपाल सुन-चाँदी व्यवसायी महासंघका अनुसार आइतबार एक तोला सुनको भाउ ३ लाख १ हजार ७ सय कायम भएको छ। गत शुक्रबार सुन प्रतितोला २ लाख ९६ हजार ९ सय रुपैयाँमा खरिदबिक्री भएको थियो।

यस्तै एक तोला चाँदीको मूल्य ४ हजार ६४५ रुपैयाँमा पुगेको छ। शुक्रबार सोही परिमाणको चाँदी ४ हजार ५ सय ८० रुपैयाँमा कारोबार भएको थियो।

# उपायको कारोबार एक वर्षमै ५४ प्रतिशतले बढ्यो



**काठमाडौं** (अन्नपूर्ण) : नेपालको लजिस्टिक्स क्षेत्रमा तीव्र विस्तार गरिरहेको उपायले पछिल्लो एक वर्षमा कारोबार, रोजगारी, शाखा सञ्जाल र पार्सल व्यवस्थापन क्षमतामा उल्लेखनीय वृद्धि गरेको छ। कम्पनीका अनुसार चालु आर्थिक वर्षमा कारोबार रकम ५४ प्रतिशतले बढेको छ।

सन् २०२० मा स्थापना भएको उपायले हाल देशका सबै जिल्लाका ५ हजारभन्दा बढी वितरणस्थलमा सेवा पुर्‍याउँदै आएको जनाएको छ। केही वर्षअघि ४० शाखाबाट सेवा दिँदै आएको कम्पनीले अहिले चार सयभन्दा बढी शाखा तथा सेवा केन्द्र सञ्चालनमा ल्याएको छ। कम्पनीमा कार्यरत कर्मचारीको संख्या पनि एक वर्षमै करिब ३ सय ८० बाट बढेर १ हजार ५ सयभन्दा बढी पुगेको छ। डेलिभरी पार्टनर, ट्रान्सपोर्ट साझेदार तथा अन्य सेवा प्रदायकमार्फत थप पाँच हजारभन्दा बढी अप्रत्यक्ष रोजगारी सिर्जना भएको कम्पनीको दाबी छ।

उपायले दैनिक पार्सल वितरण क्षमता पनि करिब एक हजारबाट बढाएर औसत १५ हजार पुर्‍याएको जनाएको छ। यसैबीच, काभ्रेको साँगामा १८ रोपनीभन्दा बढी आफ्नै जग्गामा करिब ४५ हजार वर्गफुट क्षेत्रफलमा अत्याधुनिक थ्रीपीएल वेयरहाउस निर्माण भइरहेको छ। कुल भण्डारण क्षमता १ लाख ४० हजार वर्गफुटभन्दा बढी हुने उक्त परियोजना आगामी ६ महिनाभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

# उत्कृष्ट २० उद्यमीमा दीपाली टण्डन छनोट



**नेपालगन्ज** (अन्नपूर्ण) : बाँकेकी महिला उद्यमी दीपाली टण्डन देशभरका उत्कृष्ट २० उद्यमीमा छनोट भएकी छन्।

नेपालस्थित अमेरिकी दूतावासको सहयोगमा सञ्चालित 'यूएस एम्बेसी इन्टरप्रेनरसिप स्किल डेभलपमेन्ट प्रोग्राम-क्यापस्टोन एक्सेलेरेटर' अन्तर्गत देशका प्रमुख सहर नेपालगन्ज, धनगढी, विराटनगर, जनकपुर, हेटौंडा, भैरहवा र पोखरामा सञ्चालित क्षेत्रीय उद्यमशीलता कार्यशालामा सहभागिता जनाएका दुई सय जना उद्यमीमध्ये उत्कृष्ट २० र लुम्बिनी प्रदेशबाट छनोट भएका दुई जनामध्ये एक जना हुन्। लुम्बिनी प्रदेशबाट दाङमा अल्लोका सामग्री उत्पादन गर्ने हिसिला ओली पनि उत्कृष्ट २० मा परेकी छन्।

दीपली टण्डन दीपलिज अचार एन्ड मसला कम्पनीमार्फत २० भन्दा बढी प्रकारका अचार र मसलाका उत्पादन बजारमा ल्याएकी छन्। टण्डनले स्थानीय स्वाद र खाद्य परम्परालाई आधुनिक उत्पादन, प्याकेजिङ तथा ब्रान्डिङसँग जोडेर नेपालभर तथा अन्तर्राष्ट्रिय बजारसम्म पुर्‍याउने लक्ष्य राखेकी छन्। उत्कृष्ट उद्यमीमा परेपछि अन्नपूर्ण पोस्ट्सँगको टेलिफोन सम्पर्कमा टण्डनले देशभरिका उत्कृष्ट उद्यमीसहित तीनदिने आवासीय क्यापस्टोन एक्सेलेरेटर तालिमपछि काठमाडौंमा साझेदारीमा व्यापार विस्तार गर्ने बताइन्। उनले भनिन्, 'दुईतीन जना साझेदार पाएकी छु। काठमाडौंको सबैलाई पायक पर्ने स्थानमा हाम्रो बिक्रीकक्ष राख्नेछौं।'

तालिमका क्रममा खाद्य प्रशोधन तथा प्राकृतिक मसला उत्पादन क्षेत्रमा सक्रिय टण्डनले कार्यक्रममा आफ्नो व्यावसायिक यात्रा, उत्पादनको विशेषता, ब्रान्ड निर्माण, बजार विस्तार, लगानी तयारी, निर्यात सम्भावना तथा भावी योजनाबारे प्रस्तुति दिएकी थिइन्। स्थानीय स्वाद र उत्पादनलाई फराकिलो बजारसम्म पुर्‍याउने आफ्नो योजनाले राष्ट्रिय मञ्चमा प्रतिनिधित्व गरेको उनी बताउँछिन्।

तालिमका क्रममा दीपलीले उत्पादन गरेका अचार र मसलालाई प्रदर्शन गर्ने अवसर पनि पाएकी थिइन्। उनको उत्पादनबाट दुई दिनको लन्च र डिनरका विभिन्न परिकारसमेत तयार गरिएको थियो। यसले सहभागीहरूलाई उनको उत्पादन प्रत्यक्ष रूपमा अनुभव गर्ने अवसर दिएको थियो।

दीपालीसहितका उत्कृष्ट उद्यमीलाई आयोजकले काठमाडौंमा आयोजित तीनदिने आवासीय कार्यक्रममा व्यवसाय विस्तार, लगानी तयारी, निर्यात सम्भावना, अन्तर्राष्ट्रिय बजारमा पहुँच, कृत्रिम बुद्धिमत्ता (एआई)को प्रयोग, बजार व्यवस्थापन तथा रणनीतिक सञ्चारलगायत विषयमा प्रशिक्षण दिएको थियो।

तालिम समापन समारोहलाई सम्बोधन गर्दै नेपालस्थित अमेरिकी दूतावासका पब्लिक अफेयर्स प्रमुख माइक हार्करले भने, 'नवीन सोच भएका नेपाली उद्यमीहरूमा लगानी गर्दै, नवप्रवर्तनलाई प्रोत्साहन गर्दै तथा उद्यमी, उद्योग र लगानीकर्ताबीच सम्बन्ध विस्तार गरेर हामी आर्थिक कूटनीति र निजी क्षेत्रीय सहकार्यलाई थप सुदृढ बनाइरहेका छौं। नेपालको आर्थिक विकास र द्विपक्षीय सम्बन्धलाई अझ मजबुत बनाउने नयाँ पुस्ताका उद्यमीहरूलाई सहयोग गर्न पाउँदा हामी गर्व गर्छौं।'

# पढाइसँगै कमाइ गर्दै विद्यार्थी

**प्रदीपचन्द्र राई** | *भोजपुर*



विद्यालयको कक्षा सकिएपछि धेरै विद्यार्थी मोबाइल र सामाजिक सञ्जालमा व्यस्त हुन्छन्। तर, दक्षिणी भोजपुरको आमचोक गाउँपालिकाका विद्यार्थी भने फुर्सदको समयमा पनि भ्याइनभ्याइ हुन्छन्। उनीहरू टनेल नर्सरीमा बिरुवा उत्पादन गर्छन्, श्रम गर्छन् र त्यही श्रमबाट आम्दानी पनि गर्छन्।

पढाइसँगै विद्यार्थीलाई कृषि, श्रम र उत्पादनसँग जोड्न र गाउँपालिकाको कृषिलाई प्रवर्द्धन गर्ने उद्देश्यले गाउँपालिकाले सञ्चालन गरेको कार्यक्रमअन्तर्गत विद्यार्थीले पोलिब्यागमा बिरुवा उत्पादन गरिरहेका हुन्। बिरुवा उत्पादन गरेबापत प्रतिगोटा एक रुपैयाँ पारिश्रमिक पाउने व्यवस्था छ। विद्यार्थीले एकपटकमा ५ सयदेखि २ हजार ५ सय रुपैयाँसम्म कमाउने गरेका छन्।

विद्यालय छुटेपछि नर्सरी पुग्ने विद्यार्थी माटो तयार गर्ने, पोलिब्याग भर्ने, बिरुवा रोप्ने, पानी हाल्ने, गोडमेल गर्ने र बिरुवाको हेरचाह गर्ने काममा जुट्छन्। यसबाट उनीहरूले कृषि सीपसँगै श्रमको मूल्य, समयको सदुपयोग र कमाइको महत्त्वसमेत सिकिरहेका छन्।

कक्षा ९ मा अध्ययनरत स्थानीय सुनील विष्टका लागि नर्सरीको काम फुर्सद कटाउने माध्यम मात्र होइन, व्यावहारिक सिकाइको कक्षासमेत बनेको छ। 'फुर्सदको समय सदुपयोग भएको छ। आफ्नै मेहनतबाट कमाउन पाउँदा खुसी लागेको छ। यसले श्रमको सम्मान गर्न र आफूले पनि केही गर्न सक्छु भन्ने आत्मविश्वास बढाएको छ,' विष्टले भने।

कक्षा ११ का दीपेश राईले नर्सरीबाट प्राप्त आम्दानी शैक्षिक सामग्री खरिद तथा व्यक्तिगत खर्चमा प्रयोग गर्ने गरेका छन्। उनका लागि आफ्नै मेहनतबाट आएको आम्दानीको महत्त्व छुट्टै छ। 'पढाइसँगै कमाइ गर्न पाउनु राम्रो अवसर हो। आफ्नै श्रमबाट कमाएको पैसाको महत्त्व झन् बढी महसुस हुँदो रहेछ,' राईले भने।

गाउँपालिकाका अनुसार कार्यक्रमको उद्देश्य विद्यार्थीलाई केही रुपैयाँ कमाउने अवसर दिनुमात्र होइन। सानै उमेरदेखि श्रमको सम्मान गर्ने संस्कार बसाल्ने, कृषिप्रति आकर्षण बढाउने, उत्पादनसँग जोड्ने र भविष्यमा आत्मनिर्भर बन्ने आधार तयार गर्नु कार्यक्रमको मुख्य लक्ष्य हो।

आमचोक गाउँपालिकाका अध्यक्ष अशोक राई विद्यार्थीलाई किताबको ज्ञानसँगै जीवन उपयोगी सीप सिकाउनुपर्ने बताउँछन्। 'हामी विद्यार्थीलाई श्रम, सीप र उत्पादनसँग जोड्न चाहन्छौं। सानैदेखि श्रमको सम्मान गर्न सिके भविष्यमा उनीहरू आत्मनिर्भर बन्न सक्छन्। यो कार्यक्रम त्यसैको सुरुआत हो,' अध्यक्ष राईले भने।

गाउँपालिकाले विद्यार्थीमार्फत उत्पादन भएका बिरुवा स्थानीय किसानसम्म पुर्‍याउने योजना पनि अघि बढाएको छ। किसानलाई स्थानीयस्तरमै गुणस्तरीय बिरुवा उपलब्ध गराउने र त्यसबाट कृषि उत्पादन बढाउने गाउँपालिकाको लक्ष्य छ।

आमचोकलाई किबी उत्पादनको सम्भावनायुक्त क्षेत्रका रूपमा विकास गर्ने लक्ष्यसहित चिया र कफीजस्ता नगदेबालीलाई पनि आयआर्जनसँग जोड्ने प्रयास भइरहेको छ। गाउँपालिकाका सम्भावित क्षेत्रमा चिया रोपणसँगै उपयुक्त स्थानमा कफी खेती विस्तार गर्ने योजना अघि बढाइएको अध्यक्ष राईले बताए।

यसरी विद्यार्थीको श्रम दुई तहमा प्रयोग भइरहेको छ, विद्यार्थीले आम्दानी गरिरहेका छन्, गाउँले कृषि उत्पादनका लागि बिरुवा पाइरहेका छन्। विद्यार्थीको ठूलो समय मोबाइल र सामाजिक सञ्जालमा बितिरहेको गुनासो भइरहेका बेला आमचोकको यो अभ्यास उत्पादनमुखी विकल्पका रूपमा देखिएको छ। स्थानीय राजीनकुमार राईका अनुसार नर्सरीको कामले विद्यार्थीमा जिम्मेवारी, अनुशासन र उद्यमशील सोच विकास गर्न सहयोग पुगेको छ।

'विद्यार्थीको धेरै समय मोबाइल र सामाजिक सञ्जालमा बित्ने गरेको छ। यहाँ भने उनीहरू फुर्सदमा नर्सरी पुगेर उत्पादनको काम गरिरहेका छन्। यसले श्रमको सम्मान र आत्मनिर्भरताको भावना विकास गरेको छ,' उनले भने।

आमचोकमा अहिले विद्यार्थीका हातमा कलमसँगै बिरुवा छन्। उनीहरूको पढाइसँगै कमाइ सुरु भएको छ। अझ महत्वपूर्ण कुरा, उनीहरूले आत्मनिर्भर बन्ने अभ्यास विद्यालयको पाठ्यपुस्तकबाट होइन, आफ्नै श्रमबाट सिकिरहेका छन्। एउटा पोलिब्यागमा रोपिएको बिरुवा हुर्किँदै गर्दा विद्यार्थीको सीप, आत्मविश्वास र उद्यमशील सोच पनि हुर्किरहेको गाउँपालिका उपाध्यक्ष सीता राईले सुनाइन्। यही अभ्यास निरन्तरता पाउने हो भने आजका यी साना श्रमिक हातहरू भोलि आफ्नै गाउँमा रोजगारी सिर्जना गर्ने उद्यमी हात बन्न सक्ने अपेक्षा लिइएको उनले सुनाइन्।





## सुदूरपश्चिममा फर्किए सेफ जैब

इङ्ल्यान्डका अलराउन्डर सेफ अली जैब नेपाल प्रिमियर लिग (एनपीएल) टोली सुदूरपश्चिम रोयल्समा फर्किएका छन्। पहिलो संस्करण सुदूरपश्चिमबाट खेलेका उनी दोस्रो संस्करणमा सुदूरपश्चिम फर्किएका हुन्।




# 'इन्फान्टिनो युग समाप्त भइसक्यो'



**एजेन्सी** | *म्याड्रिड*

विश्व फुटबलको सर्वोच्च निकाय फिफाका अध्यक्ष जियानी इन्फान्टिनोमाथि नेतृत्व छाड्नुपर्ने दबाब बढिरहेका बेला स्पेनिस ला लिगाका अध्यक्ष जेभियर तेबासले उनको युग समाप्त भइसकेको दाबी गरेका छन्। फिफाभित्रै नेतृत्वलाई लिएर विवाद चर्किरहेका बेला तेबासको पछिल्लो अभिव्यक्तिले इन्फान्टिनोविरुद्धको आवाज थप प्रखर भएको छ। तेबासले ले मोन्डेसँगको अन्तर्वार्तामा इन्फान्टिनोको युग सकिएको बताउँदै फिफाको वर्तमान प्रणाली नै समस्याग्रस्त रहेको टिप्पणी गरेका हुन्।

'मलाई लाग्छ, उनको समय सकिएको छ', तेबासले भनेका छन्। तर उनले इन्फान्टिनोले तत्काल पद छाड्ने सम्भावना भने नरहेको बताएका छन्। उनका अनुसार इन्फान्टिनोलाई फिफाका सदस्य राष्ट्र तथा फुटबल संघहरूको ठूलो समूहको समर्थन कायमै रहेकाले नेतृत्व परिवर्तन सहज भने छैन।

तेबासले फिफाको वर्तमान संरचनामाथि नै प्रश्न उठाएका छन्। उनका अनुसार इन्फान्टिनोको नेतृत्वभन्दा पनि समस्या फिफाको निर्णय प्रक्रिया र त्यसलाई समर्थन गर्ने प्रणालीमा छ। 'उनीसँग प्रणालीको समर्थन छ। उनका वैकल्पिक उम्मेदवार पनि छैनन्, किनकि कोही पनि हार्नका लागि उम्मेदवार बन्न चाहँदैन', तेबासले भनेका छन्। ला लिगा अध्यक्षको यो टिप्पणी यतिबेला आएको छ, जतिबेला इन्फान्टिनो नेतृत्वमा फिफाभित्र गम्भीर राजनीतिक तनाव देखिएको छ। पछिल्लो समय फिफाको व्यावसायिक अधिकार तथा ठूला प्रतियोगिताबाट हुने आम्दानीसँग सम्बन्धित योजनालाई लिएर युरोपेली फुटबल निकाय यूईएफएसहित विभिन्न पक्षले असन्तुष्टि जनाएका छन्।

इन्फान्टिनोले फिफालाई थप व्यावसायिक र आर्थिक रूपमा बलियो बनाउने योजना अघि सार्दै आएका छन्। तर, उनका केही योजनाले फुटबलको परम्परागत संरचना, राष्ट्रिय लिग र क्लब फुटबलको हितमाथि असर पार्न सक्ने भन्दै आलोचना भइरहेको छ। तेबास इन्फान्टिनोका पुराना आलोचकसमेत हुन्। उनले यसअघि नै फिफाले फुटबल उद्योगलाई कमजोर बनाउने दिशामा काम गरिरहेको आरोप लगाएका थिए। २०२६ विश्वकपका दौरान खेल सञ्चालन र फिफाको निर्णय प्रक्रियालाई लिएर पनि उनले कडा आलोचना गरेका थिए।

विशेषगरी विश्वकपमा प्रयोग भएका हाइड्रेसन ब्रेक, खेल सञ्चालनका निर्णय तथा अन्य विषयमा फिफाले फुटबल सरोकारवालासँग पर्याप्त छलफल नगरी निर्णय गर्ने गरेको भन्दै तेबासले असन्तुष्टि जनाएका थिए। उनका अनुसार फिफाले आफ्नो हितलाई प्राथमिकता दिँदा राष्ट्रिय लिग र क्लब फुटबलको हित ओझेलमा परेको छ।

तेबासले इन्फान्टिनो युग समाप्त भएको दाबी गरे पनि त्यसको वास्तविक अन्त्य कहिले हुन्छ भन्ने स्पष्ट नभएको स्वीकार गरेका छन्। यही विषय अहिले विश्व फुटबलको आगामी नेतृत्वसँग जोडिएको सबैभन्दा ठूलो प्रश्न बनेको पनि उनले बताएका छन्। इन्फान्टिनोले आगामी फिफा अध्यक्षीय निर्वाचनमा पुनः उम्मेदवारी दिने तयारी गरिरहेका छन्। त्यसैले तेबासको अभिव्यक्ति केवल व्यक्तिगत आलोचना नभई आगामी नेतृत्वका लागि सुरु भएको शक्ति संघर्षको रूपमा पनि हेरिएको छ। फिफाभित्र इन्फान्टिनोको समर्थन गर्ने र उनको नेतृत्व परिवर्तन चाहने पक्षबीच दूरी बढ्दै गएमा आगामी निर्वाचन विश्व फुटबलको सबैभन्दा ठूलो राजनीतिक प्रतिस्पर्धा बन्न सक्ने विशेषज्ञहरूले बताउँदै आएका छन्।

**इन्फान्टिनोमाथि बढ्दो दबाब**



इन्फान्टिनोमाथिको दबाब अहिले तेबासको आलोचनामा मात्र सीमित छैन। यूईएफए र केही राष्ट्रिय फुटबल संघले उनको नेतृत्वप्रति असन्तुष्टि सार्वजनिक गरिसकेका छन्। नर्वेको फुटबल नेतृत्वबाट समेत इन्फान्टिनोको राजीनामाको माग उठेको छ। अर्कोतर्फ अफ्रिकी फुटबल महासंघ (काफ) र दक्षिण अमेरिकी फुटबल महासंघ (कोन्मेबोल) जस्ता शक्तिशाली क्षेत्रीय निकायहरूले भने इन्फान्टिनोलाई समर्थन गरिरहेका छन्।

यसले फिफाभित्र नेतृत्वलाई लिएर शक्ति संघर्ष बढ्दै गएको छ। इन्फान्टिनोले भने आफू लोकतान्त्रिक प्रक्रियाबाट निर्वाचित भएको भन्दै नेतृत्वविरुद्धको चुनौती पनि फिफाको विधान र लोकतान्त्रिक प्रक्रियामार्फत आउनुपर्ने बताउँदै आएका छन्। फिफाले पछिल्लो समय आफ्ना अध्यक्षमाथि भइरहेको आलोचनालाई 'समन्वित अभियान'को संज्ञासमेत दिएको छ।

इन्फान्टिनो सन् २०१६ मा पहिलोपटक फिफा अध्यक्ष निर्वाचित भएका थिए। उनले फिफालाई आर्थिक रूपमा सबल बनाउनुका साथै विश्वकपमा सहभागी टोलीको संख्या विस्तारलगायतका महत्वपूर्ण परिवर्तन अघि बढाएका छन्। फिफाले उनको १० वर्षे कार्यकाललाई संस्था सुधार, आर्थिक वृद्धि र विश्वव्यापी फुटबल विकासका दृष्टिले महत्वपूर्ण उपलब्धिका रूपमा प्रस्तुत गर्दै आएको छ।

तर, आलोचकहरू भने आर्थिक सफलता मात्रले फिफाको नेतृत्वलाई सफल मान्न नसकिने तर्क राख्दै आएका छन्। उनीहरू निर्णय प्रक्रियामा पारदर्शिता, सदस्य संघ तथा क्लबहरूको सहभागिता र फुटबलको समग्र हितलाई प्राथमिकता दिनुपर्ने पक्षमा छन्।

# स्की संघको साधारणसभा सम्पन्न

**अन्नपूर्ण** | *काठमाडौं*




नेपाल स्की संघको सातौं साधारणसभासम्पन्न भएको छ। संघका अध्यक्ष जीवनराम श्रेष्ठको सभापतित्वमा भएको बन्दसत्रले आर्थिक वर्ष २०८३/८४ का लागि ३४ लाख ८० हजार आठ सय रुपैयाँ वार्षिक बजेट छुट्याएको छ। संघले आगामी वर्षमा राष्ट्रिय प्रतियोगिता आयोजना, अन्तर्राष्ट्रिय प्रतियोगिता र कार्यक्रममा सहभागिता, प्रशिक्षण कार्यक्रम तथा विन्टर ओलम्पिक्स तयारीका लागि सो बजेट पारित गरेको हो।

बन्दसत्रले स्की संघकी उपाध्यक्ष रमा भट्टराईले प्रस्तुत गरेको कार्ययोजना, महासचिव विजय श्रेष्ठले प्रस्तुत गरेको वार्षिक प्रतिवेदन र कोषाध्यक्ष जितेन्द्र श्रेष्ठले पेश गरेको आर्थिक प्रतिवेदन पारित गरेको थियो। यस्तै नयाँ लेखापरीक्षकको नियुक्ति र अर्को वर्ष नियमित साधारणसभा गर्ने निर्णय पनि पारित गरेको थियो। साधारणसभामा भौतिक तथा भर्चुअल रुपमा संघका पदाधिकारी र सदस्यहरूले सहभागिता जनाएका थिए। संघको नयाँ विधानमा भौतिक रूपमा उपस्थित हुन नसकेको स्थितिमा भर्चुअल तरिकाले पनि साधारणसभामा भाग लिनसक्ने प्रावधान छ।

यसअघि संघको साधारणसभाको उद्घाटन सत्र उपाध्यक्ष रमा भट्टराईको सभापतित्व र अध्यक्ष जीवनराम श्रेष्ठको प्रमुख आतिथ्यमा भएको थियो। अध्यक्ष श्रेष्ठले अस्थिरताका कारण खेलकुदले उचाइ र सफलता प्राप्त गर्न नसक्दा पछाडि परिरहेको बताए। 'सबैले आआफ्नो ठाउँबाट वैधानिक रुपमा इमान्दार भएर काम गर्ने हो भने खेलकुदका अस्थिरता अन्त्य हुन्छ। खेल संघहरू निर्धक्कसाथ खेलको विकासमा अग्रसर हुन सक्छन्', अध्यक्ष श्रेष्ठले भने।

कार्यक्रममा नेपाल रग्बी संघका अध्यक्ष दीपक देवकोटा, नेपाल ह्यान्डबल संघका अध्यक्ष पीताम्बर तिमिल्सिना, नेपाल टेबुलटेनिस संघका अध्यक्ष चतुरानन्द राजवैद्य, नेपाल ओलम्पिक कमिटिका महासचिव राजीव श्रेष्ठले शुभकामना मन्तव्य राखेका थिए।

# मेसीबिनाको मायामीलाई धक्का

**न्युयोर्क** (एजेन्सी) : कप्तान तथा स्टार खेलाडी लियोनल मेसी मैदानमा नहुँदा इन्टर मायामीले लिग्स कपमा हार बेहोरेको छ। आफ्नै मैदानमा भएको खेलमा इन्टर मायामी मेक्सिकोको मोन्टेरेसँग २-१ गोलले पराजित भएको हो। मेसीको अनुपस्थितिमा मैदान उत्रिएको मायामीले सुरुवातमा अग्रता लिए पनि त्यसलाई जोगाउन नसक्दा हार बेहोरेको हो। रोड्रिगो डे पाउलले ३२ औं मिनेटमा गोल गर्दै इन्टर मायामीलाई अग्रता दिलाएका थिए। तर, दोस्रो हाफमा मोन्टेरेले खेलमा पुनरागमन गर्दै लगातार दुई गोल गरेपछि इन्टर मायामी स्तब्ध बनेको हो।

मोन्टेरेका ह्युगो क्युपर्सले ४७औं मिनेटमा गोल गर्दै खेल १-१ को बराबरीमा ल्याएका थिए। त्यसपछि निर्धारित समयको अन्तिमतिर डिएगो रोसीले गोल गरेपछि मोन्टेरेले २-१ को रोमाञ्चक जित निकालेको थियो।

इन्टर मायामीका लागि भने मेसीको अनुपस्थिति फेरि एकपटक ठूलो चुनौतीका रूपमा देखिएको छ। आठपटकका बालोन डी'ओर विजेता मेसी खेलमा सहभागी भएनन्। उनका पिता जर्ज मेसीको निधन भएपछि अर्जेन्टिनी सुपर स्टार शोकमा रहेकाले उनी मैदानबाहिर रहेका थिए। खेल सुरु हुनुअघि दुवै टोलीका खेलाडीले जर्ज मेसीको सम्झनामा मौनधारणसमेत गरेका थिए। मेसी मैदानमा नहुँदा मायामीको आक्रमणमा स्वाभाविक रूपमा प्रभाव परेको थियो। मेसीसँगै अन्य केही महत्वपूर्ण खेलाडीको अनुपस्थितिसमेत रहेको अवस्थामा मायामीले अग्रता बनाए पनि त्यसलाई अन्तिमसम्म कायम राख्न सकेन। मोन्टेरेविरुद्धको खेलमा डे पाउलले मायामीलाई अगाडि बढाए पनि दोस्रो हाफमा टोलीले खेलमाथिको नियन्त्रण गुमाएको थियो।

# युनिका र आदेशलाई स्वर्ण




**अन्नपूर्ण** | *काठमाडौं*

नेपालका युनिका पौडेल र आदेश विष्टले चीनको नानजिङ सहरमा भएको तेक्वान्दो ग्रान्डस्लाम युथ लिग फाइनल्समा स्वर्ण पदक जितेका छन्। यही अगस्ट ७ देखि ९ तारिखसम्म सञ्चालन भएको प्रतियोगितामा युनिकाले महिला ३४ केजी तौल समूह र आदेशले पुरुष ६० केजी तौल समूहमा स्वर्ण पदक जितेका हुन्। यस्तै महिला यू-११ एकल पुम्सेमा प्रिसा ज्ञवालीले पनि स्वर्ण पदक जित्न सफल भइन्। प्रिसाले ग्योरोगीको २८ केजीमुनि तौल समूहमा कांस्य पदक जितिन्। यस्तै सिनियर पुरुषको ६८ केजीमुनि अफेस खत्रीले पनि स्वर्ण पदक जितेका थिए। यस्तै ४५ केजीमुनिको तौल समूहमा लोचनी भट्टराई, पुरुष ४२ केजीमुनि सिबेन सुब्बा, ३९ केजीमुनि शाश्वत निरौला, सिनियर पुरुषको ५४ केजीमुनि अभिषेक डल्लाकोटी र पुरुष ४५ केजीमुनिको तौल समूहमा आवश्यक विष्टले रजत पदक जितेका थिए।

यस्तै पुरुष २१ केजीमुनि सम्भयम महतारा, २७ केजीमुनि सरभव महतारा, महिला ५४ केजीमुनि आरध्या खरेल र सिनियर पुरुषको ३० वर्षमाथिको एकल पुम्सेमा गौतम श्रेष्ठ र अनिश अधिकारीले कांस्य पदक जितेका थिए। प्रशिक्षकमा पुजन खड्का, टिम व्यवस्थापकमा प्रज्ञा पाण्डे तथा अन्तर्राष्ट्रिय निर्णयक विकेश बिडारीले निर्णायकको भूमिका निर्वाह गरेका थिए।







नेपाल न्युज नेटवर्क इन्टरनेसनल प्रालिद्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कर्पोरेट टावर, तीनकुने, काठमाडौं, पोस्ट बक्स नं. २४९९९, फोन : ४११२३२७, फ्याक्स : ४४८२१९९, E-mail : annapurna@amn.com.np, द.नं. १३५/०५८/०५९, म.क्षे.हु.द.नं. ०६९/०७०, अध्यक्ष : **क्याप्टेन रामेश्वर थापा**, प्रधान सम्पादक : **बालकृष्ण बस्नेत**